

हिन्दु धर्मका तात्त्विक विशेषता
सनातन धर्मः संक्षिप्त विवेचना

३४·५०१
१६५ हि

वेदराज पन्त

हिन्दु धर्मका तात्त्विक विशेषता
वैदिक
सनातन धर्मः संक्षिप्त विवेचना

प्रस्तोता

वेदराज पन्त

प्रकाशकः सबिता प्रकाशन
उदिपुर- ६ लमजुङ

प्रतिः दुई हजार

मितिः २०६० साल फागुन ७ गते

कम्प्युटरः यादब देवकोटा

चित्रहरूः सूर्य- गीता प्रेसको प्रकाशनबाट साभार
देवीः पेपरमिलको क्यालेण्डरबाट साभार
व्रह्मा, विष्णु, महेश, सुतजी र ऋषिहरू
अन्य देवदेवता, शंख, घण्ट लगायत
विविध स्रोतबाट साभार

मुद्रण : अन्तर्राष्ट्रिय मञ्च छापाखाना प्रा.लि., फोन नं. ४२२०७१३, २५४१९५, काठमाडौं ।

मूल्य रु.:

मूल्य रु. ६५/-
वितरकः- अन्तर्राष्ट्रिय मञ्च
ACC NO
15034
काठमाण्डौ, नेपाल
298.709
प 952 हि


श्री गणेशाय नमः


समर्पण

हिन्दु सनातन धर्मावलम्बीहरु
गौरीशंकरको महिमा गाउँछन्,
लक्ष्मीनारायणको भजन गर्छन्,
सीतारामको कीर्तनमा आनन्द विभोर हुन्छन्
राधाकृष्णको भक्तिमा समर्पित भएर
प्रकृतिपुरुषको चर्चा गर्छन ।
मातृशक्तिलाई सृष्टिको आधार मानेर
क्षुधातृषार्था जननी स्मरन्ति यही प्रार्थना गर्छन् ।
यो ग्रन्थको आधार पनि सकल शब्द कै अधिष्ठात्री वाग्देवी नै हुन् ।
पराप्रकृति, अपराप्रकृतिको चर्चा शास्त्रले गर्छ ।
शास्त्रका भरमा चल्नेहरु मातृशक्ति प्रति समर्पित हुन्छन् ।
तीनै अष्टमातृशक्तिकी प्रतीक
श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी देवी शाहका
जुनाफमा यो ग्रन्थ समर्पण गर्दछु ।

भिक्षुक
वेदराज पन्त
सदस्य- राजपरिषद




श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकार



श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी देवी शाह सरकार

विषय सूची

विषय	पृष्ठ नं.
✡ हिन्दुधर्म	१
✡ हिन्दु धर्मका केही आधारभूत विशेपताहरु	७
✡ हिन्दु वर्णव्यवस्था, यज्ञ-यज्ञादि, अवतार, मूर्तिपूजा र जीवनपद्धति	१५
✡ भोग विलास, उत्तेजना, हिंसा र युद्धोन्मादवाट वच्ने मानसिकता	२४
✡ यज्ञ, यज्ञादि र पर्यावरणको अन्तर सम्वन्ध	३०
✡ अध्यात्मवादीहरुका लागि उपभोक्तावादी जीवनशैली अस्वीकार्य	३८
✡ सन्यास आश्रमको अभिप्राय व्रह्मलीन हुनु नै हो	४७
✡ हिन्दुका तात्त्विक विशेषता: व्रह्मअंक र वह्मअक्षर	५६
✡ ॐकार	६३
✡ कहिल्यै नास नहुनु नै सनातन हो	७०



यस ग्रन्थभित्र बाह्र सूर्यहरु:
धाता, अर्यमा, मित्र, वरुण, इन्द्र,
विवस्वान्, पूषा, पर्जन्य, अंशुमान,
भग, त्वष्टा, विष्णुका
चित्रहरु संग्रहित छन् ।



हिन्दुधर्म

धर्म निरपेक्ष राष्ट्रको नारा उरालेर राजालाई हिन्दु धर्म त्याग्न समेत धम्की दिदैं केही दिन अगाडि भएका गोष्ठीहरुमा धार्मिक विद्वेषको कोहोलो मच्चियो । त्यसपछि हिन्दु धर्मावलम्बीहरुमा पनि एकप्रकारको भावनात्मक उद्वेग देखियो । २०४६ सालपछि राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा घुसेका विकास, विकृति र विसंगतिले मुलुक थिलथिलिएको छ । यही समयावधिमा धार्मिक सहिष्णुता पनि प्रभावित भएको छ । जातीय विद्वेष, क्षेत्रीय साम्प्रदायिकता तथा जनजाति र पशुजातिका भेदविभेदले उठाएका प्रसंग निकै चर्का छन् । यसमा समय समयमा स्थापित भएका अस्थिर सरकारका मन्त्री र तत्कालीन सांसद्हरु पनि सस्तो लोकप्रियताको निमित्त तुष्टिकरणको नीति अनुशरण गर्दै धर्मनिरपेक्षको नाममा विभिन्न मञ्चमा कुर्लन पछि परेनन् । आन्दोलनरत पाँच दलले समेत धर्म निरपेक्ष नारालाई मुद्दा नै बनाए । स्थानीय विकास मन्त्रालयले समेत यस्तै भूमिका विगतमा खेल्यो । २०५५ सालमा यस विषयमा चर्केको वादविवाद र हिन्दु वर्णाश्रम धर्म सम्बन्धी क्रिया प्रतिक्रियालाई अध्ययन गर्दै त्यही वर्षको चैत्रमा लेखिएको यो लेखमाला अहिले सान्दर्भिक हुन आएको छ । धर्म निरपेक्ष राष्ट्रको नारा उरालिएको छ । पाँच दलले आन्दोलनको राजनीतिक

मुद्दा बनाएर यसैलाई चर्काउने काम गर्न लागेको यो अवस्थामा हिन्दु धर्मका तात्त्विक विशेषताबारे प्रकाश पार्ने यो लेखमालाको उद्देश्य हो । जो यसप्रकार सुरु हुन्छः-

'परम्परागत हिन्दु वर्ण व्यवस्था अन्तर्गतका ४ वर्णभित्र नपर्ने' भनी ६१ थर विशेषलाई हिन्दु धर्म, संस्कृति र सभ्यताको स्रोत केन्द्रबाट अलग्याएर 'जनजाति' को विशेषण दिएपछि स्थानीय विकास मन्त्रालयको राष्ट्रिय समुदायहरुको विकाससम्बन्धी राष्ट्रिय समितिले ठूलै पगरी गुथेको छ । प्राज्ञ मदनमणि दीक्षितका विचारमा उक्त समितिको यो प्रचारवाजी अंग्रेजी भाषाभाषीलाई झुक्याउने फट्याइ हो । प्रकाश ए. राजको विहंगम दृष्टिमा यो गर्हित खेल हो । उहाँहरुको यो लेख र यस्तै डा. गोविन्द टण्डनको भनाइमा मुलुक बलात् टुक्र्याउने यो विदेशी षडयन्त्र हो । डा. टण्डन र प्राज्ञ दीक्षित तथा पाण्डेका यस सम्बन्धी लेखहरु २०५५ सालका समाचारपत्र-पत्रिकामा तत्काल प्रकाशित भएका थिए । स्थानीय विकास मन्त्रालयको राष्ट्रद्रोही कार्यको रुपमा यो घटनालाई इंगित गरिएको यही पंक्तिकारको लेख पनि सोही वर्ष जनसत्तामा छापिएको छ । सम्पादकीय विचार र अन्य लेखकहरुका विचार पनि विभिन्न प्रकाशनमा प्रकाशित भएका छन् । यसै प्रसंगलाई जातीय समस्याका रुपमा भड्काउनेहरु क्रियाशील भएकै छन् । कुत्सित राजनीतिक स्वार्थ पूरा गर्न वा भोट बैंकका रुपमा उपयोग गर्न जातीय बखेडा उपयोग गर्ने एकथरी छन् भने अर्काथरी विदेशीलाई खुशी पारेर डलर र स्टरलिङ पौण्डको खेती गर्न पनि हिन्दु धर्म संस्कृति र वर्णव्यवस्थाको विरुद्ध अनर्गल प्रलाप गर्छन् । भनिन्छ हिन्दु वर्ण व्यवस्था विरुद्ध फुट ल्याउने यो प्रयत्नको पछाडि जे षडयन्त्र ज-जसले गरेका भए पनि हिन्दुत्वको तात्त्विक लक्षण के हुन् त ?

हिन्दु जगतका बारेमा विश्वका जानेमानेका धर्मप्रति विशेष अभिरुचि लिनेहरु के भन्छन् ? के साँच्चि नै हिन्दु जगत त्यत्ति नै आलोच्य छ जति यसका विरोधीहरुले भन्ने गर्छन् । अहिले यी प्रश्नहरु उठेका छन् । त्यसको संक्षिप्त उत्तर सहित थप जानकारी यसप्रकार दिन सकिन्छ ।

विकासशील विधि व्यवस्था नै हिन्दुत्वको तात्त्विक लक्षण मानिएको

छ । अनादिकालदेखि मानव जीवनको आध्यात्मिक, सामाजिक, भौतिक, सांस्कृतिक र निचोडमा वैयक्तिक जीवनमा उत्तरोत्तर प्रगतिको प्रेरणा दिनु नै यसको विकासशील तात्त्विक लक्षण मानिन्छ । यो धर्म, संस्कृति भारतीय उपमहाद्विपमा बस्ने सवै जनसमुदायले जीवन पद्धतिको रुपमा पूर्णतया अपनाएको र उनीहरुसंग सम्वन्ध रहेको जीवन शैलीको एउटा आदर्श धर्म हो । यसले सार्वभौम मूल्यहरू र तथ्यहरुलाई ग्रहण गरेको हुनाले यो मानव धर्मका रुपमा स्वीकृत धर्म हो । यसलाई मानव धर्म, सनातन धर्म, हिन्दु धर्म र यस्तै विशेषणहरु दिदैं गएर प्राच्य धर्मका रुपमा पनि विश्वमा आदर गरिन्छ । यो धर्मको साधना र विकास निमित्त प्रेरक रहेका र स्रोत केन्द्रका रुपमा विकसित भएको हिमवत्खण्ड खास गरी यो नेपालभूमिमै अहिले यसमाथि बढी प्रहार यसै धर्मका सन्ततीहरुले नै सुरु गरेका छन् । यो धर्मलाई कुनै भूगोल, जातजाति र मान्यताहरुको सीमामा आबद्ध गरेर यसलाई संकुचन गर्ने चेष्टा सुरु भएको छ, जो ठीक होइन ।

यो धर्म व्यापक छ । सनातन छ । सार्वभौम छ । मानव मात्रको कल्याणको कामना गर्छ । 'वसुवैध कुटुम्बकम्' यो यसको आदर्श हो । विश्वास हो । प्रेरणाको स्रोत हो । यो धर्मको जन्म कुनै निश्चित कालखण्डमा भएको छैन । विशेष व्यवस्थामा यो धर्मले जन्म लिएको होइन । यसको आरम्भ सृष्टिको सुरुआतसंग ईश्वरीय सत्तासंग आवद्ध छ । 'तमसोमा ज्योतिर्गमय' को भावना उद्घोष गर्ने यो धर्म मनुष्य जीवनलाई उन्नत, उत्कृष्ट एवं सर्वश्रेष्ठ बनाउने प्रेरणा प्रदान गर्छ । यसको मर्यादा व्यापक छ । मान्यताहरु अतिशय उदार छन् । यी कथनहरु सुविख्यात पाश्चात्य विद्वान् रोम्या रोलाँका हुन् । उनले भनेका छन्- मैले युरोप र एसियाका सबै धर्महरुको गहिरो अध्ययन गरेको छु । परन्तु मलाई सबै धर्ममा हिन्दु धर्म नै सर्वश्रेष्ठ धर्म हो भन्ने लाग्छ । मेरो रगतमा युरोपियन सभ्यता छ । तर म युरोप लगायत यावत् पाश्चात्य धर्मावलम्बीहरुलाई यो बताउनु उचित सम्झन्छु- हिन्दु धर्म नै सर्वश्रेष्ठ देखिन्छ । यस धर्मको अतुल गहिराइ र व्यापकताका अगाडि अरु धर्म

निश्चय नै सर्वश्रेष्ठ कोटीमा उत्रन सक्दैनन् ।

आध्यात्मिक आस्था र मान्यताहरु नै हिन्दुधर्मको आत्मा हो । आध्यात्म नै एक मात्र सत्य हो । हिन्दु धर्म यही भन्छ । यसरी आध्यात्मिक मान्यताहरुले अन्य भौतिकवादी मान्यताको अपेक्षा अधिक महत्व हिन्दु धर्ममा मात्र पाएको छ । यसको आधार जीवनको अनादि एवं अटल सिद्धान्त हो । अतः यो धर्मले पलपलमा भन्छ- मनुष्यले आफ्नो चेतना, बुद्धि एवं प्रतिभाको उपयोग उच्चस्तर, निस्सिम आत्म अस्तित्व र अनन्त आनन्दको उपलब्धि हेतु गर्न सक्नुपर्छ । संसार कर्म क्षेत्र हो । 'उत्तिष्ठत जाग्रत जरान्निबोधत' अतः यो संसारमा श्रेय र प्रेय दुईवटा मार्ग छन् । प्रेयलाई त्यागेर श्रेयको प्राप्तिमा प्रयत्न गर्नु हिन्दु धर्मको मर्म हो । यसले अन्य सवै पक्षलाई गौण महत्व दिन्छ । अध्यात्म नै यसको मूलमा अवस्थित छ । संसारका सारा ज्ञान र विद्या हिन्दु धर्ममा अज्ञान र अविद्याकै कोटीमा राखिन्छन् । अध्यात्म विद्या र आत्म ज्ञान नै यो धर्मको मूल हो । 'अध्यात्मविद्या विद्यानां वाद : प्रवदतामहम्' । भगवतगीतामा श्रीकृष्णको उद्‌गार हो यो ।

विश्वको एकता मात्र हैन, ब्रह्माण्डमै अद्वैत भावना यसको अर्को विशेषता छ । हिन्दुत्व सम्पूर्ण ब्रह्माण्डको आध्यात्मिक एकतामा विश्वास गर्छ । यो आध्यात्मिक एकताको प्रयोग मानव जीवनमा समय समयमा हुँदै आएको छ । मानव जीवनलाई अरु व्यापक बनाउने र महान बनाउने चाहना नै हिन्दु धर्मको चाहना हो ।

यो आकाश र प्राण पनि स्वतन्त्र सत्ता होइन । यी दुइटै 'महत्' तत्त्वबाट प्रष्फुटित भएर आएका छन् । यो 'महत्' तत्त्व सर्वव्यापक चैतन्य तत्त्वमा समाहित छ । यही 'सर्वोच्च तादाम्य' हो । मनुष्यमा अपूर्णता छ । अज्ञान छ, अन्धकार छ, यसैले असन्तोष पनि छ । तर, हिन्दुत्व मनुष्यको यो अपूर्णताबाट, संकीर्णता एवं अज्ञानबाट माथि उठेर पूर्णता प्राप्त गर्ने प्रयास गरिरहन्छ । त्यसैको लागि हिन्दु धर्मको सन्देश छ, "असतोमा सद्‌गमय । तमसोमा ज्योतिर्गमय । मृत्योर्मा अमृतंगमय ।' हिन्दुत्वका यस्तै गुणहरुका कारण रोम्या रोलाँले युरोपमा घोषणा गरे, "मेरो विश्वास छ एकदिन यो सनातन धर्म हिन्दुधर्मकों सामने समस्त विश्वले शिर झुकाउने छ ।"

रोम्या रोलाँले मात्र यो धर्मकाप्रति विशेष प्रभावित भएर यस्ता उद्घोषणा गरेका छैनन्। अरु पनि थुप्रै पाश्चात्य विद्वानहरुले यस्तै उद्घोष गरेका छन्। काउण्ट जोन्स जेनीले स्वीकार गरेका छन्, "हिन्दु धर्म, संस्कृति र सभ्यताभित्र हिन्दुहरु मात्र अटाएका छैनन्। त्यहाँ त संसार नै छ। सम्पूर्ण सभ्यता र संस्कृतिको आदि भण्डार नै त्यहीं छ।"

जीवनको उद्देश्य के हो त ? यसको उत्तर हिन्दु धर्ममा पाइन्छ। यसको उत्तर हो 'मोक्ष'। जीवनको उद्देश्य नै मोक्ष हो। हिन्दुत्वको यही मान्यता छ। मानव जीवनको उद्देश्य र जन्म मरणको वन्धनबाट मुक्ति। सांसारिकताबाट मोक्ष। असीमित अनन्तको ज्ञान। प्रकाशमा समाहित भएर अरु सीमा र बन्धन वा अन्त्यबाट मुक्ति लिनु नै हिन्दुधर्मको मूल मान्यता हो। यसका लागि मोक्ष नै मानव जीवनको परम पुरुषार्थ हो। जीवनको सर्वोच्च लक्ष्य यही हो। यस्तो मुक्ति र मोक्षको प्राप्ति नै मानव जीवनको परम पुरुषार्थ मानिन्छ। यही जीवनमा, यही धरतीमा मानवीय शरीरले नै त्यो परम पुरुषार्थ गर्न सक्नुपर्छ। जीवनका कार्यपद्धतिमा मूर्त रुप दिन सक्नुपर्छ। हिन्दु धर्मले समस्त कर्महरुमा ईश्वरोन्मुख बनाएर उसलाई पवित्र पार्छ। लक्ष्य संधान गर्न साधनका रुपमा जीवनलाई प्रेरित गर्छ।

मानव जीवनमा संयम सन्तोष र आत्म नियन्त्रण गरेर नै सच्चा आनन्द उपलब्ध हुनसक्छ। अन्तर्मुखी एवं स्थितप्रज्ञ भएर मनुष्य परमानन्दलाई उपलब्ध गर्छ। 'आत्म वश्यैर्विधेयात्मा प्रसादमधि गच्छति' अतः हिन्दुधर्ममा विश्वको एकता एवं आत्मा परमात्माको मिलनको स्वर नै सबभन्दा चर्को छ। यसैकारण विक्टर कोसिन लेख्नुहुन्छ- 'जब हामी पूर्व शिरोमणि प्राच्य संसारको साहित्य एवं दार्शनिक कृतिहरु अवलोकन गर्छौं तब हामी यस्तो गम्भीर सत्यको पत्तो लगाउँछौ, जुन निष्कर्षहरुको तुलना गर्दा त्यहाँ पुग्न सक्ने युरोपियन प्रतिभा नै भेटिदैंन। त्यो त उहिल्यै अलमलिएको छ। रोकिएको छ। हामी सबै युरोपियन पूर्वको तत्त्वज्ञानको अगाडि घुडा टेक्न विवश नै हुन्छौं।

वादहरुमा कर्मवादको सिद्धान्त हिन्दुत्वको मेरुदण्ड हो। कर्मको

तात्पर्य हो- जो गरिन्छ क्रिया त्यसैको परम्परा र नियम नै उसका पछाडि देखापर्दछन् । जे रोप्यो त्यै फल्छ । यही नै कर्मवाद हो । विनाकारण कुनै कार्य हुनैसक्दैन । अरस्तुले पनि यै भने अर्थात् अकारण क्यै हुँदैन । मनुष्यका पुराना विचारले जब साकार रुप लिन्छन् तिनैले कर्मको संज्ञा पाउँछन् । प्रत्येक कर्मको वर्तमान, भूत र भविष्य ३ अवस्था हुन्छ । मनुष्य आफ्नो कृत कर्मकै अनुसार फल पाउँछ । इच्छा अनुसार मनुष्यका विचार बन्छन्, विचारका अनुसार कर्म हुन्छन् । त्यही कर्मका फल लाग्छन् । त्यै फल मानिसले भोग्छ । कर्म फलमा आसक्त व्यक्ति जस्तो कर्म गर्छ त्यस्तै शुभ वा अशुभ फल उसले भोग्छ । यस प्रकारको कर्मवादमा हिन्दु धर्मको दृढ विश्वास छ । कर्मको सिद्धान्त नित्यकर्म एवं नैमित्यिक कर्मतिर प्रेरित गर्नु र निषिद्ध कर्मलाई रोक्नु नै हो । यसैले कर्मवादको सिद्धान्त हिन्दुत्वको आत्मा हो ।

समस्त वैदिक साहित्य वेद वेदांग उपनिषद यस्तै सिद्धान्तमा प्रतिपादित भएर निषिद्ध कर्म, नित्यकर्म, नैमित्यिक कर्मकै वरपर विचरण गर्छन् । कर्मयोग, भक्तियोग र ज्ञानयोगको प्रणेता भगवान कृष्णले भगवद् गीतामा यो त्रिवेणीको राम्रो व्याख्यान गर्नुभएको छ । त्यहाँ कर्म विकर्म अकर्मका स्वरुपको वर्णन छ । फलको इच्छा राखेर शुद्ध भावनापूर्वक जो विधिसम्मत बढिया कर्म गरिन्छ त्यसको नाम 'कर्म' हुन्छ । फलको इच्छा लिई खराब नियतले जो यज्ञ, तप, दान, सेवा आदि गरिन्छ, विधेय कर्म नै हो तापनि तमोगुण प्रधान हुनाले 'विकर्म' हुन्छ । फलमा इच्छा नराखी ईश्वरार्पण बुद्धिले आफ्नु कर्तव्य सम्भेर जे कर्म हुन्छ, यो 'अकर्म' हुन्छ ।

गीताका अनुसार 'कर्म', 'विकर्म' र 'अकर्म' को विशद व्याख्या भएको छ । **'स्वधर्मे निधनं श्रेय परधर्मोभयावह'** यो उक्ति गीताकै हो । आत्मा अमर छ । पूर्वजन्म र पुनर्जन्मका पृष्ठभूमिमा जन्म जन्मान्तर अनेक चक्रव्यूह छन् । हिन्दु सनातन धर्मका मूल यिनै हुन् ।

✧ ✧ ✧



हिन्दु धर्मका केही आधारभूत विशेषताहरू

हिन्दु वर्णाश्रम धर्मले स्वीकारेको पुनर्जन्मकै सिद्धान्तले पनि यो धर्मको व्यापकताको बोध हुन्छ । सनातनी हिन्दुधर्मका दृष्टिमा त्यसै भएर सबै स्थावर जंगम प्राणी विशेष चौरासी लाख समस्त योनी समान छन् । श्रीमद्भगवद् गीतामा श्रीकृष्णका मुखारविन्दबाट उदघोष भएको छ-

गाई, हात्ती र चाण्डाल
कुत्ता सर्वज्ञ बाहुन,
ज्ञानीका दृष्टिमा एकै
ठहर्छन् बुझ अर्जुन ।

हिन्दु धर्म एवं हिन्दु संस्कृति पुनर्जन्ममा पूर्णतया विश्वास गर्छ । कर्मकै अनुसार छायाँ शरीरले अर्को जन्म लिन्छ । आफूले गरेका कर्मकै फल भोग्नका लागि जीव जन्म-मरणको चक्करमा घरिघरि परिरहन्छ । 'पुनरपि जननं पुनरपि मरणं पुनरपि जननी जठरे शयनम्' यो कठोर सत्यको अभिव्यक्ति हो । पुनर्जन्मको कारण कर्माशय हो । पतञ्जलि भन्छन्- अविद्या आदि क्लेशहरुकै कर्माशयकै परिणाम जन्म, आयु र भोग हुन्छ ।

क्लेशका जराबाट कर्माशयको बिरुवा बढेर वृक्ष हुन्छ । यो वृक्षमा तीनवटा फल लाग्छन् । जाति यौटा फल विशेषकै नाम हो । उसको आयु अर्को फल हो । त्यसले भोग गर्नैपर्ने अर्को फलकै नाम भोग हो । यसैबाट अनेक संस्कार उत्पन्न हुन्छन् । प्रमुख संस्कारका नाम दुईटा छन् । ती हुन्- प्रधान संस्कार र उपसर्जन संस्कार । दुर्बल संस्कारलाई नै उपसर्जन संस्कार भनिन्छ । प्रबल संस्कारलाई प्रधान संस्कार भनिन्छ । देहावसानको समय शरीर त्याग गर्न पर्ने अवस्था मृत्युकालमा प्रधान संस्कार वेगपूर्वक बलबति भएर जाग्दछ । आफ्ना पूर्वजन्मका सबै अन्तरकुन्तरमा रहेका संस्कारलाई पनि झकझक्याएर ब्युँताउँछ । यिनै संस्कारहरूका अनुसार अर्को जन्ममा देवता, मानिस, पशु-पंक्षी, किरा-फट्यांग्रामध्ये एक भएर जन्मन्छ । यो नै जाति विशेषको पयार्यवाची हो । अरु जात जाति जन्मले होइन, कर्मले हुन्छ । तत्त्वबोध गरेका हिन्दु धर्मावलम्वीहरुले स्थुल शरीरमा पाँच प्रकारका कोषको उल्लेख गर्छन् । ती कोष हुन्- (१) अन्नमय कोष, (२) प्राणमय कोष, (३) मनोमय कोष, (४) विज्ञानमय कोष, (५) आनन्दमय कोष । यी कोषलाई चराको रुपमा पनि यसरी व्याख्या गरिन्छ-

अन्नमय कोषको चराको ठुड वा चुच्चो शीर हो भने दाहिने हातलाई दाहिने पखेटा र देब्रे हात देब्रे पखेटा मानिएको छ । पेट पेटै भयो । गोडा पुच्छर हो । अन्नमय कोषको चरो यस्तै छ ।

प्राणमय कोषको प्राण शीर मानिएको छ । व्यान दाहिने पखेटा र अपान देब्रे पखेटा हुन् । समान पेट हो र उदान पुच्छर । प्राणमय कोषको चरो यस्तै छ ।

मनोमय कोषको शीरलाई यजुर्वेद भनिएको छ । ऋगवेद दाहिने पखेटा हुन्छ । सामवेद देब्रे पखेटा मानिएको छ । ब्राह्मण भाग पेट हो । पुच्छरलाई अथर्ववेद भनिएको छ । मनोमय कोषको चरो यस्तै छ ।

विज्ञानमय कोषको टाउको विश्वास हो । गुरु र वेदान्तको विश्वास यसको शीर हो । कर्मकाण्डमा ऋतंभरा मति हुनु नै दाहिने पखेटा मानिएको छ । कर्ममा श्रद्धा उत्पन्न गर्ने बायाँ पखेटा हुन्छ । कर्मलाई भन्दा वेदान्तलाई श्रेष्ठ मान्ने पेट हुन्छ । सबै ब्राह्मण हिरण्य गर्भैमा जोडेर ब्रह्मको स्मरण

गर्ने पुच्छर हो । विज्ञानमय कोषको चरोको यस्तै वर्णन छ ।

आनन्दमय कोषको चराको शीर प्यारो वस्तुलाई भनिन्छ । मोद दाहिने र प्रमोद देब्रे पखेटा हो । ३ भागमा अनुगत भएर रहने पेट हो । सबै ब्रह्म हो भनेर मान्ने पुच्छर हुन्छ । आनन्दमय कोषको चराको यस्तै चर्चा छ ।

यस्ता पाँच प्रकारका चरा आनन्द, विज्ञान, मन, प्राण र अन्नको स्थुल शरीरमा बसोवास छ । यो चरो भुर्र उडेपछि मानिस मऱ्यो भनिन्छ । अन्नमय स्थूल शरीरले आत्मा नै आफैंलाई ठानेर आत्मा मै हुँ भन्दै उड्यो वा मऱ्यो भने त्यो पुनर्जन्म लिंदा अन्नादिले भरिपूर्ण कुलमा वा स्थानमा जन्म लिन्छ ।

यसरी नै प्राण नै म हुँ भनेर जुन चरोले स्थुल शरीरवाट भुर्र उडेर जान्छ अर्थात् मरेछ भने त्यो भीमकाय भीमसेन सरह वलवान भएर अर्को जुनी लिन्छ ।

मन नै मै हुँ भनेर मृत्युवरण गर्ने अथवा यो स्थुल शरीर छोड्नेले मनले चिताएको जे छ त्यही पाउँछ । बुद्धि मै हुँ भनेर मरेछ भने बुद्धिमानी अर्थात् बौद्धिक शक्ति लिएर जन्मन्छ । आनन्द मै हुँ भनेर जो मरेको छ- त्यो सबै कुराले परिपूर्ण भएर जन्मन्छ । जीवनमुक्त हुन पञ्चकोषको कुनै पनि कोष आफू होइन भनेर तत्ववोध गरेर उडेको वा मरेको मात्र जीवनमुक्त हुन्छ । पुनर्जन्म हुँदैन ।

यसरी हिन्दु धर्म परलोक, पुनर्जन्म र आत्माको अमरतामा विश्वास गर्ने धर्म हो । **'न काट्छ शस्त्र यसलाई, न आगोले डढाउँछ, न सुकाउँछ हावाले, न पानीले भिजाउँछ ।'** अहिले विश्वका वैज्ञानिक एवं दार्शनिकहरु नै यही तत्वको अध्ययन गर्नमा व्यस्त छन्, जुन तथ्यलाई हिन्दु सनातन धर्मीहरुले हजारौं वर्षअघि नै उद्घाटित गरिसकेका थिए । हिन्दु संस्कृतिको भण्डार जति भरिपूर्ण छ, त्यति अरु कुनै धर्म र संस्कृतिको छैन । योसंग ८ हजार वर्ष पुरानो ऋगवेद छ । संस्कृत वाङ्मयमा अनेक विधामा असंख्य कृति लेखिएका छन् । दर्शनशास्त्रका चाङ छन् । यसै भएर म्याक्समूलरले आफ्नो निष्कर्ष दिंदा यस्तो अभिव्यक्ति प्रकट गरेका छन्-

'मनुष्यको मस्तिष्कमा सर्वप्रथम ठूलठूला सिद्धान्त, दर्शन र त्यस्तै

ठूला युक्तिसंगत, तथ्यपरक खोज गर्ने र जीवन-जगतको अद्योपान्त रहस्य पत्ता लगाउने काम सर्वप्रथम भारतीय उपमहाद्वीपमा बसोवास गर्ने सनातनी हिन्दुहरुले गरे र आकाशका मुनि सर्वाङ्ग नांगै बसेर कहाँका मानिसले आफ्नो सर्वोत्तम गुणको मुख्य मुख्य पक्षको विकास गऱ्यो त भनेर मलाई कसैले सोध्दछ भने म निर्धक्कसंग भन्छु- भारतीय उपमहाद्वीपका निवासी हिन्दु धर्मावलम्बीहरुले नै जीवनका महत्वपूर्ण समस्याहरुको अतुल गहिराईमा डुबुल्की लगाएर सोचविचार गरेका छन् । यस्ता यस्ता अद्भूत रहस्य पत्ता लगाएका छन् । अनेक तथ्यसंग साक्षात्कार गरेका छन् । हामी युरोपियनहरुले कुन संस्कृतिको आश्रय लिएर त्यो सर्वाधिक महत्वपूर्ण सुधारक वस्तु प्राप्त गर्न सक्छौं, जसको हामीलाई आफ्नो वर्तमान जीवनमा, बदलिंदै गएको जीवनमा र अनन्त जीवनका लागि आवश्यकता छ भनेर मसंग सोधिन्छ भने मेरो जवाफ हुनेछ- म उतैतिर संकेत गर्नेछु । त्यो हो हिन्दु सनातन धर्मको उत्पत्ति स्थल भारतीय उपमहाद्वीप र सनातन हिन्दु संस्कृति तथा जीवनशैली ।

यसरी पश्चिमका दार्शनिक तथा विद्वान्हरुले हिन्दु वर्णाश्रम धर्म, संस्कृति, सभ्यता र जीवनशैलीका बारेमा आ-आफ्ना उद्गार समय-समयमा व्यक्त गरेको पाइएको छ । तर, नेपालमा हिन्दु वर्णाश्रम धर्मविरुद्ध राज्यस्तरमै कार्यरत सरकारी निकायमै षड्यन्त्रमूलक क्रियाकलापद्वारा यसलाई छिन्नभिन्न पार्ने र तुच्छ र हेय दृष्टिले उपेक्षा गर्ने कोसिस हुन थालेको छ । परम्परागत वर्णव्यवस्थाभित्र पर्ने, नपर्ने थरविशेषको वर्गीकरण भएको छ । जनजाति र राजजातिमा थर विशेषहरुलाई विभाजित गरिएको छ । वर्णव्यवस्थाका बारेमा जे-जति प्रचार भएका छन्, ती कपोलकल्पित र मनगढन्त हुन् । वर्णव्यवस्थाको वास्तविक तात्पर्य नै नबुझी हचुवा ढंगले आलोचना गरेर ब्राह्मणवादको नाममा उछित्तो काढ्नुपर्छ भन्ने मनस्थिति अहिले उत्तेजक रुपमा प्रदर्शित भएको छ । त्यसैको एउटा स्वरुप स्थानीय विकास मन्त्रालयको राष्ट्रिय समुदायहरुको विकाससम्बन्धी राष्ट्रिय समितिको विज्ञापन वा विज्ञप्ति हो ।

हिन्दु सनातन धर्म संस्कृतिमा वर्णव्यवस्थाको विधान अत्यन्त तात्त्विक

एवं मनोवैज्ञानिक आधारमा गरिएको पाइन्छ। मानिसको शरीरका चार प्रधानअंगलाई आधार मानेर वर्णव्यवस्थाको परिकल्पना गरिएको प्रष्टै छ। जसरी मानव शरीरका चार अंग प्रधानअंगका रुपमा क्रियाशील छन् त्यसरी नै विश्वरुपी विराट् नरका पनि चारै अंग प्रधान छन्। ब्राह्मण मुख हो, क्षेत्री भुजा हो, वैश्य पेट हो, शुद्र खुट्टा हो। यस्तै प्रकारले समाजको सेवा एवं भरणपोषण र रक्षाप्रवन्ध तथा ज्ञानप्राप्तिका कर्म र दायित्वको विभाजन जुनसुकै अवस्थामा पनि गर्नैपर्छ। यसको अर्थ गर्दा कुतर्क गरेर जात-जाति लडाउने, भाडभैलो मच्चाउने र कलभगडा उत्पन्न गर्ने धृष्टता गरे पनि आखिर कुनै न कुनै व्यवस्था यसै अनुरुप मिल्दोजुल्दो रुपमा गर्नैपर्ने हुन्छ। त्यहाँ ज्ञानका कुरा गर्नेहरु पनि हुन्छन्, ती मुख नै हुन्छन्। सुरक्षा प्रवन्ध गर्ने पनि हुन्छन्, ती हातै हुन्छन्। त्यहाँ उत्पादन गर्ने र परिश्रम गर्ने पनि हुन्छन्, ती पेटै हुन्छन्। ती सबैलाई श्रमद्धारा शक्ति प्रदान गर्ने पनि हुन्छन्। ती खुट्टा नै हुन्छन्। अब हिन्दु वर्णव्यवस्थाले के बिगारेको रहेछ त ? यौटा पनि अवैज्ञानिक वा अव्यावहारिक पक्ष जहाँ छँदैछैन। त्यसैका विरुद्ध खनिनुपर्ने रहस्य के हो ? यो हिन्दुधर्मका विरुद्ध जातीय र धार्मिक विद्वेष फैलाउने कुचेष्टा नभए अरु के हो भन्ने त ?

ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रका अधिपति देवतामा मुखबाट निस्कने वचनका अर्थात् ब्राह्मणका देवता अग्नि हुन्। हात अर्थात् क्षेत्रीका देवता इन्द्र हुन्। खुट्टा अर्थात् वैश्यका देवता विष्णु हुन्। मलद्वारका देवतालाई यमराज भनिएको छ। जननेन्द्रीयका देवता ब्रह्मा हुन्।

अग्नि प्रज्वलित भएपछि अँध्यारो हराउँछ। जसरी अग्निले प्रकाश दिन्छ, त्यसरी नै मुखबाट निस्केका शब्दले पनि अन्धकारमा रहेको वस्तु दर्शाउँछ। ब्राह्मणोस्य मुखमासिदको तात्त्विक अर्थ यही हो। वचनले गर्ने काम वा दिने ज्ञान र गराउने तत्त्वबोधका कारण मुखमा अग्नि अर्थात् तेज छ। त्यसैले मुख़मा अमृत छ। यो बुझाउने आगो हो। यसकारण वचनका देवता अग्नि हुन्।

इन्द्रले स्वर्ग, मर्त्य, पाताल तीनै लोकको रक्षा गरेजस्तै दुई हातले शीरदेखि पाउसम्म सम्पूर्ण शरीरको रक्षा गर्छ। यसकारण हातका देवता

इन्द्र हुन् र बाहुराजन्यको तात्त्विक अर्थ यही हो । यसको विस्तृत व्याख्या भएको छ। हातका देवता इन्द्र हुन् । हातले गर्ने कामको बेलिविस्तार लगाएरै सकिन्न । दुईटा हातले अनेक सीपमूलक काम गर्छ । जीवन बचाउँछ । यसैले हातको प्रार्थना यसरी गरिएको छ-

कराग्रे वसते लक्ष्मी करमध्ये सरस्वती
करमूले स्थितो ब्रह्मा प्रभाते करदर्शनम् ।

अर्थ स्पष्टै छ । हात नै इन्द्र हुन् । यसैले क्षत्री वा बाहुराजन्य भनिएको हो ।

विष्णु-पाउ अर्थात् गोडाका देवता हुन् । विष्णुले ब्रह्माण्ड धारणा गरेजस्तै खुट्टाले यो देहरुपी ब्रह्माण्ड धारण गर्छ । त्यसैले पद्भ्या गुं शुद्रो अजायतको तात्त्विक अर्थ छ । सम्पूर्ण देहरुपी ब्रह्माण्ड धानेर जीवन गतिशील बनाउने पाउमा साष्टांग दण्डवत् गर्ने अर्थात् ढोग्ने हिन्दु धर्मावलम्बीको चलनमा यही रहस्य लुकेको छ । शुद्रो अजायतको अर्थ शुद्रलाई अछुत भनेको होइन, होच्याएको होइन । जसरी पाउको सम्मान गरेर ढोगिन्छ, त्यसरी नै यो अंगको विशेष महत्व दर्शिन्छ । यसरी नै विराट रुपको रौंपर्यन्तको तात्त्विक महत्व र रहस्य छ ।

हिन्दु वर्णव्यवस्थाको अर्को पक्षमा आउँछ मूर्तिपूजा । त्यसै भएर हिन्दु अधिराज्यमा बसोवास गर्ने सनातनी हिन्दुहरुले जतातते मूर्ति स्थापना गर्न मन्दिरै मन्दिर बनाए । ती मन्दिर वरपरको वातावरण स्वच्छ राखे । सुन्दर बनाए । प्रकृतिले स्वयं सिंगारेका स्थानहरुमा कत्ति पनि नखलबल्याई यथावत सुरक्षा दिए । जतातते मन्दिरै मन्दिर र पाइलैपिच्छे मूर्ति स्थापना गरेर मात्र सन्तुष्ट नभएर सनातनी हिन्दुहरुका घरघरमा पाञ्चायन देवताको मूर्ति बनाएर प्रतिदिन पूजा गर्ने प्रचलन पनि चल्यो । हिन्दु सनातनीहरुले आ-आफ्नो आगनमा तुलसीको मठ बनाएर तुलसी सार्ने र पूजा गर्ने प्रचलन चलाए, यो सबैको पृष्ठभूमिमा पर्यावरण शुद्धिदेखि लिएर जनस्वास्थ्यको हितसमेतका सुन्दर र असल पक्षहरु नै छैनन् त ? हिन्दु धर्मावलम्वीहरु मूर्तिपूजा मात्र गर्दैनन् । आ-आफ्ना इष्टदेवता कुलदेवता वा आराध्यको ध्यान गर्दा पनि हृदयमा समेत कुनै न कुनै मूर्ति नै प्रतिष्ठापित गरेर आराधना गर्ने गर्छन् । तर मूर्तिको अर्थमा

उनीहरु निर्गुण निराकार ब्रह्मलाई पूर्णतया विस्मृतिमा पुऱ्याएर मूर्तिमै मात्र आबद्ध गर्दैनन् । सगुण र निर्गुण, निराकार र साकार रुपका भेद विभेद छन् भन्छन् । भन्न त हिन्दु सनातनी धर्मावलम्बीका दृष्टिमा जताततै सर्वव्यापक शक्ति छ भन्ने मान्यता छ । उनीहरु यसैगरी ईश्वरलाई सर्वव्यापक रुपमा मान्छन्, स्वीकार गर्छन् । रुख-वृक्षमा, काठ, माटो पत्थरमा र दृश्य जगतका यावत पदार्थमा आफूमा र अर्कामा सर्वत्र ईश्वर देख्ने हिन्दु धर्मावलम्बीका निमित्त देह मन्दिर अस्वीकृत छैन । उनीहरु देह मन्दिरलाई पनि उत्तिकै महत्वका साथ स्वीकार गर्छन् । इशावास्यमिदं सर्वं यतकिञ्चित जगतां जगत **तेनत्येक्तेन भुञ्जिथा मागृधः कस्यश्चिद् धनम् ।** हिन्दु धर्मको जीवन सूत्र यही हो । सारा अंग-प्रत्यंगमा देव-देवताको वास छ भन्ने उनीहरुको अकाट्य विश्वास छ । चराचर जगतबारे यस्तै विश्लेषण छ । यति हुँदाहुँदै पनि आखिरमा उनीहरुको अन्तिम आधार त वेदान्त दर्शन हो, जसले सम्पूर्ण विश्वलाई मिथ्याको संज्ञा मात्र दिँदैन, त्यही रुपमा तुच्छ सम्झेर त्याग गर्छ । व्यांवहारिक स्थितिमा जीवन व्यतित गरिरहेका व्यक्ति वा समूहहरुले विम्ब, प्रतीक र मूर्तिका सहारामा सोच विचार गर्ने, सम्झने र अभिव्यक्ति दिने गर्छन् । हिन्दु वर्णव्यवस्थाको यौटा पाटो यही हो । अर्को पाटोमा मानिसका तीन प्रकारका शरीरको अस्तित्व सनातन धर्मावलम्बीले स्वीकार गर्छन् । ती शरीरमा कारण शरीर र सूक्ष्म शरीरको बोध गर्नु यो धर्मावलम्बीहरुको महत्वपूर्ण पक्ष हो ।

स्थूल, सूक्ष्म, कारण यी तीन प्रकारका शरीर र जाग्रत स्वप्न, सुसुप्ति यी तीन अवस्था अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय, आनन्दमय यी पाँचकोष र भोक्ता, भोग्य यी सबैको तुलना र विवेचनात्मक विचार गरेर सम्पूर्णबाट भिन्न रहेको घट द्रष्टा, साक्षीरुप निर्विकार शुद्ध चेतनाको बोध गर्न सकेपछि मानिस मुक्त हुन्छ । यस्तो तत्त्वदर्शीलाई विद्वान् मानिन्छ । प्राच्यले विद्वान् मानेका यस्ता तत्त्वदर्शीलाई वेदान्ती पनि भनिएको छ ।

तुरुन्तै नाश हुने शरीर कारण शरीरबाटै निर्मित हुन्छ । स्थूल शरीर होस् वा सूक्ष्म शरीर यी दुवै शरीर कारण शरीरकै आधारमा निर्मित हुन् । कारण शरीरमा अज्ञानता व्याप्त भएर रहन्छ । यो अज्ञानको पर्दा ज्ञानले नहटाउँदासम्म सूक्ष्म शरीर वा स्थूल शरीरप्रतिको मोह पनि हट्दैन । जब

ज्ञानद्वारा अज्ञानको पर्दा हट्छ, अनि कारण शरीरमा आधारित अज्ञानका साथै स्थूल शरीर र सूक्ष्म शरीरभन्दा पृथक आत्मतत्त्वको ज्ञानले ब्रह्म स्वरुप प्राप्त हुन्छ। अर्थात् मोक्ष हुन्छ। हिन्दु सनातन धर्मको तात्त्विक विशेषताको शरीरसम्बन्धी यो अनुभूति वेदान्तीहरुले गरेका छन्। यसको विशद वर्णन गरेरै सकिन्न।

कारण शरीरको अर्को पर्याय माया हो। माया पनि अनिर्वचनीय छ। जाग्रत, स्वप्न, सुसुप्तिका विविध अवस्था छन्। रुप, गन्ध, रस, स्पर्श, शब्द आदिको ज्ञान हुनु जाग्रत अवस्था हो।

ज्ञानेन्द्रीय पाँच, कर्मेन्द्रीय पाँच र मन, चित्त, बुद्धि र अहंकार लगायतका १४ इन्द्रियहरु र बयालिस त्रिपुटीहरु जानिने अवस्थालाई जाग्रत अवस्थाको संज्ञा दिइएको छ। यो जाग्रत अवस्था आँखामा रहन्छ।

यस्तो जाग्रत अवस्थाको साक्षी भएर 'मेरो शरीर' भन्ने अभिमान गर्ने हुनाले आत्मालाई विश्व पनि भनिएको छ।

'संसार देख्ने मै हुँ, सबै मेरो हो' भनेर मेरो मेरोको अभिमान गर्ने हुनाले 'मेरो' नाम पनि विश्व रहेको छ।

जाग्रतका बासनाले स्वप्न अवस्था अर्थात् निद्रा समयमा जे देखिन्छ, जे सुनिन्छ त्यही नै स्वप्न हो।

केही पनि थाहा भएन। केही पनि जानिन। आनन्दसंग सुतें। केही पनि चाल पाइन। यस्तो अवस्थाको वर्णन गर्न नसक्ने नै सुषुप्ति हो। यिनै विषयमा तत्वबोध गरेका शंकराचार्यले आफ्नो अनुभव सिद्ध वर्णन गरेर सनातन धर्मको तात्त्विक विशेषताको उल्लेख गरेका छन्। यो तत्त्वबोध गर्ने उपायहरु छन्। यस्तो तत्त्वबोध गर्न नसक्दासम्मका कर्मकाण्डहरुका विधान हिन्दुधर्मका विधिविधान मानिन्छन्। ती सबैको पर्यावरणसंग घनिष्ट सम्बन्ध छ। यज्ञ यसैको अर्को नाम हो। यै मेसोमा यज्ञ-यज्ञादि र त्यसको सम्पादन पक्ष पनि उत्तिकै महत्वको छ। यसरी हिन्दु वर्णव्यवस्थाभित्र प्राच्य संसारमा जीवन र जगतका बीच सु-सम्बन्धको परिकल्पना गरिएको पाइन्छ। प्रत्येक हिन्दु सनातनीको दिनचर्या नै 'मे मन : शिव संकल्पमस्तु' यही उद्घोष गर्दै सुरु हुन्छ।



हिन्दु वर्णव्यवस्था, यज्ञ-यज्ञादि, अवतार, मूर्तिपूजा र जीवनपद्धति

हिन्दुत्वको अर्को विशेषता यज्ञ-यज्ञादि सम्पन्न गर्नु पनि हो । हिन्दुत्व यज्ञविना अस्तित्वविहीन हुन्छ । हिन्दुत्व टिक्ने आधारमध्ये यज्ञ नै प्रमुख मानिन्छन् । गीतामा भनिएको छ- 'नायं लोकोऽस्त्य यज्ञस्य कुतोऽन्यः कुरुसत्तम' अर्थात् यज्ञहीनलाई संसारमै केही प्राप्त हुँदैन, परलोकमा के पाउँला । यज्ञको उद्देश्य केवल अग्निद्वारा दिव्यशक्तिको उत्पादन र वायुशुद्धिमा मात्र सीमित रहँदैन, यज्ञले नै मनोवाञ्छित फल पनि दिन्छ । यज्ञ निस्वार्थ एवं अनासक्त कर्मको अर्को नाम हो । हिन्दुहरुमा यज्ञ दैनिक जीवनको अंग बनेको हुन्छ। यसै भएर हिन्दु शास्त्रमा यज्ञका अनेक प्रकारका वर्णन छन् । त्यसमा प्रत्येक हिन्दुलाई पञ्च महायज्ञ गर्ने सल्लाह दिइन्छ । यज्ञ बिनाको पक्वान्न खानेहरुलाई पापीको संज्ञा दिइएको छ । **'यज्ञै गरी शेष खाने योगीका पाप छुट्दछन् । आफ्नै निम्ति पाक गर्ने पापी हुन् पाप भोग्दछन् ।'** गीतामै यही उक्ति छ । पञ्च महायज्ञको व्यवस्था त्यसैले हिन्दु धर्ममा गरिएको छ । यी पञ्च महायज्ञहरु यसप्रकार छन्-

१. ब्रह्मयज्ञ-आत्मसुधारका निम्ति गरिने यज्ञ ।
यसमा सन्ध्याबन्दनादि स्वाध्यायनको प्रमुखता हुन्छ ।

२. देवयज्ञ- पञ्च महाभूतहरुको विकार हटाउने यज्ञ ।
यसमा अग्निहोत्रादिको प्रमुखता हुन्छ ।

३. पितृयज्ञ- पूर्वजहरुको सेवा, सुश्रुषा, भक्ति र श्रद्धामा गरिने यज्ञ ।
यसमा माता-पिता, गुरुजनको सेवा नै प्रमुख हुन्छ ।

४. ऋषियज्ञ- वेदादि शास्त्रहरुको स्वाध्यायन र प्रचार गर्ने यज्ञ ।
यसमा पठन-पाठन चिन्तन-मनन् र अतिथि सेवा लगायतको प्रमुखता हुन्छ ।

५. बलिवैश्वदेव यज्ञ- पशु आदिबाट लिएको सेवाको बदलामा गरिने यज्ञ ।
यसमा पशुहरुको पेट भरिदिएपछि मात्र आफूले खाने जस्ता कुराको प्रमुखता हुन्छ ।

यसरी यज्ञ नै हिन्दुत्वको आदि प्रतीकका रुपमा रहँदै आएको छ । हिन्दु धर्मावलम्बीहरुका कुनै पनि कर्मबिना यज्ञ पूरा भएका मानिँदैनन् । जन्मदेखि लिएर मृत्युपर्यन्त हिन्दु वर्णव्यवस्थामा १६ संस्कार गरिन्छन् । यी सोह्रै संस्कार एकप्रकारले सबै यज्ञकै कोटीमा पर्छन् । नामांकरण यज्ञ, उपनयन संस्कार यज्ञ, पाणि-ग्रहण यज्ञ आदि यज्ञ सबै हिन्दुले गर्ने गरेका यज्ञभित्रै पर्छन् । शरीर छुटेपछि आफ्ना सन्ततिले गरिदिने काजक्रिया र अन्तिम संस्कार यज्ञकै अर्को नाम श्राद्ध यज्ञ हो । यसरी यज्ञ नै हिन्दु धर्म संस्कृतिको मूलतत्त्व रहिआएको छ । हिन्दु धर्मशास्त्रहरुले भन्छन्- मानव जीवन, मानव समुंदाय र मानवहित तथा चराचर जगतको निमित्त गरिने कल्याणकारी कर्म सबै नै यज्ञ हो । संसार र परमात्मा दुवैका प्रति उत्तिकै समर्पित भएर निस्वार्थ भावले गरिने यावत कर्मलाई हिन्दु जगतले यज्ञकै रुपमा लिन्छ । हिन्दु वर्णव्यवस्थाको यो विश्वासले कसैको अनिष्ट चिताएको छैन, बरु यज्ञद्वारा सबैको मंगल चाहन्छ । पशुपंछी लगायतको कल्याण चाहन्छ । जताततै शान्ति चाहन्छ । 'द्यौशान्ति रन्तरिक्ष शान्ति, पृथ्वीशान्ति, रोषधयशान्ति, वनस्पतय शान्ति' भनेर

जतातत्तै शान्ति नै चाहने हिन्दु सच्चा हृदयले सबैको कल्याण चाहन्छ । यस्तो स्पष्ट अवधारणा हिन्दु संस्कृतिमा देख्दादेख्दै थर विशेषलाई हिन्दु जगतवाट अलग्याउने प्रयास बुझिनसक्नु छैन त ?

जुन प्रकारले जे, जस्ता यज्ञ सम्पन्न गर्दा पनि प्राकृतिक स्रोत र साधनलाई नै महत्व दिने हिन्दु वर्णव्यवस्थाको मूल आदर्श र मर्म हो । वनजन्य वनस्पतिदेखि शुद्ध जल र प्राकृतिक सौन्दर्य स्थलको शान्ति सुरक्षामा विशेष ध्यान दिएर यज्ञ-यज्ञादिमा त्यस्तै कुराहरु उपयोग गर्ने परम्परा वसाउने हिन्दुहरुले यावत यज्ञ-यज्ञादिमा वातावरणीय सन्तुलनको अत्यधिक ख्याल गर्ने गरेको स्पष्टै देखिन्छ । ८४ लाख योनीहरुमध्ये मानिसको जुनी एक हो । अरु ८३ लाख ९९ हजार ९ सय ९९ जुनीको पनि यो धरतीमा उत्तिकै अधिकार छ जति मानिसको छ भन्ने आदर्शमै हिन्दुत्वको मूलमा सन्निहित समानता छ । त्यसैले उसका सबै चाडवाड त्यस्तै रुपमा व्यवस्थित छन् । नयाँ अन्न ग्रहण गर्दा अर्थात् न्वाइ खाँदा समेत हिन्दुहरु पहिले आफ्ना कुलदेवता र इष्टदेवता लगायत सिमे-भूमे र पृथ्वी तथा अन्तरिक्षका ग्रह गणलाई समेत अर्पण गरेर मात्र आफूले नवान्न ग्रहण गर्छन् । हिन्दु वर्णव्यवस्थाको यो श्रृंखलामै सत्य, अहिंसा र अतिथि सत्कार लगायतका लामो फेहरिस्तको दृढतापूर्वक पालना गर्नैपर्ने दिनचर्या व्यवस्थित छ ।

हिन्दु सनातन धर्मलाई नीतिकारहरुले यज्ञ-यज्ञादिका रुपमा दैनिक नित्य नैमित्यिक कर्ममा आवद्ध गरेका छन् । स्वास्तिवाचन होस् वा शान्तिपाठ कलश स्थापना होस् वा होमादिकर्म कोरा अन्धविश्वास मात्र होइन, यसको संस्कारसंग घनिष्ठता छ । यस्तै दिनचर्याभित्र दश कर्मको पद्धति विकसित गरिएको छ । यो पद्धतिको विकास कर्मकाण्डको अन्धविश्वासमा आधारित औपचारिकता पूरा गर्ने ध्येयमा आधारित ठगीखाने उद्देश्य वा खानापूर्ति गर्ने नियम ब्राह्मणवादको रुढीग्रस्त अवैज्ञानिक चिन्तन वा कालक्षेपण गर्ने खेलवाडमा आधारित पद्धति होइन । कर्मकाण्डका विरोधीहरुले भन्न त यस्तै भन्ने गरेका छन् । तर यो पद्धति हिन्दु सनातन धर्मावलम्बीले जीवनशैलीमा आवश्यक ऊर्जालाई थप्ने हेतुले नै विकसित गरेको पद्धति हो । यो पद्धतिले पर्यावरणप्रति

जागरुक बनाउँछ र स्वास्थ्य रक्षा गर्न वा तनावरहित भएर सन्तुलन कायम गर्न समेत उपयोगी ढंगले विकसित गरिएको पद्धति हो । यो पद्धतिको विकास कैयौं ऋषि, महर्षि, देवर्षि, ब्रह्मर्षि र राजर्षिहरुको संहिताबाट र स्मृति तथा श्रुतिबाट भएको हो । यो हिन्दु सनातन धर्मको गुढतम ज्ञानसंग परिचित हुने माध्यम मात्र हो । यही नै हिन्दु सनातन धर्मको स्वरुप वा सर्वांग भने होइन । यस्ता विकसित दश कर्मका पद्धतिमा मन्त्रका अतिरिक्त यो पद्धतिलाई प्रयोगमा ल्याउने विधि पनि युग, काल र पात्र तथास्थान विशेष अनुसार फरक फरक पाइन्छन् । संस्कार दीपकका रुपमा पण्डितहरुले यसलाई आ-आफ्नै हत्यौडी प्रयोग गरेर निरन्तरता दिंदै आएका छन् । दश कर्म पद्धतिका यस्तै विस्तृत विधि-विधानलाई सरलीकरण गरेर पूजा पद्धति लगायतका छुट्टाछुट्टै पद्धतिको संकलन, सम्पादन, निर्देशन समय समयमा तत्कालीन कर्मकाण्डका ज्ञाताहरुले गर्दै आएका छन् । नेपालीमा यो प्रकारको कर्मकाण्डवारेको पद्धतिलाई प्रस्तुत गर्ने पण्डितमा हाल पण्डित खिलविलास पन्तका केही पुस्तकले पनि कर्मकाण्डको केही झलक दिन्छन् । संक्षिप्त होम सहित पूजा पद्धति, ऋषितर्पणी पूजा विधि, सत्यनारायण पूजा विधि, जन्मतिथ्युत्सव प्रयोग, दशदान विधिसहित अन्त्यसंस्कार, श्राद्ध विधान, आशौच निर्णय लगायतका पण्डित खिलविलासद्वारा प्रस्तुत कर्मकाण्ड पद्धतिका नेपाली भाषामा निर्देशन सहितका पुस्तकहरुले यो पद्धतिका विषयमा चंचु प्रवेश गराउँदै धेरथोर प्रकाश पार्छन् । यस्ता पद्धतिसंग सम्बन्धित अन्य पुस्तकहरु संस्कृतमा यत्रतत्र भेटिइन्छन् । वेदमा भएका एक लाख मन्त्रहरुमध्ये झण्डै ८० लाख मन्त्र यज्ञसंग सम्बन्धित छन् ।

यो कर्मकाण्ड पद्धति हिन्दु सनातन धर्मावलम्बीको जीवनशैलीको एउटा पाटो हो । यो धर्मले यसलाई प्रारम्भिक कर्म मानेको छ । त्यसैले गौण महत्व दिन्छ । हिन्दु धर्मको तात्त्विक विशेषता र गुढतम पक्ष ज्ञान वा भक्ति र मोक्ष हो । त्यसमा प्रवेश गर्ने द्वारका रुपमा कर्मकाण्ड पद्धतिको समयानुकूल विकास भएको छ । धर्म जोगाउन कर्म गर्नुपर्छ । नित्यकर्म, नैमित्यिक कर्म र काम्यकर्म गरी ३ प्रकारका कर्महरुको विधान कर्मकाण्डभित्र विकसित छ । दैनिक जीवनचर्यासंग आवद्ध यस्ता कर्मकाण्ड पर्यावरण

शुद्ध राख्ने र चित्तवृत्ति सन्तुलित गर्ने तथा आत्मबोध गर्ने सनातन धर्मका तात्त्विक विशेषताका प्रारम्भिक कर्म हुन् । ती सबै कर्मको नाम यज्ञ हो ।

हिन्दु धर्ममा त्याग, बलिदान, दानशशीलता, सत्य, अहिंसा शरणागत बत्सला, अतिथि सत्कार, नारी धर्म र मातृशक्ति आदिका विषयमा गहन चर्चा-परिचर्चा भएको मात्र छैन, विशेष महत्व दिएर यस्ता पक्षमा विशेष व्यवस्था पनि गरिएको छ । हरिश्चन्द्र, युधिष्ठिर, बुद्ध, गान्धीहरुको महिमाको गुणगान त्यसै भएको होइन । उनीहरुले हिन्दुत्वको महिमा र आदर्श अनुरुपकै व्यवहार पनि आफ्नै जीवनीमा उतार्न सके । आजका प्रगतिशील कहलाउनेहरुले प्रगतिशीलताको वास्तविक अर्थ के हो ? त्यो सीमित परिधिमा मात्रै वर्णन गर्छन् । सीता, सावित्री, द्रौपदी, गान्धारी, पद्मिनी, गार्गी, मैत्रेयी आदि पूर्वका नारीहरु प्रगतिशील नारीमै गनिन्छन् । उनीहरुले कसैसंग जडौरी वा सापटी लिएर प्रगतिशील मुकुण्डो भिरेनन् । उनीहरुको गतिशीलता र व्यावहारिक ज्ञान तथा आदर्श आफ्नै संचेतनाको जगमा उभियो । यो आदर्श नै हिन्दु जगतको निमित्त महिमामय मात्र बनेको छैन, हिन्दु नारीको चरित्र चित्रण गर्ने उदाहरण मात्र पनि यो होइन । यो त पूर्वीय परम्पराको जीवनी शक्तिको हिन्दुत्वको जीवन्तताको गतिशीलता निमित्त कारक तत्त्व समेत मानिंदै आएको छ । हिन्दु जगतको अनवच्छिन्न परम्परामा ऊर्जाका रुपमा मातृशक्तिलाई लिइएको छ । आफैंलाई आफ्नै गर्भमा दश महिनासम्म धारणा गरेर जन्माउने हुनाले पत्नीलाई ‘जाया’ भनेर हिन्दुहरुले स्वीकारेका छन् । ‘पत्नी मनोरमादेही मनोवृत्यानुसारिणिम् । तारिणिंदुर्ग संसार संगरस्य कुलोद्भवाम् । पत्नीका निमित्त यस्तो प्रार्थना गर्ने हिन्दुहरु नै हुन् । योनी मुद्राको महिमा मात्र गान नगरी जनानालाई हिंसा र हत्या गर्न वा प्रताडित गर्न शारीरिक मानसिक पीडाबाट बर्जित गर्ने शास्त्र पनि हिन्दुशास्त्र नै हो । कामाख्या कामरुपदेखि गुह्येश्वरीसम्म शक्तिपीठहरुमा वैदिक मन्त्र र तान्त्रिक विधिले गरिने साधनाको विशेष महत्व छ । **‘मातृवत् परदारेषु, परद्रव्येषु लोष्ठवत् । आत्मवत सर्वभूतेषु यः पश्यति सपण्डित’** यही उद्घोष गर्नु नै हिन्दुत्व हो । अजर-अमर जीवनशक्तिले

ओतप्रोत भएर हिन्दु धर्म सनातनदेखि चल्दै आएको धर्म छ । हिन्दु धर्मप्रति समय-समयमा कडा प्रहारहरू भए । त्यस्ता प्रहार खपेर पनि हिन्दु धर्म जोगियो । यसमा अद्भूत जीवनी शक्ति छ । मुसलमानको विश्व नै मुसाइकरण गर्ने मुगल साम्राज्य र अंग्रेजहरुको विश्व इसाइकरण गर्ने इसाई साम्राज्यको सारा प्रयत्नको बावजुद पनि विश्वका २ अर्ब हिन्दु आफ्नो हिन्दुत्वकै जगमा खडा छन् । यही संख्याभित्र समस्त ॐकार परिवार पर्छ । पिछडिएका भनिने जातजाति दलित सबै पर्दछन् । ती सबैका बाजे बराजु सनातनी हिन्दु नै हुन् । हिन्दुत्वबाट अलग्याएर स्रोतकेन्द्रबाट पन्छाएर यिनको उद्धार गर्ने कुरा नारा मात्र हो । अहिले योग्यतमको संरक्षण गर्ने नारा त दिइन्छ । तर, त्यो अनुरुपको व्यवहार भने हुँदैन । ८ हजार वर्षदेखि हिन्दु धर्म, संस्कृति र सभ्यता एवं जीवनशैलीले बचाएर राखेका योग्यतम स्थावर, जंगम र जैविक विविधता लगायत जीवनशक्तिका प्रतीक पर्यावरणीय सूत्र खलबल्याउनेहरु अब हिन्दुत्वमाथि नै फेरि आक्रमण गर्दैछन् । यस्तै आक्रामक विघटनको षड्यन्त्र हो यो । हिन्दुधर्ममा त्यो योग्यता छ- जसमा ऊ आफूमात्र होइन, विश्वको र ब्रह्माण्डको अस्तित्व बचाउन सक्छ । बचाएरै आएको छ । यस्तो योग्यता हिन्दु धर्मले कारखाना वा उद्योगधन्दाको निर्माण शक्तिबाट उत्पन्न हुन्छ भन्ने ठान्दैन । ऊसंग अध्यात्म चिन्तन र आध्यात्मिक निर्माण शक्ति नै छ । शस्त्रमा होइन, शास्त्रमा विश्वास गर, यही हिन्दु धर्मको आचारसंहिताभित्र पर्छ ।

'शास्त्रको विधि छोडेर चल्छ जो मनमोजले
सिद्धि सौख्य परमधाम केही पाउन्न त्यसले
शास्त्र प्रमाण छन् सारा कार्यकार्य बुझाउन ।
तस्मात शास्त्र प्रमाणैका भरमा चल अर्जुन ॥'

हिन्दुत्वको संविधान नै वेद लगायतका धर्मशास्त्र हुन् । प्रकृतिको नियमसंग तादात्म्य स्थापित गरेर जीवन र जगतमा विकृति, विसंगति र विखण्डन हुन नदिनु नै हिन्दुत्व हो । हिन्दुधर्मका मान्यताहरु जबजब अस्तव्यस्त हुन्छन्, तबतब व्यवस्थित गर्न महापुरुषहरु जन्मन्छन् योग्यतमको संरक्षण गर्न तम्सन्छन् । वैदिककालपछि आएको संकट टारेर व्यासले


व्यवस्थित गरे । त्यसपछि शंकराचार्यले गरे । मुसलमानहरुले प्रहार सुरु गर्न थाल्दा पनि कवीर, सुर, तुलसी, नन्द, चैतन्य, मीरा आदि हिन्दुभक्त, भक्तिनीहरुले आफ्नो जीवनीशक्तिबाट हिन्दुत्वलाई बचाएर राखे । सीखगुरुहरुले यो धर्मलाई नै सिंचित गर्दै अंग्रेजहरुको कुटिल दासत्व, मुसलमानको क्रूरतम चालको समय समयमा सामना गर्दै यो धर्मको जगमा धमिरो लाग्न नदिन सीख गुरुद्वारा र स्वर्णमन्दिर सधैं सजग, सचेत र सक्रिय रहे । यस्तै सरस्वती, राजा राममोहन राय, विवेकानन्द, बालगंगाधर तिलक अरविन्द लगायतका महापुरुषहरु ससर्काए । सक्रिय रहे । पृथ्वीनारायण शाहको सवल हिन्दु राष्ट्र निर्माण गर्ने प्रयासको पछाडि यही प्रयोजन थियो । भानुभक्त, लेखनाथ, कोमलनाथहरुको कवि हृदयबाट निसृत काव्यधाराले हिन्दु संस्कार र संस्कृतिलाई सिंचित गरी नै रह्यो । स्थानभ्रष्ट, मानभ्रष्ट, ज्ञानभ्रष्ट यावत भ्रष्ट आचरणलाई हिन्दुत्वले सदैव अस्वीकार गर्छ । तर सदाचार र सद्विचार सदैव ग्रहण गर्छ । वाल्मीकि, भर्तृहरि हिन्दु वर्णव्यवस्थाका आदर्शकै प्रतीक हुन् । अरुको प्रसंग छोडौं बीसे नगर्ची समेतको हिंन्दु राष्ट्रको निर्माणमा अद्वितीय योगदान छ । त्यसैले जातजातिका कारणले नभै आचरणले र कर्मले हिन्दु वर्णव्यवस्थामा महत्व राख्दछ । **'जन्मना जायते शुद्र संस्कारात द्विज उच्यते'** यो लोकोक्ति नै छ । यही लोकोक्तिलाई ध्यानमा राखेर संस्कारको जन्म दिन नै कर्मकाण्डको पद्धतिले योगदान पुऱ्याउँछ । सनातन धर्मको अर्थ निरन्तर चलेर आएको धर्म हो । र, कर्मकाण्ड त्यसको एउटा शाखामात्र हो । मूल होइन । त्यसैकारण कर्मका बारेमा पनि यो धर्ममा अनेक परिभाषा भएका छन् । काम्य कर्मले कर्मवासनालाई कसरी बलवति बनाउँछ, निष्काम कर्मले कसरी कर्मवासनालाई क्षय गराउँछ ? काम्य कर्म र निष्काम कर्ममा कति अन्तर छ ? यो बारे यही कर्मपद्धतिमै विशद वर्णन छ । फोहोर पानीद्वारा फोहोर जति गर हुन्न सफा, त्यस्तै काम्य कर्मले कर्मबासना जत्ति गर हुन्न सफा । शास्त्रले कर्मयोगको परिभाषा दिदै भनेको छ । असिद्धि-सिद्धिमा तुल्य भइसंग त्यजिकन । गर कर्म, वन योगी समता योग हो गुन । **कर्मणैव हि संसिद्धि मास्थिता जनकादयः लोक संग्रहमेवाऽपि संपश्यन कर्तुमर्हसि । जनकादि सबै मुक्त भए कर्म गरिकन, लोक संग्रह देखेर कर्म**

नै गर अर्जुन । त्यसैले हिन्दु वर्णाश्रम धर्ममा कर्मकाण्डको त्याग गरेर सन्यास ग्रहण गर्ने वा कर्म गर्दा पनि काम्य कर्मभन्दा निष्काम कर्म गर्ने पद्धति विकसित भएका छन् । हिन्दु सनातन धर्मी कर्मकाण्डमै मात्र अल्झिएर अन्धो बन्न चाहँदैन । कर्मद्वारा उसले दृष्टिलाई व्यापक बनाउँछ । दृष्टिका अनेक भेद छन् । दिव्य दृष्टिको यसै कारण महिमा छ । सूक्ष्म दृष्टि, दूरदृष्टि, समदृष्टि, अन्तर्दृष्टि लगायतका हजार प्रकारका दृष्टिका सकारात्मक विशेषणले आफ्नो दृष्टिकोण व्यापक बनाउन कर्ममा लागे पनि 'न लिप्य कर्मते नरः' भनेर कुनै पनि कर्ममा नै लिन नहुन कर्मैद्वारा संकेत गरिएको छ । कर्मकाण्डको सार यस्तै छ । यसरी **'कर्मण्ये व्याधिकारस्ते मा फलेषुकदाचन'** भनेर फलको आश नराख्ने कर्मप्रति उत्प्रेरित गर्ने कर्मिष्ठ वा कर्मकाण्ड अन्धविश्वास वा रुढीमात्र होइन ।

हिन्दुत्व व्यक्ति-विशेष र ग्रन्थ विशेष माथि मात्र भर पर्दैन । हिन्दु धर्म कुनै व्यक्ति विशेषले चलाएको धर्म होइन । व्यक्ति विशेषका सम्प्रदाय वा मतलाई धर्म मान्ने पक्षमा हिन्दुत्व विश्वास गर्दैन । व्यक्तिका सिद्धान्त हुन्छन् । सम्प्रदाय हुन्छन् । ती धर्मकै कोटीमा पर्दैनन् । व्यक्तिपूजाको पक्षमा हिन्दुहरु उत्साहित हुँदैनन् । पूजाको अर्थ हिन्दुत्वमा समर्पणको भावमा लिइएको छ । यसको कुनै एउटा मात्र धर्मग्रन्थ पनि छैन । द्रव्य यज्ञ वा द्रव्यमा आधारित पूजा अर्चनालाई हिन्दुत्वले कम महत्व दिन्छन् । **'पत्रम् पुष्पम् फलं तोयं यो मे भक्त प्रयच्छति'** गीतामा यही उद्‌गार छ । 'अध्यात्म विद्या विद्यानाम' भनेर हिन्दुत्वले आध्यात्मलाई मात्र विद्याको ज्ञानको रुपमा लिएको छ । यो एकव्यक्ति, एउटा ग्रन्थ अथवा एकपक्षीय एकोहोरो धर्म होइन । युगौंयुगदेखि अनेक ऋषिहरु, तत्वदर्शीहरु, सन्तहरु, भक्तहरु, विचारकहरु, चिन्तकहरुका चिन्तन, शोध, प्रयोग एवं अनुभवको आधारमा जीवित रहेको धर्म नै सनातन हिन्दु धर्म हो । अहिले हिन्दुत्वलाई अतिवादी, संकीर्णतावादी, कट्टरतावादी वा अन्धविश्वासी भन्ने लान्छना लगाउनेहरुले यो बुझ्नुपर्छ- यो हिन्दु धर्म बहुत ठूलो विद्वत समाजको वैज्ञानिक परीक्षणको परिणाम हो । अतः यो कुनै बाँधिएको घेराभित्र सीमित रहने धर्म होइन । यसका मूल्य र मान्यताको सीमा छैन । यो असीम छ । हिन्दु धर्म बाहेकका अरु धर्म एक-एकजना व्यक्तिको जीवनधाराको इतिहासका पगडण्डीमा विचरण गर्छन् ।

उनीहरुका निमित्त तीनै व्यक्ति वा प्रवर्तकहरुकै वाक्य नै ती धर्मावलम्वीका लागि प्रमाण मानिन्छन् । त्यस्तै व्यक्तिका जीवनवृत्त र इतिहासकै वरपर त्यस्तो धर्मको सारा तानावाना बुनिएको छ । त्यसैकारण व्यक्ति विशेषको जीवन वा इतिहासरुपी जगमा आघात पर्नासाथ त्यस्तो धर्म धराशायी पनि भइहाल्छ । त्यसको पुनरुद्धारको सम्भावना नै रहँदैन । वर्तमानका सबै धर्महरुका प्रवर्तकका सम्बन्धमा यही सूत्र लागू हुन्छ । प्राकृतिक प्रकोप लगायत मानवीय विकृतिले घटाएका घटनाहरूकै कारण त्यस्ता धर्म टिक्न नसकेपछि या त अस्तव्यस्त हुन्छन् या त सनातन धर्मको साश्वत सत्यकै नगीच पुग्छन् । सनातनी दार्शनिक हिन्दुहरुका ब्रह्मा-विष्णु र महेशको परिकल्पना भन्दा पर अवस्थित हिन्दुधर्मको ईश्वर निर्गुण रुपमा अवस्थित रहेजस्तै यो हिन्दुत्व पूर्णतया निर्गुण छ । यो कुनै व्यक्ति वा ग्रन्थ विशेषमा आधारित छैन । हो यो धर्ममा हजारौं अवतार र लाखौं महापुरुषहरुको भने स्थान छ । यहाँ ॐकार परिवार सबै अटाउँछन् । श्रीमद्भागवतमा स्पष्ट उल्लेख छ । **'अवताराहय सख्येया'** अर्थात् अवतारहरुको अभ्युदय भइ नै रहन्छ ।

✧ ✧ ✧





भोग विलास, उत्तेजना, हिंसा र युद्धोन्मादबाट बच्ने मानसिकता

हिन्दु वर्णव्यवस्था, जीवनशैली र आचरणको पृष्ठभूमिमा अवतारलाई ठूलो महत्व दिइएको छ। अंशावतार, पूर्णावतार र साक्षातकारका प्रसंग यसै क्रममा उल्लेख्य छन्। सबै प्राणीमा ईश्वरकै अंश छ। कृष्णलाई पूर्णावतारका रुपमा स्थापित गरिएको छ। अरु अवतारलाई अंशावतार भनिएको छ। आदर्श मर्यादापुरुष श्रीराम लगायतका अवतारहरू अंशवतारका रुपमा स्थापित र उल्लेख्य छन्। पशुपंक्षीमा समेत ईश्वरकै अंश घटीबढी देखापर्छ। ईश्वरको अंश नभएको कुनै पक्ष छैन। यसरी सनातन हिन्दु धर्मावलम्बीहरु अवतारमा दृढ विश्वास राख्छन्। गीतामा श्रीकृष्णका मुखारविन्दबाट उद्घोष भएको यो श्लोक यससम्बन्धी प्रमाणिक अभिलेखका रुपमा मान्य छ। यो श्लोक यहाँ उद्धरण गरौं-

यदा यदा हि धर्मस्य
ग्लानिर्भवति भारत !
अभ्युत्थानमधर्मस्य
तदाऽऽत्मानं सृजाम्यहम्

परित्राणाय साधूनां
विनासाय च दुष्कृताम्
धर्म संस्थापनार्थाय संभवामि युगे युगे ।

यो श्लोकको भाषानुवाद कोमल गीतामा यसप्रकार छ-

जहिले धर्मको ग्लानि,
पापको वृद्धि देख्दछु
तेसै वखतमा पार्थ !
अवतार म गर्दछु
हरेक युगमा साधु-
रक्षादुष्ट विनासन
धर्मको स्थापना गर्न
हुन्छु उत्पन्न अर्जुन ।

हिन्दु सनातनधर्मीहरुको अवतार अवधारणामा मानव योनीमा मात्र ईश्वरको अभ्युदय हुन्छ भन्ने छैन । त्यसैले मत्स्य, कुर्म, बराह, नृसिंह जस्ता अवतारहरुको पनि उत्तिकै मान्यता छ । सनातन धर्म कुनै यौटा कालखण्ड वा समयावधिको परिधिभित्र मात्र सीमित रहेर चिन्तन-मनन गर्ने वा निर्णयमा पुग्नेहरुको पक्षमा त्यसै भएर अटाउँदैन । ईस्वी सन्‌लाई आधार वर्ष मानेर त्यसपछिको घटनाक्रमलाई मानवीय विकासको क्रमसंग तुलना गर्नेहरुसंग सनातन धर्म खासगरी हिन्दु धर्मको मान्यता र विकास आयामका बीच ठूलो विभेद छ । हिन्दु धर्मको ज्ञान भण्डार मानिने ऋग्वेदको पहिलो ऋचामै अग्निको वर्णन छ । हिन्दुहरु पेटमा जठराग्नि छ भन्ने मान्यतामा विश्वास गर्छन् । त्यो जठराग्नि प्रदीप्त भएसम्म ऊ जीवित रहन्छ । जठराग्निले पाक नगरिकन कुनै पनि खाद्य सामग्रीले शरीरलाई ऊर्जा प्रदान गर्न सक्दैन । त्यसै भएर हिन्दुहरु अग्निपूजक हुन्छन् । अग्निहोत्रीहरूको उपस्थिति अझै यो धरतीमा छँदैछ । कुनै पनि यज्ञको प्रारम्भपछि होमादिद्वारा यज्ञ सम्पन्न गर्ने विधि-विधानलाई हिन्दु धर्मावलम्बीहरुले कायम राख्दै आएका छन् । अखण्डदीप र अखण्डधुनी तथा यज्ञमा घृतधाराको क्रम चलिरहेकै छ । अग्नि विना जीवन हुँदैन भन्ने मान्यतामै पञ्चतत्व मध्ये एकतत्व अग्नितत्वले यो शरीर

बनेको विश्वासमा सनातनी हिन्दुहरु आफ्नो शरीरको अन्त्य भएपछि पनि शव दाह गरेरै मात्र गति हुन्छ भन्ने कुरालाई व्यवहारमै अझैसम्म कायम राख्दै आएका छन् । तर आधुनिक विकासवादीहरु वा हिन्दुधर्म इतर सोच्नेहरु जंगलमा एकाएक डँढेलो सल्केर आगाको ज्वालामा मरेका पशुपंक्षीको मासु खाएपछि ओडारमा जंगली जीवन बिताइरहेको मानवले आगोको महिमा थाहा पाएर सभ्यताको पहिलो अनुभव गऱ्यो । त्यसपछि क्रमैले विकास हुन थाल्यो भन्ने भ्रममै रमाउँछन् । यै एउटा उदाहरणबाटै हिन्दु सनातनी धर्मावलम्बी र आधुनिक ठहरिएका विकासवादीहरुको चिन्तनधारा र चिन्तनको शैली र ज्ञानको स्रोतबारे पर्याप्त प्रकाश पर्छ ।

श्रीमद्‌भगवद् गीतामा अर्को एउटा प्रसंग छ । जहाँ धुँवाले ढाकिएको अग्निको प्रसंग छ । **'धूमेनाव्रियते-बन्हिर्यथादर्शोमलेनच'** अर्थात् धुवाँले ढाकिएको आगोले जस्तै मोहले ढाकिएको छ ज्ञान । ज्ञानीको यो अज्ञानरुपी काम पनि कहिल्यै तृप्त नहुने आगो नै हो ।

'ज्ञानीको सर्वदा वैरी, अग्निरुप, सुदुर्भर
कामले ज्ञानको रुप छोपेको छ सबैतिर' ।

यसरी अग्निको बारेमा इस्वी सनको उत्पत्ति पूर्व नै ८ हजार वर्ष पहिले नै हिन्दु धर्मावलम्बीहरु विज्ञ भइसकेका थिए । हिन्दु वर्णव्यवस्थाको आधारशीला राख्नेहरुले यस्तै तत्ववेत्तालाई मात्र विद्वान्को रुपमा, गुरुको रुपमा र महात्माको रुपमा स्वीकार्छन् । त्यस्तो तत्ववेत्ता विज्ञजन ब्राह्मण हुन्छ । त्यो जात विशेष होइन । कर्म विशेषले हो । त्यसै भएर **'जन्मना जायते शुद्र संस्कारात द्विज उच्यते'** भनेर दोस्रोपटक जन्मने द्विज अर्थात् ब्राह्मण हो भन्ने हिन्दु वर्ण व्यवस्थाको मान्यता हो । भोग, विलास र उत्तेजना हिंसा र युद्धोन्मादबाट बच्ने मानसिकता नै यसको पृष्ठभूमिमा छ । आक्रामक भएर हिन्दु सनातन धर्मले परपीडा दिनुहुँदैन । तितिक्षा भावमा सबै कुरा सकेसम्म सहनुपर्दछ । धर्म सम्बन्धी कोरा बहसमा हिन्दु वर्णव्यवस्था आधारित छैन । खान-पान-रहनसहन, आचार-विचार सबै पक्षमा यै ठोस सूत्र लागू हुन्छ । यस्तै सूत्रद्वारा गहन खोज र निष्कर्ष निकालेर यो व्यवस्था दिइएको हो । छान्दग्योपनिषद्‌मा यससम्बन्धी विस्तृत विवरण छन् । अन्नादिको

सूक्ष्म भावबाट नै मन आदिको स्वरुप बोध गरिन्छ। दही मथिंदा जुन सूक्ष्म भाग हुन्छ- त्यो नै नौनी भएर माथि उत्रन्छ। त्यसरी नै स्थुल विषयजन्य वस्तुमा सूक्ष्मभन्दा सूक्ष्म देख्नसक्ने दृष्टि नै सनातन धर्मको वर्णव्यवस्थाले अनुमोदन गरेको छ। खाएको अन्न पेटमा अवस्थित वायु सहित अग्निले मथिंदा जुन सूक्ष्म भाग हो त्यो माथि उठ्छ। त्यसैबाट मन बन्छ। श्वेतकेतुलाई आरुणीले यसरी नै बुझाएका छन्। श्रीकृष्णको गीतामा अभिव्यक्त उद्गार **'मन एवं मनुष्याणां कारणं बन्धमोक्षयो'** सनातनी हिन्दुहरुको यो अर्को चिन्तनको निचोड मानिन्छ।

जे-जस्तो खानपान हुन्छ त्यस्तै मनको अवस्था हुन्छ। जल नै जीवन हो। पानीको कुनै विकल्प नै छैन। पानीलाई प्राणको रक्षक मात्र मानिएको छैन। हिन्दुधर्मले पानी नै प्राण हो भनेर ठोकुवा गरेको छ। आरुणीले स्वेतकेतुलाई यै उपदेश दिएका छन्। उपनिषद्मा यही वर्णन छ।

खाएको अन्न पेटभित्रको वायु र जठराग्निले मथ्दा मथ्दा माथि माथि उठेर मन बनेजस्तै पिएको पानी जठराग्नि र वायुले त्यसरी नै मथेर प्राण हुन्छ। चिल्ला घिउ लगायतका पदार्थहरु पेटको वायु र जठराग्निले संयुक्त रुपमा मथेर माथि उठेको सूक्ष्म भाग वाणी हुन्छ। यसरी मन अन्नमय छ, प्राण जलमय छ, वाणी तेजोमय छ।

सूक्ष्म भाग त मन, प्राण र वाणीमा परिणत भए। स्थूल भाग के भए त ? आरुणीले यसको यस्तो व्याख्या गरेका छन्। स्थूल अंशमा अन्नको मुख्य स्थूल भाग दिशा भएर जान्छ। मझौला अंश रक्त मांसादि ब्रन्छ। पानीको स्थूल भाग पिसाब बन्छ। मध्यम अंश रक्तादि बन्छ। सूक्ष्म अंश प्राण बन्छ।

चिल्ला पदार्थको स्थूल अंश हाड बन्छ। मध्यम अंश मासी (हाडभित्रको वस्तु) बन्छ। सूक्ष्म अंश वाणी बन्छ।

यसैकारण मन अन्नमय, प्राण जलमय, वाणी तेजोमय छ।

यै आधारमा हिन्दु वर्णव्यवस्थाले अन्न, जल र चिल्ला पदार्थहरु (घिउ) को बारेमा नियमहरू व्यवस्थित गरेर जलाशय, अन्न उत्पादन र गोपालनको विशेष प्रबन्धमा जोड दिएर भौतिक विकासका अन्य पक्षलाई हेर्ने दृष्टिकोण

विकसित गरेको छ । भोग विलास र उत्तेजनालाई महत्व नदिएर शून्यतत्व आकाश तत्वमा रमाएर शान्तसंग तितिक्षाभावले जीवनयापन गर्ने सूत्रहरु हिन्दुत्वका तात्त्विक लक्षणमा पर्छन् । पञ्चतत्त्वमा वायुतत्त्व र आकाशतत्त्वको अर्कै विशेषता छ । पञ्च भौतिक यो शरीरका निमित्त मात्र पानीको अनिवार्य, अविकल्प महिमाको वर्णन हिन्दु जगतमा व्याप्त छैन । हिन्दु जगतमा चराचर जगत विश्व ब्रह्माण्ड र लोकलोकान्तर निवासी देव, देवता, यक्ष, गन्धर्व, किन्नर, भूत, प्रेत पिचास, वनस्पति, औषधि सबैलाई विधिपूर्वक तर्पण गरिन्छ, जहाँ शुद्ध पानी र जौ, तिल कुशको अनिवार्य आवश्यकता हुन्छ । यसरी सबैलाई विधिपूर्वक तर्पण गर्ने हिन्दु संस्कृतिमा अन्त्यमा **'अतीत कुलकोटीनां सप्तद्वीप निवासिनाम्: आब्रह्म भुवनान लोकनिदमस्तु तिलोदकम'** भनेर तिल मिश्रित एक एक अञ्जलि पानी दिने चलन छ । यो तर्पण विधिको मात्र अध्ययन राम्ररी गरेमा पनि हिन्दु धर्म र सभ्यता जीवनशैली समतामूलक, समदर्शी र समभावमा आधारित भएको स्पष्ट हुनेछ । हिन्दुत्वका तात्त्विक लक्षण यिनै हुन् । अब यस प्रक्रियाबाट हिन्दुत्त्वको स्वरुपलाई हेर्ने दृष्टिकोणको विरुद्ध जे जति व्याख्या र विश्लेषंण गरिन्छन्, ती सबै अज्ञान मात्र हुन् । हिन्दु वर्णव्यवस्थाको त्यस्तो अज्ञानसंग कुनै मतलब रहँदैन ।

अहिले पानीका विषयमा जे जति तर्क, वितर्क, विचार वा प्रचार भए पनि हिन्दु धर्मले पीण्ड पानीको आफ्नै ढंगले विश्लेषण, व्याख्या र उपयोग गर्ने विधि विकसित गरेको छ । कुनै पनि शुभकार्यमा स्थापना हुने पूर्णकलस होस् वा अर्घस्थापना होस् त्यहाँ शुद्ध जल अनिवार्य हुन्छ नै त्यस्तै तर्पण कार्यमा समस्त पितृहरुलाई तर्पण गरिसकेपछि चराचर जगतलाई पानी दिंदै अन्त्यमा यो मन्त्रले बाँकी रहेकाहरुलाई तर्पण गरिन्छ ।

'ये बान्धवा बान्धवाये येऽन्य जन्मबिवान्धवाः
ते सर्वे तृप्तिमायांतुयेऽस्मत्तोयाभिकांक्षिणः
आव्रम्हस्तम्ब पर्यन्तं देवर्षि पितृ मानवां
तृप्यन्तु पितरः सर्बे मातृमातामहादय
आब्रम्हस्तम्य पर्यन्तं यतकिन्चित सचराचरम्, मयादत्तेन तोयेन तृप्तिमेवाधिगच्छतु ।

अतीत कुल कोटिनां सर्वद्वीप निवासिनाम्
आब्रह्म भुवनांल्लोकानिदमस्तु तिलोदकम्
एके चास्मत्कुले जाता अपुत्रा गोत्रिणो मृताः
ते गृहन्तु मयादत्तं वस्त्र निष्पीडितोदकम् ।

अर्थ स्पष्ट छ । हिन्दु सनातनधर्मीले यसरी पानीको महत्वलाई स्वीकार्छ । कर्मकाण्डको यो तर्पण विधिमा कति उदारता छ, चराचर जगत सबैलाई पानीले तर्पण गरेर तृप्त पार्ने यो विधिलाई अवैज्ञानिक र अन्धविश्वास ठान्ने कि महानता, उदारता र विशेषता मान्ने ? पानीका निमित्त झगडा मच्चाउने र पानीको व्यापारमा लागेको आजको भौतिकवादी, उपभोक्तावादीले तर्पणविधिको यो एउटा सामान्य प्रकरणलाई बुझ्न सकेका छैनन्, अरु तात्त्विक विशेषता के बुझ्लान् ? तर धर्मनिरपेक्षको नारा दिनेले यी पंक्तिबाट हिन्दु सनातन धर्मको अन्तरनिहित भावना बुझ्न कोसिस गरेमा यो त्यस दिशातिर प्रवेश गर्ने एउटा सूत्र ठहर्दैन त ?

भोगविलास र उत्तेजना, हिंसा र युद्धोन्मादमा लाग्ने मानसिकताकाले हिन्दु वर्णव्यवस्थाका यस्ता तात्त्विक सूत्रमा अन्तरनिहित भावनात्मक पक्षलाई अन्धविश्वास वा रुढिबुढिको संज्ञा दिए पनि सनातनी हिन्दु त्यसैबाट बच्न र त्यस्तै क्रूर कर्मप्रति विमुख हुन आफ्नो जीवनशैलीमा यज्ञ, यज्ञादिको महत्व स्वीकारेर पर्यावरणको स्वच्छताका लागि अन्तरंग सम्बन्ध विकसित गर्न उद्यत रहन्छ । अन्धविश्वास वा कोरा नारामा हिन्दु सनातन धर्म संकुचित हुन चाहँदैन । यसमा असीमित स्वतन्त्रता छ ।

पञ्चतत्वले निर्माण भएको शरीरको विषयमा सनातन धर्मीले गहन चिन्तन गर्छ । यसै चिन्तनमा रमाउने हिन्दु सनातन धर्मावलम्बीको स्वभाव हो । यसैको नाम स्वधर्म हो । भावनात्मक पक्षमा पनि गहन तत्वबोध गरिएको छ । यही स्वधर्म हो । जीवनका लागि अनिवार्य अर्को तत्व वायु पनि हो । पुराणहरुमा पर्यावरण संरक्षणका सूत्रहरुको पनि उल्लेख छ, जसले हिन्दु धर्म संस्कृतिको प्रकृतिसंगको तत्वचिन्तनमा प्रकाश पार्छ ।

✧ ✧ ✧



यज्ञ, यज्ञादि र पर्यावरणको अन्तर सम्बन्ध

हिन्दु वर्णव्यवस्थाका तात्त्विक लक्षणहरु र विशेषताहरुमा पञ्चतत्त्वमध्ये वायुतत्त्वबारे संक्षिप्त चर्चा यसरी गर्न सकिन्छ- मानिस लगायत सबै चराचर प्राणी र वन-वनस्पति टन्न भरिभराउ वायुमण्डल अर्थात् वायुको समुद्रभित्र छन् । यो वायुमण्डलभित्र मनुष्यहरु मात्र नभई सास फेर्ने सबै प्राणी र वन-वनस्पति समेत माछा पानीमा डुबेर बसेझैं वायु अर्थात् हावाको समुद्रभित्र डुबेर बसेका छन् । यसैले वायुमण्डल दूषितं हुनासाथ त्यसको असर सोझै जन्तु जीवात्मा सबैमा पर्छ । हाम्रो जीवनमा पनि पर्छ । प्रदूषित वायुमण्डलकै कारण हामी र हाम्रा वरपरका जन्तुजीवात्मा, वन-वनस्पति, अन्नबाली सबै प्रभावित हुन्छन् । वायुमण्डलमा विकृति आउनासाथ पृथ्वीतलका सबै ८४ लाख योनी प्रभावित हुन्छन् । त्यसैले हिन्दु सनातन धर्मावलम्बीहरु वायुमण्डल अर्थात् अन्तरिक्षमा हुने प्रदूषणप्रति सजग रहेर शुद्ध वायु सेवन गर्न वायु शुद्धिमा जोड दिन्छन् । पञ्चतत्त्वले निर्माण भएको शरीरको यौटा तत्त्व वायु हो । यसको शुद्धता विना शरीरका कुनै पनि अवयव स्वस्थ रहँदैनन् ।

एक्काइसौं शताब्दीको दैलोमा उभिएको अहिलेको विश्व ब्रह्माण्ड र मानव जातिले यस्ता धेरै एक्काइसौं शताब्दी पार गरेर आएको प्रमाण

पाइन्छ । लाखौं लाख वर्षका प्रागऐतिहासिक कालका पुरातात्त्विक महत्वका सामग्री र जीवात्माका अवशेषहरुले यो विश्व ब्रह्माण्ड ढाकेको छ । त्यस्ता प्रागऐतिहासिक महत्वका वस्तु र जीवात्माहरुबारे अध्ययन गर्ने अध्येताहरुले अनेक अनेक रहस्यको उद्घाटन पनि गरिरहेका छन् । अहिले पनि यही अध्ययनकै क्रममा प्रमुख समस्याको रुपमा पर्यावरण संरक्षणका बारे चर्चा हुँदा यसैगरी पर्यावरण बिग्रदै गएमा र त्यसको समाधान गर्न नसकिएमा यो विश्व ब्रह्माण्डको भविष्य यस्तै रहन्छ भनेर भन्न सकिने स्थिति छैन । मानव जाति मात्र होइन, पर्यावरणको चपेटामा पर्दा विश्व ब्रह्माण्ड नै फेरि एक्काइसौं शताब्दीपूर्वकै विविध कालखण्डमा घटेका प्राकृतिक प्रकोपका घटना दोहोरिएर समाप्त त हुँदैन, अथवा मानव जातिको भविष्य सुरक्षित रहला त ? यस्तै यस्ता प्रश्नै प्रश्न खडा गरिदिएको छ । यस्तै एउटा झलक केही समयपहिले भएको अन्तर्राष्ट्रियस्तरको रियो दि जेनेरियो जस्ता सम्मेलनमा पनि दर्शाइएको हो ।

यद्यपि पर्यावरणको संरक्षणका लागि अनेक प्रयास र प्रयत्नहरु देश देशान्तरमा अनेक संस्थाहरुले गरिरहेको प्रयास त सञ्चारमाध्यममा प्रचारित गरिरहेकै छ । यो सम्बन्धी गोष्ठी र सभा सम्मेलन पनि विश्वमा उत्तिकै भइरहेका छन् । तर, ती सबै सतही सावित भएका छन् । कारण स्पष्ट छ- सबै समस्याको तत्काल निदान त चाहन्छन्, तर समस्याको गहिराइमा भने पुग्दैनन् । त्यसैले समस्या नै यथावत रहन्छ । अनि तत्काल समाधानको प्रसंग त्यस्तै प्रदूषित हावामा नै विलिन हुन्छ र प्रदूषण झन् झन् बढ्छ ।

पूर्वीय सनातन हिन्दु वर्णव्यवस्थाले यो समस्याको समाधान शताब्दीयौं पहिले नै खोजेको छ । पर्यावरणको विनासको प्रमुख कारण हो- प्रकृतिसंग मानिसको बढ्दै गएको वैरभाव अर्थात् टाढिने र टेढिने प्रयत्न । मानिस र प्रकृतिबीच जति सामीप्य रहन्छ, त्यति नै स्थिति अनुकूल बन्छ- जति दूरी बढ्छ, त्यति नै प्रतिकूल स्थिति उत्पन्न हुन्छ । अनियन्त्रित रुपमा फैलिएको उपभोक्तावाद र धेरैभन्दा धेरै लाभ लिने वा सुख भोग गर्ने प्रवृत्तिका कारण अहिले पर्यावरणको हालत यो स्थितिमा पुगेको हो । वायुमण्डलमा प्रदूषण फैलाउँदै दगुरेका असंख्य बाहनहरु हुन् वा प्लाष्टिकमय बन्दै गएको दैनन्दिनी जीवनको अर्को भयावह कृत्रिम जीवनशैली नै किन नहोस् ध्वनि,

धुँवा र धुलो लगायतको विषादिले पूरै वायुमण्डल र जल, थल र नभमा दुर्दशा नै निम्त्याइरहेछ । यस्तो ध्वनि प्रदूषण, धुलोको प्रदूषण र धुँवाको प्रदूषण अति हानिकारक हुन्छ भनिए तापनि यो प्रदूषणका कारकमा राजनीति गर्नेहरुकै पनि निन्दनीय भूमिका देखिएको छ । प्रतिवर्ष सडक आन्दोलनमा हजारौं टायर बालिन्छन् । राँके जुलुस प्रदर्शन गर्न मट्टितेल र मोबिलमा भिजाएर थोत्रा कपडा वा प्रज्ज्वलनशील पदार्थ बेरेको लाठामा राँको सल्काइन्छ । त्यसरी नै पुत्ला जलाउने नाउँमा पनि उस्तै धुँवा प्रदूषणको कारक हुने काम गरिन्छ । वातावरण मन्त्रालयको नीति निर्माण गरेर सो मन्त्रालय हाँक्ने मन्त्री हुन रहर गर्ने पात्र नै हातमा धुँवा पुत्ताउने राँको लिएर सडक आन्दोलन गर्न सडकमा उत्रन्छ र त्यस्तै अर्को राजनेता टायर बालेर सडक अवरुद्ध गर्दै राजनीतिक आन्दोलन चर्काउन ध्वनि प्रदूषित हुने गरी ध्वनि प्रसारणयन्त्रबाट असमयमा सडकमा कुर्लिन्छ । पुत्ला जलाउने र धुँवा पुत्ताएर आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न चाहने आजका धर्मनिरपेक्षका नारा लगाउने राजनीतिज्ञहरुले धर्मको विषयमा विषबमन गरे पनि हिन्दु सनातन धर्मले ध्वनि, धुँवा र धुलोको प्रदूषण कम गर्ने मात्र होइन, त्यो प्रदूषणको उत्पत्ति नै नहोस् भनेर यज्ञ-यज्ञादिमा हवन गर्ने विधिको समेत निर्माण गरेका छन् । शंख ध्वनिले ध्वनिमा शुद्धिकरण मात्र हुने नभई हानिकारक किटाणुको समेत समन गर्छ भनेर विज्ञानले प्रमाणित गरेको छ । त्यस्तै शुद्ध मन्त्रको पाठबाट ध्वनि प्रदूषण कम हुनाको साथै मन्त्र प्रभावले रोगादिका कष्ट र पीडा कम हुन्छ भन्ने कुरामा अहिले विश्वास नगरे पनि संगीतका माध्यम तनाव गर्ने वा संगीतद्वारा नै रोगको उपचार गर्ने र संगीतले नै अन्नबाली लगायत उत्पादन बढ्ने र संगीत सुनेर लट्ठिएका गाइले गुणस्तरयुक्त दूध बढी मात्रामा दिने कुरा वैज्ञानिकहरुले आफ्ना शोधपत्रमा उल्लेख गर्न थालेका छन् । हिन्दु धर्मग्रन्थ वा श्रुतिस्मृति पुराणमा यिनै कुरा उल्लेख छन् । प्रत्येक स्तोत्र पाठ गर्दा हुने फलको उल्लेख सो स्तोत्रमै गरिएको छ । पाठ गर्दा ध्यान केन्द्रित हुनुपर्ने र शुद्ध पाठ गर्न र शुद्ध उच्चारणद्वारा ध्वनि प्रदूषण हट्नेतिर विशेष जोड दिइएको छ । हिन्दु धर्मका यस्ता अनेक पक्ष अहिले विस्मृतिमा परेका छन् । टायर, राँको र पुत्ला जलाएर वायुमण्डल

समेत विषाक्त पार्ने काम जसले गर्छ- ऊ धर्मनिरपेक्षको नारा लगाउँछ ।

यसरी आफैं विषादि फैलाउने जीवनशैली अपनाउने र फेरि प्रदूषण र त्यसबाट उत्पन्न विषम परिस्थितिका विषयमा चिन्ता पनि गर्ने यस्तो दोहोरो चरित्र अहिले मानिसले निर्वाह गरेको छ । पर्यावरण दिवस यस्तै द्वैध चरित्र निर्वाह गर्नेहरुले पनि धुमधामसंग मनाउँदै आएको पनि देखिन्छ । तर यस्तो द्वैध चरित्र परित्याग गरेर आफ्नो जीवनशैलीलाई नबदलिकन प्रदूषणरहित पर्यावरणको परिकल्पना गर्न सकिंदैन । प्रकृतिको सामीप्यमा सरल जीवन विताउन अभ्यस्त नभइकन भौतिक सुख समृद्धिको अथाह चाहनालाई नियन्त्रण नगरिकन त्यस्तो सुखद् पर्यावरणको परिकल्पना गर्नु निरर्थक छ । दूध, दही, घिउ वा अन्न प्लाष्टिकका थैलामा भरेर कारखानामा उत्पादन गरेर पर्यावरण शुद्धिकरण गर्न सकिंदैन । त्यस्तै जंगल विनास गरेर विकास गर्ने वा जंगललाई समाप्त पारेर धन आर्जन गर्ने प्रवृत्ति र जंगललाई आयस्रोतको रुपमा हेर्ने दृष्टिकोण छँदासम्म पर्यावरणमा सुधार आउँदैन । यस्तो मानसिकता परिवर्तन गरेर जंगल त जीवनरक्षक महौषधिको स्रोत हुन् भन्ने सूत्रलाई व्यावहारिक रुप नदिएसम्म पर्यावरण सुध्रँदैन । जबसम्म प्रदूषणरहित पर्यावरणको व्यवस्थामा एउटा सुनिश्चित व्यवस्था जीवनशैलीमै अपनाइँदैन, तबसम्म वायु, जल, थल, अन्तरिक्ष जतातत‌ै भयावह अवस्था बढ्दै जान्छ- पर्यावरणको स्थिति बिग्रादै जान्छ । यसमा मानिसका विचारको स्रोत नै प्रदूषणग्रस्त भएर विकृतिमा रमाउने र स्वार्थले अन्धो हुने प्रवृत्ति नै सबभन्दा आलोच्य पक्ष छ ।

आजभन्दा केही हजार वर्षपहिले पौराणिक कालमै जल, जंगल, जमिनका बारेमा सनातनी हिन्दुहरुले जे सोचेका थिए, ती कति सत्य र यथार्थमा आधारित थिए भन्ने कुरा फेरि दोहोऱ्याउन जरुरी छैन । त्यतिखेरको सोचाइमा सर्वप्रथम मानिसको तन र मन स्वस्थ हुनुपर्छ भन्ने धारणा प्रवल देखिन्छ । यज्ञ-यज्ञादिको निरन्तर चलिरहने व्यवस्था गरेर पर्यावरण लगायतमा स्वतः सुधार भइरहने प्रक्रियाको थालनी गर्ने हिन्दुहरुले नै शान्तिको उद्घोष गर्दा वन, वनस्पति, अन्तरिक्ष लगायत पानी र औषधि समेतमा स्वच्छ, स्वस्थ र शान्ति चाहेका हुन् । सोम यज्ञ होस् वा अरु कुनै यज्ञ-यज्ञादि सबै यज्ञको परिसमाप्तिको प्रतिफल मानव कल्याण, विश्व

कल्याण र जल, थल, नभ र अन्तरिक्षमा चराचर जगतको हित अनुकूलको पर्यावरणीय वातावरणको निर्माण गर्नु नै हो । यही नै हिन्दु वर्णव्यवस्थाको मेरुदण्ड पनि हो ।

ईशापूर्व नै रचना भएका हिन्दु धर्मग्रन्थहरुमा यद्यपि हिन्दुधर्मको नाम छैन- त्यहाँ आर्य संस्कृति, सनातन धर्म र त्यसको अन्तिम उद्देश्य मोक्षको मात्र कुरा छ । सिन्धु शब्दको अपभ्रंश हिन्दु हो भन्ने मान्यताको स्थापना पछि गरिएको हो भनिन्छ तापनि हिन्दुहरुका धार्मिक ग्रन्थहरुमा कर्मकाण्ड होस् वा ज्ञानकाण्ड त्यहाँ पर्याप्त चर्चा यस्ता यस्ता विषयमा पनि भएको पाइन्छ । जहाँ विश्व ब्रह्माण्डको शान्ति र मानव कल्याण लगायत चराचर जगतका प्राणीहरुको जीवनचक्र व्यवस्थित रहिरहोस् । अहिले गहिराइमा पुगेर यी ग्रन्थहरुको अध्ययन गरिंदैन । कर्मको अलावा जीवनशैली परस्परको सम्बन्ध वन-वनस्पतिको विस्तृत वर्णन, जल, जंगल, जमीन, कृषि र आर्थिक, सामाजिक सम्बन्धका विषयमा त्यस्ता ग्रन्थहरुमा सविस्तार वर्णन छ । त्यहाँ जन्मले होइन, कर्मले वर्णव्यवस्था कायम भएको र सबैको उत्तिकै योगदान गरेको देखापर्छ ।

रुख-वृक्ष र जीव-जन्तुहरुका साथ मानवीय व्यवहार कस्तो हुनुपर्छ ? यसको पूरापूर विवेचना विभिन्न पुराणहरुमा गरिएको छ । मानिस सबै एउटै परिवारको सदस्य हुन् **'बसुधैव कुटुम्बकम'** यही उद्घोष भएको छ । रुख-बिरुवा रोप्ने कुरा वा कामको वर्णन लगायत खेतीपाती गर्ने कुरा र काम तिनको रेख-देख औषधि-उपचार लगायतका विषयमा ईशापूर्व नै हिन्दु सनातन धर्मीहरुले गरेका प्रयास अहिले झन् सान्दर्भिक देखिन्छन् । यस्तो अवस्थामा कुनै पनि विभाजन र विग्रह कलह झैं-झगडा मच्चाउनेतिर कुनै हिन्दुको न त रुचि छ, न त स्वार्थ । हिन्दुहरुमा फुट ल्याउन चाहनेहरुको आफ्नै उद्देश्य छ । वामन पुराण, कर्म पुराण, अग्नि पुराण लगायतका पुराणहरुमा बोट-बिरुवा र तिनका कुनै पनि शाखा-प्रशाखा, हाँगा वा मुन्टा चुड्नु, काट्नु वा भाँच्नु निषिद्ध मात्र छैन, अपराधै मानिएको छ । काट्ने, फाड्ने र विनास गर्ने कुरा अर्को हो । त्यो त जघन्य अपराधकै श्रेणीमा पर्छ । हो, बिरुवाहरु सार्नु, दान दिनु र हुर्काउनुलाई पवित्र कार्य भने मानिएको छ । वन, वनस्पति, पानी र हावाका विषयमा यति गहन

खोज गरेर **'नास्ति वृक्ष महौषधम'** को ध्वनि घन्काउने हिन्दुहरुले **'अयोग्य पुरुषोनास्ति योजक तत्र दुर्लभ'** भनेका छन् ।

जति पनि खराबीहरु छन् ती सबलाई अनैतिक र अपराधको कोटीमा राखेर रुख-बिरुवा काट्ने, वन फाँड्ने, डँढेलो लगाउने आदि कर्महरुलाई दण्डनीय कर्म भनेर दण्ड विधान नै पुराणहरुमा व्यवस्था गरिएको पाइन्छ । अग्नि पुराण र मत्स्य पुराणमा त उपयोगी वनस्पति र रुख-बिरुवा काट्ने, फाँड्ने, डँढेलो लगाउने आदि कुकर्म गर्नेलाई आर्थिक दण्ड नै तोकिएको छ । वामन पुराणमा जंगल, वन, उपवनको हेरचाह गर्ने क्षेत्रपालको नियुक्तिको प्रावधान र उसको अधिकार, कर्तव्य र उपलब्ध गराइएको सुविधाले जंगलको महत्व प्राच्य जनजीवनको मात्र होइन, राज्यसत्ताले पनि उत्तिकै स्वीकारेको बोध हुन्छ । वायुपुराणमा रोगी वृक्ष र बिरुवाको उपचार गर्ने पद्धति र वृक्ष वैद्यको नियुक्तिको समेत वर्णन छ । यसरी पौराणिक कालमा एकातिर राज्यसत्तादेखि जनसत्तासम्म पर्यावरणको संरक्षणका निमित्त चनाखो भएको थियो अर्कातिर वायु प्रशोधनको लागि ठूलठूला यज्ञहरु विश्वशान्ति, अन्तरिक्ष शान्ति, वनस्पति शान्ति, औषधि शान्ति र जतातत्तै नै शान्ति शान्तिको कामनाका साथ निरन्तर चलिरहन्थे । त्यस्ता यज्ञादि कर्मका निमित्त पनि आवश्यक स्रोत सामग्री उपलब्ध गराउन वनमै अत्यधिक भर पर्नुपर्ने हुँदा वनको महिमा अपरम्पार थियो । वनको शाब्दिक र लाक्षणिक छुट्टाछुट्टै अर्थ छ । वनले सबैथोक बन्छ भन्ने लाक्षणिक अर्थ बोध गराउँछ । अर्थात् सबै कुरा जे पनि बनाउन सकिने पदार्थ वनमै हुने भएकाले वनको लाक्षणिक अर्थद्वारा सबै कुरा बन्छ भन्न खोजिएको हो । वनमै औषधि पाइन्छ । वनभित्रै कन्दमूल र फलफूल छन् । वनभित्रै जैविक विविधता छ । वनमै शान्ति छ । वनमै तनावरहित स्वच्छ वातावरण हुन्छ । अर्थात् मानवीय सबै संसाधनको स्रोतकेन्द्रका रुपमा पनि वनलाई विशेष महत्व दिइएकाले वन यो शब्दको लाक्षणिक अर्थ स्पष्ट छ । जीवनका लागि अपरिहार्य र निर्विकल्प जल अर्थात् पानीकै निमित्त पनि वनकै आवश्यकता पर्छ । त्यसैले रुख, वृक्षका काठहरु चोर्नेहरु मात्र दण्डित नभएर बोटविरुवा जथाभावी नष्टभ्रष्ट गर्ने वा चोरचार गर्नेहरु समेत दण्डित हुन्थे । पुराण लेख्ने लेखकहरुले वनस्पतिलाई पवित्र र पूजनीय कोटीका वनस्पति र अन्य उपयोगी वनस्पतिको वर्गीकरण

समेत गरे तापनि वायु पुराणमा स्पष्ट शब्दमै मनुष्यका लागि सबै आधारभूत आवश्यकताहरु रोटी, कपडा, आभूषण, घर बनाउने काठ र फलफूल, रंग र मह लगायतका यावत पदार्थ रुख-वृक्षहरुबाटै पाइने ठोकुवा गरेको छ। कृषिको यावत कर्म सम्पन्न गर्न पनि वनमै आधारित प्रविधिमा भर पर्नुपर्ने र कृषि क्षेत्र वरपर कृषिवन, उपवन स्थापना गरेर कृषिलाई समुचित सुरक्षा प्रदान गर्ने प्रविधिका रुपमा पनि प्रयोग भएको पाइएको छ। कृषि क्षेत्रमा अवस्थित वन, उपवनमा विचरण गर्ने चरा र सरिसृप लगायतका पशु, पंक्षीहरुले उत्पादन वृद्धिमा पूरक सहयोगीको कार्य गर्ने हुँदा कृषि क्षेत्र वरपर वनजंगलको अझ विशेष महत्व प्रदर्शित गरिएको छ। पुराणहरुमा बालीनाली र बोटविरुवाको परिस्थितिकीतन्त्रको जैविक घटक र जंगल, वन, उपवनको मानव समुदायका लागि आवश्यक आधार मानिएको छ।

वायु पुराणमा स्पष्ट निर्देश छ कि- वन फाँड्नु वा डँढेलो लगाउनु र वन अतिक्रमण गरेर विनास गर्नु प्राकृतिक विपत्तिलाई नै निम्ता गर्नु हो। कुपित प्रकृतिले पृथ्वीको र जीवनको अस्तित्व समेत समाप्त पार्ने गरी बबण्डर मच्चाउने कारण नै प्रकृतिसंग खेलवाड गर्नु, प्रकृतिलाई जिस्क्याउनु वा प्रकृतिलाई नियन्त्रणमा लिने दुस्साहसको प्रतिफल हो। यसमा वन, उपवन र जंगलप्रतिको व्यवहार नै ठूलो कारकतत्व रहेको छ। पुराण निर्माताहरुले भविष्यको सूचना जे जसरी प्राप्त गरेका भए पनि त्यो कुनै खण्डमा पनि सही नै सावित हुने गरी लिपिबद्ध गरेका छन्। उखानै छ- 'जंगलमा मंगल, मंगलमा जंगल।'


पौराणिक कालका पर्यावरणवादीहरु कोरा नारावादी पर्यावरणविद् थिएनन्। त्यसैले उनीहरुले रचना गरेका पुराणहरुमा विभिन्न जैविक, अजैविक घटकहरु अर्थात् हावा, ऊर्जा, माछा, कछुवाका नामहरुलाई नै शीर्षक दिएर वायुपुराण, अग्निपुराण, मत्स्यपुराण, कुर्मपुराणको रचना भएको छ। त्यस्तै त्यो युगका राजा-महाराजा, शासक, प्रशासक समेत पर्यावरणका विषयमा पर्याप्त ज्ञान राख्थे। अर्थात् पर्यावरणवादीहरू नारामा मात्र सीमित नरहेर साँच्चिकै पर्यावरणको संरक्षण कार्यमा तल्लीन हुन्थे। सम्राट अशोकदेखि लिएर राजा-महाराजाहरूको सूचि बनाउँदै जाने हो भने पृथु र परीक्षित सबै पर्यावरणविद्कै कोटीका राजा-महाराजाहरू ठहर्छन्।

यज्ञ यज्ञादि र पर्यावरणको अन्तर सम्बन्ध छ। यसका लागि नै वनस्पति लगायतका यज्ञका सामानहरू जुटाउन वनजंगलको विशेष आवश्यकता बोध गरिएको छ। हिन्दु सनातन धर्म संस्कृति वनसंगै अन्योन्याश्रित संस्कृति हो। यज्ञ गर्न बनाइने मण्डपदेखि लिएर यज्ञका साधनहरू जुटाउन वनमै आश्रित हुनुपर्ने र पर्यावरण शुद्ध गर्न वा राख्न पनि यज्ञ नै गरिने हुँदा पुराणहरुमा पर्यावरण संरक्षणका सूत्र र विशेषताहरू उल्लेख गरिएका छन्। यसरी सनातन हिन्दु धर्मले जे गरे पनि यज्ञकै रुपमा परिभाषित गर्छ। त्यो यज्ञले सबैको हित हुन्छ भन्छ।

राजसूय यज्ञ यज्ञादिदेखि लिएर सोमयज्ञ होस् वा कोटीहोम, शासक, प्रशासक राजा-महाराजाहरूको सक्रिय संलग्नता देखापर्छ। यसरी पर्यावरणको शुद्धता र जीव जगतको कल्याण मात्रका लागि नभएर विश्व ब्रह्माण्डकै कल्याण चिताएर यज्ञ सम्पन्न गर्ने हिन्दु वर्णव्यवस्था आलोच्य नै छ त ?

✧ ✧ ✧





अध्यात्मवादीहरूका लागि उपभोक्तावादी जीवनशैली अस्वीकार्य

केही तथाकथित आधुनिक विचारकहरु 'धर्म' 'आत्मा' ब्रह्म' को नामै लिन पनि तयार छैनन् । उनीहरू प्राच्य धर्म खासगरी सनातनी हिन्दुधर्म र ब्राह्मण शब्दसंग यति चिढिएका छन कि- सारा शक्ति सामर्थ लगाएर हिन्दु धर्म र ब्राह्मणहरुको विरोधमा उम्लनु नै उनीहरूको पुरुषार्थ हो । हिन्दु भन्नासाथ त्यो कट्टर अन्ध समर्थक हुन्छ र ब्राह्मण शब्दले अरु सबै जात जातिको शोषण नै गर्छ भन्ने भ्रम पालेकाहरूको अज्ञानतालाई देखेर दुःख प्रकट गर्नमात्र सकिन्छ । अरु केही भन्न सकिंदैन । उनीहरुको कुतर्क यस्तो छ- 'ब्रह्म मिथ्या हो जगत सत्य हो' **'अय आत्मा बह्म होइन, अयमात्मा भ्रमः'** यसरी अहिले कथित आधुनिकहरु आत्मा, ब्रह्म र धर्मको धज्जी उडाउन सुरिएका छन् । ब्राह्मणवादको विरोध गर्ने नाउँमा प्राच्यका यावत धर्मग्रन्थ तथा धार्मिक संस्कार र धार्मिक परम्परा, मूल्य, मान्यता र विश्वासलाई तिरस्कार गरेर आधुनिक बन्ने उनीहरुको दौडधूप हेर्नलायक त छैन तर, दया गर्नलायक भने छ ।

मधुवाता ऋतायते । मधु क्षरन्ति सिन्धवः ।
मधुमत पार्थिव रजः । मधु द्यौ रस्तुन पिता ।
मधुमान्नो वनस्पतिः । मधुमान अस्तु सूर्यः ।
ॐ शान्तिः शान्तिः शान्तिः

यो मधुरतम सन्देशतिर उनीहरुको कुनै ध्यान छैन । उनीहरुका कानहरुले, आँखाहरुले, मन र वाणीले प्राच्य धर्म संस्कृति र मूल्य मान्यतालाई घृणा गर्न विदेशीहरु खासगरी विधर्मीहरुबाट सिकेका हुनाले विधर्मी बाहिरिया जस्तै उनीहरु पनि स्रोतसम्म पुग्न सक्दैनन् । त्यसैले सतहमा बसेर हिन्दु सनातन धर्म, संस्कृति र जीवनशैलीको खोट देखाउन तालुदेखि पैतालासम्मको बल प्रयोग गर्दैछन् । आफ्नै खुट्टामा आफैं बञ्चरो हान्दैछन् । पूर्व कालिदास प्रवृत्ति यो मूर्खताले गर्दा अज्ञानको यो पर्दालाई झन् बल पुगेको छ ।

हिन्दु वर्णव्यवस्था र धर्मको विधानमा घृणा, द्वेष वर्गयुद्ध वा हिंसा सबै परित्याग गरिएको छ । काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य नै शत्रु ठान्ने हिन्दु वर्णव्यवस्थाले हिंसाजन्य कुनै पनि विकृतिलाई अस्वीकार गरेको छ । समाजलाई यौटै सूत्रमा समाविष्ट गर्ने सनातन हिन्दु धर्मको जगत नै अद्वैत दर्शनमा आधारित छ- जसले प्रत्येकलाई विशाल समष्टिको यौटा अंगकै रुपमा मानेर आ-आफ्ना कर्तव्य र अनुशासनलाई नियमित र कुशल ढंगले पालन गर्ने र आफ्ना आफ्ना संस्कार र अभ्यासका अनुरुप सेवाहरु समाजकै निमित्त अर्पण गर्दै जीवन नै समाज यज्ञमा समर्पित गर्ने सूत्रहरु व्यवस्थित गरेको छ ।

समष्टिको कल्याणमै व्यक्तिको कल्याण छ । निजी जीवनधारालाई समाजगंगामा विलीन गरिदिनु नै धर्म हो । यही उदात्त भावनाले ओतप्रोत हुनेहरुले मात्र सनातन धर्मको पालना गर्न सक्छन् । जनमानसलाई तुच्छ स्वार्थभन्दा माथि उठ्ने प्रेरणा दिने धर्मशास्त्रहरुको आदेश छ । **'अष्टादश पुराणेषु व्यासस्य वर्चन द्वतम् ।'**

'परोपकार पुण्याय पापाय परपीडनम्' हिन्दुधर्म शास्त्रको निचोड यही हो । वर्णव्यवस्थामा यै छ ।

अब यस्तो निचोडलाई बङ्ग्याएर, यताउताका कुरा बटुलेर धर्म

संस्कृति र परम्परा खासगरी वर्णव्यवस्थाका विरुद्ध विषबमन गर्दै फुट ल्याएर, द्वन्द्व मच्चाएर अभीष्ट सिद्ध गर्ने हालका प्रयत्नहरुले शान्ति, सद्भाव र परस्परको सौहार्दतामा मात्र प्रहार गरेका छैनन्, पर्यावरणमात्र प्रदूषित हुने गरी हिन्दु सनातन धर्मीहरुका पूजास्थल र तिनका निमित्त आवश्यक भूमि वा सहायक वस्तुविशेष मात्र बिटुल्याइरहेका छैनन्- त्यहाँभित्रै घुसेर वितण्डावाद समेत मच्चाइरहेका छन्। यस्तो कार्यमा सहायता पुऱ्याउनेहरू हिन्दु वर्णव्यवस्थाकै सन्तान दरसन्तान भएको र उनीहरू आधुनिक बन्ने रहरमा विदेशीहरूको र विधर्मीहरूको हातको कठपुतली भएको देखिएको छ।

पशुतालाई दबाएर मानवता र देवत्वलाई प्रकट गर्न हिन्दु धर्म संस्कृति अनुरुप राखिएका आफ्ना नाम र जात जातिको आफैंले उछित्तो काढ्नेहरूले आफ्नो नाम प्रदीप छ भने त्यो प्रदीप शब्द संस्कृत भएको र हिन्दु धर्मसंग सम्बन्धित उज्यालो बत्तीको प्रतीक भएकाले त्यो शब्दलाई हिन्दु धर्म संस्कृतिको अवशेषको रुपमा घृणा गरेर आफ्नो नाम नै प्याट्रोमेक्स राखेर आधुनिक बन्न रहर गर्नेहरूका निमित्त के भन्न सकिन्छ ? दीपक नाममा हिन्दु सनातन धर्मको गन्ध आयो भनेर त्यो नामबाटै बहिर्मुख हुँदै कसैले आफूलाई दीपक भनेको मन नपराएर 'लाइट' वा 'वल्भ' नाम राखेर आधुनिक हुंन खोज्छ भने के जवाफ दिने ? स्रोतकेन्द्रमा पुग्दा हिन्दु सनातनीसंग सम्बन्ध गाँसिने भयले कसैले आफूलाई हिन्दु वर्णव्यवस्थाभन्दा बाहिरको हुँ भनेर त्यसरी नै आधुनिक हुन चाहने र त्यस्तो आधुनिक व्यक्ति वा वर्गविशेषले हिन्दु सनातन धर्मको विरोधमा उत्रेवापत विधर्मीहरूबाट आर्थिक वा अन्य भौतिक सहायता पाएर आधुनिक युग सुहाउँदो प्रगति गऱ्यौं भनेर मख्ख पर्छन् भने त्यहाँ हिन्दु सनातन वर्णव्यवस्थाका पृष्ठपोषकहरुले गर्न नै के सक्छन् ?

चित्तका यस्ता चञ्चल प्रवृत्ति रोक्ने उपाय छन्- तर ती कठोर नै छन्। अहिले त्यस्तो शिक्षा पद्धति समेत प्राच्य धरतीबाटै लोप भइसकेको छ। पतञ्जलिको अष्टाङ्ग मार्ग होस् वा गौतम बुद्धको योगसूत्र पञ्चयम जैनीहरुको पञ्च महाव्रत वेदान्तीहरूको षटदर्शनको सम्पत्ति होस् वा बौद्ध

र जैनीहरूको त्रिरत्न समेत यतिखेर विस्मृतिकै गर्भतिरै पुरिएका छन् । यी सबैले प्राच्य धरतीमा आत्मसंयमकै शिक्षा दिएका थिए । यही नै प्राच्य धरतीका जीवन-दर्शनका मूल मन्त्र पनि हुन् । माथि वर्णन गरेजस्तै काम, क्रोध, लोभ, मोह, अहंकार आदि विकारहरुलाई दमन गर्ने सनातन हिन्दु वर्णव्यवस्थाको विरुद्ध तिनै कुराहरुले प्रहार गर्दै विखण्डन र विघटनको मार्ग प्रशस्त गर्नेहरूले प्राच्य धरतीका संयम, नियम र अन्यान्न तपस्याहरूबारे समेत घृणा नै घृणा फैलाउने चेष्टा गर्दैछन् । आशुरी प्रवृत्तिमाथि विजय पाउन शरीर इन्द्रिय तथा विषय बासनालाई दमन गर्ने वा चित्तवृत्तिलाई निवृत्त गरेर आत्मातिर फर्काउने आध्यात्मिक साधना र यो साधना गर्दा अपनाइने विधिलाई तपस्याको रुपमा स्वीकार्ने सनातन हिन्दु वर्णव्यवस्थाको विशेषता हो । आधुनिक विज्ञान बाह्य जगतको र बाह्य तत्वको अनुसन्धान गरेर अन्तरिक्षमा उडिरहेको छ । प्राच्य धर्म दर्शन अन्तर्जगत र तत्त्वहरूको अनुशीलन गरेर आत्माको गहिराइमा प्रवेश गर्ने प्रेरणा दिइरहन्छ । दुवैपट्टि अनन्त सम्भावना पनि छन् । अध्यात्मवादीहरुका लागि उपभोक्तावादी जीवनशैली रुचिकर हुँदैन । यसका कारण अनेक छन् । प्रथमतः अध्यात्मवादीले गरेको तत्त्वचिन्तन नै प्रमुख छ । तत्त्वचिन्तनका प्रथम सोपानमै परब्रह्मको आश्रयमा सत्वगुण, तमोगुण, रजोगुण स्वरुपिणी माया छ ।

परब्रह्मबाटै उत्पन्न भएको मायाका बारेमा यसरी उल्लेख गरिएको छ-

'ज्ञानिनामपि चेतांसि देवी भगवतीहिसा
बलादाकृष्यमोहाय माहामाया प्रयच्छति'

यही मायाबाट आकाशको उत्पत्ति भएको छ । आकाशमै वायु उत्पत्ति भएको छ । वायुबाट तेज उत्पन्न हुन्छ । तेजबाट जलको उत्पत्ति र जलबाट पृथ्वी उत्पन्न भएको मानिन्छ । सत्व, रज, तम यी तीन गुण बराबर भएपछि माया बन्दछ । सांख्य शास्त्रमा यही मायालाई मूल प्रकृति भनिएको छ । स्वभावको अर्थ वा रुपमा पनि मायालाई नै मान्ने तत्त्व ज्ञानी पनि प्राच्यमा भएका छन् । यो मायालाई नै अविद्या हो भन्नेहरु पनि

ACC NO 15034
२९४.५०३
प९५४ हि

नभएका होइनन् । माया नै मूल प्रकृति हो, अविद्या हो, शक्ति पनि हो र कल्पनारुप मायाको उत्पत्तिको विशद वर्णन यसरी नै गरिएको छ ।

ब्रह्म स्वरुप आकाशबाट मेघ उत्पन्न भएजस्तै माया पनि उत्पन्न भयो । मायाबाट आकाश उत्पन्न भएपछि त्यो आकाशबाट वायु पनि उत्पन्न भयो । परस्पर वायुमा द्वन्द्व हुँदा आकाशमा नै बिजुली चम्कियो । यो संघर्षमा नै वायुबाट बिजुली अर्थात् तेज वा अर्को नाम अग्निको उत्पत्ति हुन गयो । बिजुली नचम्के पनि र पानी नआए पनि ज्यादै गर्मी हुँदा पसिना आउने कारण तेज अर्थात् अग्नि र पानीको अन्योन्याश्रित सम्बन्ध रहेको पुष्टि हुन्छ । पानी र पृथ्वीको यस्तै सम्बन्ध छ । त्यसैले जलबाटै पृथ्वी उत्पन्न भएको मानिन्छ । यो पृथ्वीमा नै अन्नको उत्पत्ति भएको छ । त्यही अन्नद्वारा देह बन्छ । अध्यात्मवादीहरुले यस्तै चिन्तन गरेका छन् । सनातन धर्मावलम्बीका मान्यता र स्थापित सिद्धान्तका आधार यस्तै छन् । उपनिषद्मा यस्तै वर्णन गरिएको छ ।

तत्त्वको उत्पत्ति प्रकरणमा मायाकै महिमाको वर्णन छ । माया यस्तै छ भनेर जानिसक्नु छैन । माया देखिदैन । यसको अर्को नाम मूल प्रकृति हो । वेदान्तमा माया र अविद्या समानार्थक शब्दका रुपमा रहेका छन् ।

कानको उत्पत्ति वा इन्द्रिय ज्ञानको पछाडि आकाशको सत्वगुणको अंश कारक रहेको छ । पाँच ज्ञानेन्द्रीय हुन्- कान, छाला, जिभ्रो, आाखा र नाक ।

कानका देवतालाई दिशा भनिन्छ । छालाका देवता वायु हुन् । आँखाका देवता सूर्य र जिभ्रोका बरुण, नाकका देवता अश्विनीकुमार हुन् ।

कानले शब्द सुन्नासाथ त्यो शब्द कताबाट आएको हो भनेर पत्ता लगाउन दिशाबोध गर्ने हुनाले कानका देवता दिशा हुन् भनिएको छ ।

छालाले चिसो, तातो, खस्रो वा मसिनो आदि बोध गर्छ । यसैले छालाका देवतालाई वायु भनिएको हो । वायुविना चिसो तातोको ज्ञान हुँदैन । वायुले नै यस्तो ज्ञान दिन्छ ।

आँखाले देख्छ । देख्न प्रकाशको आवश्यक पर्छ । त्यसैले आँखाका देवतालाई सूर्य भनिएको हो ।

जिभ्रोमा पानी हुन्छ । जलका देवतालाई बरुण भनिन्छ । त्यसैले जिभ्रोका देवता बरुण हुन् ।

अश्विनीकुमारको जन्म नै घोडीबाट भएको हो । घोडाले विशेष नाकद्वारा सुँघेरै जान्दछ । नाकका देवतालाई अश्विनीकुमार भनिन्छ । घ्राणशक्ति नाकमा हुन्छ । त्यसैले नाकका देवता अश्विनीकुमार भए ।

रुप, गन्ध, रस, स्पर्श, शब्द यी पाँचको क्रमैले आाखा, नाक, जिभ्रो, छाला र कानसंग सम्वन्ध रहन्छ । कानले शब्द सुन्छ । जिभ्रोले मुखबाट त्यो शब्दको उत्तर दिन्छ । छालाले चिसो, तातो, नरम खस्रोको बोध गर्छ । हातले त्यो बोध गर्ने प्रकारमा सहायता दिन्छ । पाँच ज्ञानेन्द्रियका आदेश यसरी पाँच कर्मेन्द्रियले पालना गर्छन् । त्यसैले पाँच ज्ञानेन्द्रियका आदेश पालना गर्ने यस्ता पाँच कर्मेन्द्रिय मानिन्छन् ।

वचन, गोडा, हात, गुदद्वार र लिंग वा योनी यिनै पाँच कर्मेन्द्रिय हुन् ।

पाँच ज्ञानेन्द्रीय र पाँच कर्मेन्द्रियका बारेमा संक्षिप्त चर्चा गर्दा तत्त्वबोध गरेकाहरु यसो भन्दछन्-

यसरी नै पाँच तत्त्वका सत्वगुणको अंशबाटै मन, चित्त, बुद्धि, अहंकार उत्पन्न भए । अन्तकरणको उत्पत्तिबारे पनि कहीं यसरी नै उल्लेख भएको छ । मन, चित्त, बुद्धि र अहंकारलाई नै अन्तकरणका रुपमा एकैसाथ चर्चा गरेर उपनिषद्मा यससम्बन्धी विवेचना तत्त्ववेत्ताहरुले गरेका छन् ।

- दोमनले यो गरुँ कि त्यो गरुँ वा गर्दै नगरुँ भन्ने द्वन्द्व मनमै चल्छ ।

- यो काम अवश्य गर्नुपर्छ भनेर बुद्धिले ठोकुवा गर्छ ।

- यो काम मैले गरें भनेर अहंकारले भन्छ ।

- यो काम कसरी गर्ने भनेर चिन्तन गर्ने काम चित्तले गर्छ ।

यी सबैका पछाडि एक न एक देवताको शक्तिको प्रयोग भएको हुन्छ । मनका देवता चन्द्रमा मानिए जस्तै बुद्धिका देवता ब्रह्मा हुन् । र, अहंकारका देवता रुद्र भएजस्तै चित्तका देवता विष्णु हुन् ।

आकाश शून्य छ । त्यसैले आकाशको अंशबाट उत्पन्न भएको अन्तःकरण पनि शून्य छ ।

वायु चञ्चल छ। त्यस्तै वायुबाट उत्पन्न मन पनि चञ्चल छ।

अग्निले प्रकाश दिन्छ, ऊर्जावान छ। त्यसैले त्यसैको अंश धारणा गरेर उत्पन्न बुद्धिले पनि सबै कुरामा प्रकाश पार्छ। बुद्धि प्रकाशद्वारा प्रवाहित ऊर्जाको पछाडि अग्निबाट उत्पन्न अंश नै कारक छ।

जलको अंशबाट उत्पन्न चित्त पनि जल जस्तै छ।

पृथ्वीको अंशबाट अहंकार उत्पन्न भएकाले पृथ्वीजस्तै जडका रुपमा अहंकार छ। यसरी मन, बुद्धि, चित्त, अहंकार, अन्तःकरणका प्रमुख बोधगम्य कुरा हुन् र यिनलाई अध्यात्म भनिन्छ। स्फुरण, संकल्प, विकल्प, निश्चय, चिन्तन मनन, अभिमान अध्यात्मका कर्मैले अधिभूत मानिएका छन्। अधिदैवको रुपमा क्रमशः विष्णु, चन्द्रमा, ब्रह्मा, नारायण, रुद्रको उल्लेख भएको पाइन्छ।

तत्त्वबोध गरेकाहरुले यसरी नै वर्णन गरेका छन्-

मनका देवता चन्द्रमाको कला घटबढ भएजस्तै मन पनि घटबढ हुन्छ। स्थिर रहँदैन।

बुद्धिका देवता ब्रह्माले कल्पनाद्वारा सृष्टि गरेजस्तै बुद्धिले पनि कल्पनाद्वारा संसार खडा गर्छ। म नै कर्ता हुँ र भोक्ता हुँ भनेर अभिमान गर्ने अभिमानी अहंकारका देवता रुद्र हुन्। रुद्रले सम्पूर्ण कार्य गर्ने म नै हुँ भन्छन्। त्यसैले अहंकारका देवता रुद्रको स्वभाव अहंकारीमा देखिन्छ। रुद्रको अहंकारले नाश गर्छ। त्यस्तै अहंकारीले पनि सबै नाश गर्छ। चित्तका देवता विष्णु शान्त छन्। चित्त शान्त भएमा मात्र सबै कुराको आधार वा पृष्ठभूमि तयार हुन्छ।

यसरी नै यी नै पाँच तत्त्वमध्ये आकाशको राजस तत्त्वले वागेन्द्रियको वचनको उत्पत्ति गरेको छ।

वायुको रजोगुणको अंशले हात चलाउने इन्द्रिय उत्पन्न गरेको छ। अग्निको रजोगुणको अंशले खुट्टामा रहने इन्द्रिय उत्पन्न गरेको छ। जलको रजोगुणको अंशबाट लिंग वा योनीको उत्पत्ति गरेको छ। पृथ्वीको रजोगुणको अंशबाट गुदा उत्पन्न भएको छ।

अनि यसरी नै सम्पूर्ण अंशबाट पञ्चप्राण उत्पन्न भए।

१) प्राण, २) अपान, (३) व्यान, (४) समान, ५) उदान यिनै प्राणका बारेमा उपनिषद् लगायत प्राच्यका ग्रन्थहरुमा विशद् वर्णन गरिएको छ । तत्त्वबोध गरेका तत्त्वदर्शीले अनेक प्रकारले यसको विवेचना गरेका छन् ।

संक्षेपमा भन्न खोज्दा-

हृदयमा प्राण वायु रहन्छ ।

गुदद्वारमा अपान वायु रहन्छ ।

नाभीमा समान वायु रहन्छ ।

घाँटीमा उदान वायु रहन्छ ।

व्यान वायु सारा शरीरमा व्याप्त छ ।

यिनै पञ्चप्राणभित्र नाग, कुर्म, कृकल, देवदत्त, धनञ्जय नामका पञ्चप्राण छन् । तिनका काम पनि अलग अलग छन् ।

नाग वायुले वमन गराउँछ ।

कुर्म वायुले आँखा झिमझिम गराउँछ ।

कृकल वायुले भोक लगाउँछ ।

देवदत्त वायुले हाइ हाइ गराउँछ ।

धनञ्जय वायुले मुर्दा शरीरलाई पनि छोड्दैन । त्यो मुर्दालाई फुलाउँछ ।

यसरी अध्यात्मवादीहरुले शरीरसम्बन्धी र मन, अन्तस्करण, बुद्धि, चित्त, अहंकार लगायतको काम र तिनका स्रोतकेन्द्र लगायतको विशद् चर्चा गरेका छन् । पञ्चतत्त्वहरुको तामस अंशबाट पनि यस्तै रुपले पञ्चमहाभूत उत्पन्न हुन्छन् । यस्तो चौबीस तत्त्वको विशद वर्णन गरेर ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, स्थूल र सूक्ष्मको र ब्रह्माण्डको चर्चा अघि बढ्छ ।

प्राच्य धरतीले अध्यात्मको मार्ग रोज्यो । जो आत्माको गहिराइमा प्रवेश गर्ने मार्ग हो । यो मार्गप्रति श्रद्धा राख्नेहरु सनातनी हिन्दु धर्म संस्कृति र वर्णव्यवस्थाका पक्षधर भए । यो हिमवत्खण्डमा बसोवास गर्ने सबैको आस्था यसैमा रह्यो । भौतिक उपभोक्तावादको अवसानबाटै शिक्षा लिएर आध्यात्मिक चिन्तनमा लाग्नेहरुले उपभोक्तावादी संस्कारलाई प्रश्रय नदिने नीति लिए । यो नीति अनुरुप प्राच्य धरतीमा भएको वर्णव्यवस्था र

त्यसले व्यवस्थित गरेको जीवनशैलीमा धर्म, ब्रह्म, आत्माको विषयमा गहन, चिन्तन छ। निष्कर्षहरु छन् र दर्शन छ। यसका विरुद्ध सतहमा जति बम्के पनि यो विरुद्ध जे जस्ता षड्यन्त्र भए पनि यो समाप्तै हुने संस्कृति होइन। यसको तात्त्विक विशेषता नै सनातन हो। निरन्तर पुनरुत्थान भइरहने यसको विशेष शक्ति छ। त्यसैले युग युगदेखि अनन्तकालदेखि यो आफ्नो जगमा सुदृढ छ। अहिले र पछि पनि रहनेछ। पाश्चात्य वैज्ञानिकहरु, चिन्तकहरु र बौद्धिक जगत समेतको रुचि यसतर्फ आकर्षित हुने कारण पनि यही हो।

✧ ✧ ✧





सन्यास आश्रमको अभिप्राय ब्रह्मलीन हुनु नै हो

सबैमा ईश्वरको अंश छ। यो नै हिन्दु धर्मको तात्त्विक विशेषता हो।

सर्वे भवन्तु सुखिनः
सर्वे सन्तु निरामयाः
सर्वे भद्राणी पश्यन्तु
मा कश्चित दुःखमाप्नुयात्

अर्थात्
सम्पूर्ण प्राणीहरु सौख्य पाउन्
रोगादि सबका पनि दूर जाउन्
सवप्राणीले मंगल मात्र देखुन्
कोही पनि दुःख कहीं नपाउन्।

हिन्दु धर्मावलम्बीहरुको यो भावोद्वेग हो।

जैनाचार्यसमन्तभद्रले प्राच्य धरतीमै यस्तो उद्घोष पनि गर्नुभएको छ-

'सर्वापदामन्तकरं निरन्तं सर्वोदयं तीर्थमिहं तदैव'

यो युगमा रस्किन नामका विद्वान्ले लेखेको पुस्तक 'अन टू दिस लाष्ट' बाट

प्रेरणा लिएर पनि राजनेताहरुले राजनीति हाँक्ने प्रयत्न गरे। भारतमा समेत महात्मा गान्धीको 'सर्वोदय' त्यै पुस्तकको भावानुवाद हो भनिन्छ। रस्किनले आफ्नो पुस्तकमा मुख्यतः तीन विषयलाई प्रतिपादित गरेका छन्। ती हुन्-

(क) व्यक्तिको श्रेय समष्टिको श्रेयमै आधारित छ।

(ख) वकिल होस्, डाक्टर होस्, अथवा जुत्ता सिउने सार्की होस् सबैको मूल्य र महत्व समान छ।

(ग) शारीरिक श्रम गर्नेहरुको जीवन नै सार्थक र सच्चा जीवन हो। सर्वोत्कृष्ट जीवन पनि त्यही हो। प्राच्य हिन्दु धर्मावलम्बीहरुले श्रेय र प्रेय दुई मार्गमध्ये प्रेय छाडेर श्रेयको गन्तव्य समातेका छन्। त्यसैले उनीहरुको दृष्टिमा हलिलाई पनि ईश्वरको अंशावतार मानिएको छ। दशावतारमा हलधर रुपधारण गर्ने हली ईश्वरकै अंश मानिन्छन्। हलीले हलो जोतेर उत्पादन गरिदिएको अन्न खाएर मात्रै कुनै पनि वैज्ञानिक जीवित रहन्छ। अर्थात् हलीकै श्रमबाट उत्पन्न अन्नकै आधारमा ठूलाठूला विद्वान् र बुद्धिमानले बाँच्नुपर्छ। राजनीति हाक्ने राजनेताहरुको पनि शरीर अन्नमय नै हुन्छ। त्यसैले ऊ पनि हलीकै श्रममा जीवित रहेको छ। त्यसैले हलि नै ईश्वरको प्रतीक हो। हलधररुप धारण गरेर यसरी नै ईश्वरले जगतको असंख्य नरनारीको, कीटपतंगको, पशुपंक्षीको समेत जीवन धान्ने आधार धर्तीमा उब्जने अन्न, फलफूल, सागपात नै हो। यो हलीकै पसिनाको उत्पादन हो। यो प्राच्य हिन्दु धर्मको मान्यता हो।

गोवर्द्धन पूजा लगायत गोरुप्रतिको हिन्दु धारणा पनि यसैमा आधारित छ। शिवको बाहनका रुपमा प्रतिष्ठापित गरिएको साँढे त्यसै भएर कल्याणको प्रतीक मानिन्छ। उसका चारवटा खुट्टा हुन्छन्। ती चारवटा खुट्टा नै धर्मका प्रतीक हुन्। हिन्दु धर्मको व्यापकता यसैबाट बोध हुन्छ। पशु जगतको बृषभ साँढे भगवान् शिवको बाहन हो। शिवको अर्थ कल्याणकारी पनि हुन्छ। मंगलमय कल्याणकारी तत्त्वले सवार गर्ने बृषभ हिन्दु

धर्मावलम्बीका लागि त्यसै भएर पूज्य छ। अहिले यान्त्रिकृत गरिएको कृषिभूमि र यान्त्रिकृत प्रविधि तथा रासायनिक ऊर्वरकद्वारा उत्पादित अन्नबाली फलफूल र सागपात स्वस्थ मानिँदैन। अधिकतम उत्पादनको यो प्रतिस्पर्धाले उचित प्रतिफल पनि दिएको छैन। सनातन हिन्दु वर्णव्यवस्थाको चार सूत्रहरुको संक्षिप्त विवेचना माथि नै भइसकेको छ। शारीरिक श्रम गर्नेहरुलाई सबैको पोषण गर्ने, पालन गर्ने र जीवित राख्ने ईश्वरीय तत्त्वको रुपमा लिइन्छ। निर्माणका कर्म गर्ने विश्वकर्माहरु नै हुन्। सबका हित, सबको उदय यही नै सर्वोदय हो। यही सूत्र हिन्दु धर्मावलम्बीहरुले सदियौं अघिदेखि व्यवहारमा उतारेर जीवनशैली व्यवस्थित गरेका थिए। हलधर रुप लिएको ईश्वरांश होस् वा कल्याणको प्रतीक बृषभ निर्माण सामग्री लगायत मानवीय निर्माण नै गर्ने विश्वकर्माहरु ईश्वरकै अंशहरु हुन्। हिन्दु सनातन धर्मले यही भन्छ। अहिले पनि गाउँघरमा 'बराजु' शब्द प्रचलनमा छ। विश्वकर्माको होस् वा परियारको, मिजारको होस् कि गन्धर्बको, बाजे बराजु यौटै हुन् भन्ने प्रमाण यहाँ भेटिन्छ। हुन त सब शब्द व्यापक अर्थमा व्यवहृत छ। 'सब' का अन्तर्गत सारा ब्रह्माण्ड निहित छ। मानव समाजका सम्बन्धमा यसको अर्थ हुन्छ। 'सबै मानव' यसकारण यसको तात्पर्य हुन्छ, समस्त मानवको जीवनको उदय या विकास। यसरी 'सवै' शब्द यस्तो परिधिभित्र पर्छ- जसको मानव ज्ञान- विज्ञान, विकासको साथ साथ धर्म, अर्थ, काम, मोक्ष, सबै कुरामा अधिकारी बन्दै जान्छ। 'सबै मानव' शब्द नै विचारोत्तेजक परिधिमा विचरण गरिरहन्छ। जसलाई जति अधिक चिन्तन गर्‍यो, जति बढी प्रयोग गर्‍यो उत्ति नै बढी सार्थक हुँदै जान्छ। **'सर्वे पि सुखिन'** को कल्पना अन्य धर्म र सिद्धान्तवादीहरुले गरेका छैनन् भन्ने होइन, अरुले पनि गरेका छन्। तर हिन्दु धर्मावलम्बीहरुले जुन गहिराइसम्म पुगेर यसको सार्थक प्रयोग गरेका छन् अरु सतहमै छन्।

पाश्चात्य दार्शनिक मिल र बेन्थमको भनाइ छ-

'भन्न त सबैको शुभ नै होस्, भलो नै होस् भनिन्छ। तर व्यवहारमा यो विचारलाई कर्मरुपमा उतार्न सकिदैन।' त्यसैले उनीहरुले थपे- 'अधिकतम

संख्याको शुभ वा भलो भए पुग्छ ।' पूर्वीय चिन्तन र पश्चिमी विचारधारामा यही अन्तर छ । प्राणीमात्रको भलो र शुभको कल्पना नगरी स्थावर, जंगम र विश्व ब्रह्माण्डकै भलो र शुभ चिताउने प्राच्य हिन्दु सनातन धर्मको तुलनामा अधिकतमले सुख भोग्ने वा शुभ लाभको पात्र बन्ने पश्चिमी अवधारणाले गर्दा विश्वमा अधिकांश प्राणी, वन-वनस्पति र पर्यावरणको क्षय हुन गएको स्पष्टै छ । अधिकतमले सुख शुभलाभ प्राप्त गर्न पर्छ भन्ने सिद्धान्तकार वा यस सिद्धान्तका परिपोषकहरु आफ्नो स्वार्थलाई चटक्कै छोड्न सक्दैनन् । तर प्राच्य धर्तीका सबैको निमित्त शान्ति सद्भाव र सुख चाहनेहरू जसको सर्वहितमा निष्ठा छ- जसले यसलाई आदर्शको रुपमा ग्रहण गरेको छ- त्यो धर्मपालक सनातन हिन्दु आफ्नो निजी स्वार्थलाई आफैंले कुल्चेर अन्यको लागि दुःख कष्ट भोग्न तयार मात्र हुँदैन, बलिदान हुन समेत तयार हुन्छ । धर्मराज युधिष्ठिरले आफ्नो पछि लागेर आएको कुकुर विमानमा सवार हुन पाउँदैन भने आफू पनि त्यो विमानमा सवार नहुने जिद्दी गरेको प्रसंग अहिलेको उपभोक्तावादीहरुले नबुझ्नु यौटा कुरा हो । तर पशुपतिका बाँदरको विचरण गर्ने क्षेत्र नै अतिक्रमण गरेर उनीहरुलाई पिउने पानीबाटै वञ्चित गरेर आफ्नो स्वार्थपूर्ति गर्नु र सुख सुविधामा रमाउनु अर्कै कुरा हो । हेगेलले 'जीउनका लागि मर' भन्ने नारा पश्चिमी संसारमा लगाए । तर पूर्वका कैयौं ऋषिमुनि तथा योगी र साधकहरुले 'अरुलाई बचाउन आफैं मर' भन्ने आदर्शलाई जीवनमा उतारेरै देखाए । **'इशावास्यमिदंसर्बं यत्किञ्चितजगताम्जगत, तेनत्यक्तेनभुञ्जिथा मागृधः कस्यस्विद्धनम् ।'** यो नै जीवन भोग्ने हिन्दु शैली हो । यो भौतिक शरीरलाई वाहनको रुपमा त्यागपूर्वक प्रयोग गरेर यसबाट प्राप्त ज्ञान र तत्त्वको अरुका निमित्त उपयोग गर्ने तात्त्विक विशेषता नै हिन्दुधर्म संस्कृतिको मूल विशेषता हो । यो जुन दिन समाप्तै हुन्छ त्यो दिन 'सर्वे भवन्तु सुखिन' को अभिप्राय पनि मृतप्रायः नै हुन्छ ।

यै क्रममा शरीरलाई महत्व नदिएर 'शरीरमाध्यं खलु धर्मसाधनम्' भन्नेहरुले विश्व ब्रह्माण्डमा शान्ति, सुख, भलो र मंगल चाहनेहरुले अनवरत प्रार्थना गरे, खोज गरे, साधना गरे । त्यसपछि यौटा व्यवस्था

दिए, जुन वर्णाश्रम व्यवस्थाको रुपमा यो विश्वको प्राच्य धर्तीमा कुनै बखत शिखरमा पुग्यो । जल, थल, नभ, वायु लगायत वन, वनस्पति र पर्यावरणको स्वच्छता कायम रह्यो । जैविक विविधताले धर्ती प्रफुल्लित मात्र भएन, सबैको भलो भयो, शुभ भयो । यै क्रममा शताब्दी शताब्दी विते । ८४ लाख जुनीमध्ये मानिसको जुनी एक हो । मानिसले आफूबाहेक अरु जुनी समेतको यो भूखण्डको बाँच्ने अधिकार छ भन्ने बुझ्नुपर्छ । यसमा व्यवधान सुरु भएर 'सबैको' ठाउँमा अधिकतमले लाभ लिने सिद्धान्त वा धर्मको कारणबाट विश्वको शान्ति खलबलियो । शुभ र लाभ थोरै मानिसमा केन्द्रिकृत भयो । केही टाठाबाठाहरुले उपभोक्तावादको सहारा लिएर विश्वभर नै वितण्डावाद मच्चाए । अहिले हेलिकप्टरले फैलाएको ध्वनि, धुँवा र धुलोको प्रदूषणको पीडा मानिस लगायत सारा पशुपंक्षी र वायुमण्डलमा पर्छ । सानो संख्याले शुभलाभ र सुख लिन्छ । त्यसरी नै ईश्वरीय र मानवीय सृष्टिमा उपभोक्तावादी संस्कृतिले अत्यन्त जरा गाडेको छ । यो नै बितण्डावादको स्रोत हो । विश्वशान्ति त्यसै भएर खलबलिएको छ । सबैको भलो र शुभको ठाउँमा अधिकतमले सुख र शान्ति पाउने वा भलों हुने धर्म, संस्कृति र सभ्यता सिद्धान्त र लक्ष्य निर्धारण हुन थाले । अठासी हजार ऋषिहरुका त्याग, तपस्या, बलिदान र विश्वका कल्याण निमित्त गरिएका चिन्तन-मनन र झिकिएका निष्कर्ष प्रार्थना र मन्त्रहरु एकातिर मिल्किएका छन् । त्यसैले प्रकृति समेत कुपित भएर अनेक बबण्डर मच्चिन थालेको छ । अभावै अभाव छ । प्राकृतिक स्रोतहरु समाप्त हुँदैछन् । पानीजस्तो विकल्परहित वस्तुको अभावमा सबैले छटपटिनुपर्ने स्थिति छ । शुद्ध प्राणवायु वायुमण्डलमा छैन । वायुमण्डलमा बढिरहेको प्रदूषणले सबै मर्माहत छन् । जैविक विविधता मासिदैछ । **'द्यौ शान्ति, रन्तरिक्ष शान्ति, पृथ्वी शान्ति, रापः शान्ति रोषधय शान्ति, वनस्पतय शान्ति... शान्तिरेव शान्ति सामशान्ति रेधि'** यो मन्त्रको परिवेशभित्र हिन्दु धर्मको तत्त्व सन्निहित छ । यस्तो अवस्थामा विश्वलाई पुऱ्याएर अहिले हिन्दु सनातन धर्मको विरुद्ध विषबमन गर्नेहरुले हिन्दुहरुका पूजास्थल, मठमन्दिर र यज्ञ, यज्ञादि मन्त्र र प्रार्थना नदीनालाको महत्व नबुझ्नु यौटा

पक्ष हो। त्यो स्रोतकेन्द्रबाट उछिट्टिएर भौतारिन चाहनु अर्को पक्ष हो। हिन्दु वर्णव्यवस्थाभित्र नअटाउने भंगलाफाटेका नदीजस्तै हुन्। भंगालो एक ठाउँमा मिसिनै पर्छ। मिसिएन भने बीचमा सुक्छ। नदीहरु समुद्रतिर हुर्तुराउँदै दगुरेजस्तै सबै अनन्त ब्रह्माण्डको ईश्वरीय सत्तातिरै कुदेका छन्। ब्रह्म, जीव र प्रकृतिलांई बुझ्ने उपाय खोज्दै प्राच्य संसारमा भएका प्रयोगलाई यथावत यहाँ उल्लेख गर्न यतिले मात्र मुश्किल पर्छ। क-कसले, के कसरी अध्यात्म चिन्तन गरे, कसरी जीवनलाई अध्यात्मिकीकरण गरे। यस विषयमा पिष्ठपेषण गरेरै मात्र कुनै निचोडमा पुग्न सकिंदैन। हिन्दु सनातन धर्ममा साधनाको स्वतन्त्रता छ। 'स्व' भनेको आफू र तन्त्र भनेको विधि हो। त्यो विधि आफैंमाथि प्रयोग गरेर देहाभिमानबाट पार हुने उपायमध्ये केही उपायको संक्षिप्त वर्णन हिन्दुधर्म ग्रन्थहरुमा भएको पाइन्छ जसमध्ये केही यस्तो छ- ब्रह्म, जीव र प्रकृतिसंग साक्षात्कार गर्ने र सबैको शुभ, लाभ र शान्तिको कामना गर्दै आफ्नो जीवन उत्सर्ग गर्ने केही मार्गहरुमध्ये सन्यास परम्पराको चार मार्गहरु छन्। ती संक्षिप्तमा यस्ता छन्-

१) कुटीचर= कुटी बनाएर बस्ने साधक जोगीहरू।
२) बहुदक= ठूल-ठूला नदी किनारा घाट तलाउ वा जलाशयको नगीच ओडार, ठूला ढुंगाका ककेरा ठूला रुखको फेद वा गुफामा बस्नेहरू (जलन्तरी)
३) हंश= कडा नियमको पालना गर्दै बढीमा ७ दिन एउटा थलोमा बस्ने र त्यसपछि अर्को थलोमा हिंडिहाल्ने अर्धनग्नहरु (हठयोगी समेत)
४) परमहंश= पूरा दिगम्बर सधैं नांगै एक स्थानमा एकरात मात्र बस्ने डुलुवा। एकरातभन्दा बढी एक ठाउँमा कहिल्यै नबस्ने घुमक्कड फिरन्ताहरू। बौद्धमार्गी, जैनमार्गी, सीखमार्गी जुनसुकै मार्गी हुन्। यक्ष, गन्धर्व, किन्नर लगायतका सबै जातजाति, थर, विशेष र फरक आकृतिमा साधकहरुले उपयुक्त शब्द अर्कै प्रयोग भएर फरक पर्न सक्छ। तर सबैले अपनाउने अध्यात्म

साधनाको यस्तो पक्ष नै हिन्दुत्वको विशेषता हो । यी चार प्रकारका मार्गहरुवाट साधना गर्दै जीवनलाई नै आध्यात्मिकीकरण गरेर जीवनमुक्त हुनेहरूलाई अनन्तश्रीविभूषित १०८ परमहंश १०८ स्वामी आदि विशेषणले सम्बोधन गरिन्छ । प्राच्य संसारमा यिनै पूज्य र मान्य हुन्छन् । १०८ को अतुल गहिराई छ । नाप्नै सकिन्न । सामान्य अर्थमा ब्रह्म, जीव र प्रकृतिको यथार्थ ज्ञान हुनु नै १०८ को लाक्षणिक र तात्त्विक अर्थ हो । जस्तै-

(क) १ ब्रह्म एक छ । अर्थात् एकोब्रह्म द्वितीयो नास्ति त्यसैले पहिले १ अंक लेखियो ।

(ख). ० जीवले शून्यलाई अतिक्रमण गरेर अघि बढ्छ । अर्थात् ० मा बिलाउनु जीवनको अर्को परिचायक सूत्र हो । त्यसैले ब्रह्मपछि ० जीव लेखिन्छ ।

(ग) ८ प्रकृति ८ वटा छन् । यो जीव र ब्रह्मको पछि ८ प्रकृतिको बोध भयो । अर्थात् प्रकृतिको र ब्रह्मको शून्यमा विलय वा शून्यलाई अतिक्रमण गरेर प्रकृति र ब्रह्मको साक्षात्कार गर्नु नै यसको अभिप्राय हो । प्रकृतिका आठ संख्या यस्ता छन्-

(१) पृथ्वी, (२) जल, (३) अग्नि, (४) वायु, (५) आकाश, (६) मन, (७) बुद्धि र (८) अहंकार । यो आठ प्रकृतिलाई जड प्रकृति वा अपरा प्रकृति पनि भनिन्छ । यसका अतिरिक्त अर्को पराप्रकृति पनि छ । अर्थात् चेतन प्रकृतिको नाममा त्यो विख्यात छ । यै तत्त्वबोध गरेपछि १०८ अनन्तश्रीविभूषित लेखिन्छ । सबैको सुख र भलोको निमित्त साधनारत यिनैको जीवन सार्थक छ । यसरी प्रकृति र ब्रह्मका सबै सूक्ष्म तत्त्वको गहन साक्षात्कार गर्ने साधकहरु नै १०८ स्वामी अर्थात् ब्रह्म जीव र प्रकृतिलाई बुझ्ने महात्मा मानिन्छन् । यिनै महात्माहरु विश्वब्रह्माण्डको कल्याणका निमित्त आफ्नो शरीरको बलिदान गर्छन् । वर्णव्यवस्थाको यो यौटा पक्ष हो । तिनैलाई परमहंश, हंश १०८ वा १००८ का विशेषणले विभूषित पनि गरिन्छ । ९ अंकको अध्यात्मवादीहरुले यसरी पनि संयोजन गरेका छन् । ० लाई लोप गरेर १ र ८ जोड्दा ९ हुन्छ । ९ अंकको

विशेषता यस्तो छ । यो ब्रह्म अंक पनि हो ।

९x१= ९+९

९x२= १८+९

९x३= २७+९

९x४= ३६+९

९x५= ४५+९

९x६= ५४+९

९x७= ६३+९

९x८= ७२+९

९x९= ८१+९

९x१०= ९०+९

जताबाट हेरे पनि ९ अंक यसरी व्यवस्थित छ । यसपछि शून्यको खोज गरेर त्यो शून्यलाई अतिक्रमण गर्ने वा शून्यबाट अंकहरुमा संख्यात्मक वृद्धिको बेजोड सूत्रको खोजी गर्ने प्राच्य संसारका यस्तै मनिषीहरु हुन् जसको योगदानले आजको विज्ञानमा युगान्तकारी परिवर्तन ल्याएको छ । वैदिककालीन गणितका उपलब्धि र तत सम्बन्धी सूत्रहरुको ठूलो महत्व छ ।

अग्नि सूक्ष्म रुपमा जताततै व्याप्त छ । साधनद्वारा त्यसलाई प्रकट गर्न सकिन्छ । प्रत्यक्ष देख्न सकिन्छ । त्यसरी नै सबैतिर व्याप्त परमेश्वरको सत्तालाई आफ्नै अन्तःस्करणमा प्रत्यक्ष रुपमा अनुभव गर्न सकिन्छ- हिन्दु वर्णव्यवस्थाको तात्त्विक रहस्य यस्तै छ । **'ध्यानावस्थितद्गतेन मनसा पश्यिन्ति यं योगिनोः'** यो नै प्राच्य संसारको हिन्दु सनातन धर्मको तात्त्विक विशेषतामध्येको विशेषता हो । यस्तै प्रकृतिका ८ अंकको घटन्तीको उदाहरण यस्तो छ-

८x१= ८+८

८x२= १६+७

८x३= २४+६

८x४= ३२+५

८x५= ४०+४

८x६= ४८+२


८x७= ५६+१

८x८= ६४+०

८x९= ७२+९

८x१०= ८०+८

✧ ✧ ✧





हिन्दुका तात्त्विक विशेषता : ब्रह्मअंक र ब्रह्मअक्षर

वेदमा गणितको मूल सिद्धान्त र रहस्य छ । यस्ता वैदिक गणितका अन्य रहस्यमय १५ सूत्रहरुको अनुसन्धान अहिले पनि वैज्ञानिकहरु गर्दैछन् । शतपथ ब्राह्मणबाट ज्यामितिका सूक्ष्म सिद्धान्तको खोजी हुन थालेको छ । अमेरिकाको क्लार्क एटलान्टा विश्वविद्यालयका गणितका प्रोफ़ेसरको भनाइ छ- मौजुदा गणित वेदका १६ सूत्रमध्ये १ सूत्रमा मात्र आधारित छ । बाँकी १५ सूत्रको खोज र त्यसमा निहित रहस्यबारे कुनै अत्तोपत्तो नै छैन । वैदिक गणितको महत्त्वको चर्चा गर्दै हिन्दु विश्वविद्यालय अमेरिकाका संस्थापक कुलपति भूदेव शर्मा भन्नुहुन्छ- वैदिककालीन गणित विश्वविख्यात भएकै कारण अमेरिकी विश्वविद्यालयहरुमा गणितको इतिहासका अलग्गै विभाग छन् । त्यहाँ वैदिक गणित पनि एक विषयका रुपमा पढाइ हुन्छ । वेदको जापानी भाषामा अनुवाद गरेर वैदिक गणितका रहस्यमय सूत्रहरुको खोज गर्न थालिएको छ । गणितका प्राध्यापक भूदेव शर्माको भनाइ छ- वैदिक कालीन गणितले नै स्थापित गरेका मूल्य र स्थानमा आधारित पद्धतिमा अहिलेसम्म कुनै परिवर्तन ल्याउन सकिएको छैन । इलेक्ट्रोनिक

क्षेत्रमा विकसित देश जापानमा वेदका गणितीय सूत्रको अध्ययनद्वारा वैदिक गणितका बाँकी १५ सूत्रबारे व्यापक खोजतलास गरिँदैछ ।

वैदिक गणित जस्तो महत्वपूर्ण विषयमा शोध गर्न विश्वस्तरमा नै 'फोरम फर इन डिसिप्लिनरी म्याथम्याटिक्स' नामक संस्था वनाइएको छ । वैदिक गणितका यस्ता सूत्रहरुमा नै छ- आइटीको अकूत सम्पदा भन्ने धारणा प्रबल हुँदैछ । यसरी शब्द ब्रह्म र अंक ब्रह्म अर्थात् अक्षर र अंकबारे प्राच्य सनातन धर्म हिन्दु वर्णव्यवस्थाभित्र प्राच्यमा खोजी भएको छ ।

सबै ॐकार परिवार सनातन धर्मकै मूल स्रोतवाट् निसृत भएका छन् । र गणितका सबै सूत्रका रहस्य पनि शतपथ ब्राह्मण लगायतका वेदमा आधारित प्राचीन ग्रन्थमा संग्रहित छन् । अपरा प्रकृतिको वायुमण्डलमै रुमल्लिइरहनेहरूले आकाशतत्व अर्थात् शून्यमै प्रवेश गर्न सक्दैनन् । बुद्धि र अहंकारले झन् संकुचित पार्छ । चेतनाको पराप्रकृतिको कुरै भिन्न छ । आकाशतत्त्वबारे अहिलेकै धेरै मानिस अनभिज्ञ छन् । शरीरका खोक्रा भागहरु यै तत्त्वभित्र पर्छन् । यै भर्नकै निमित्त मानिस प्रयत्नशील छ । पशु प्रवृत्तिले मानिस यहीं अलमलिन्छ । ऊ खोक्रो तत्त्वबारे अनभिज्ञ रहन्छ । त्यो खोक्रो भाग कहिल्यै भरिँदैन । त्यसपछि मनकै चञ्चलतामा मानिस आयु शेष गर्छ । बुद्धिले त्यसरी नै रिंगाउँछ । गीतामा भगवान् श्रीकृष्णले स्थानस्थानमा यो विषयमा चर्चा गर्नुभएको छ । एकपछि एक कसरी यिनको अभेद्य किल्ला छ, त्यो यी हरफहरूमा उतार्ने कोशिस कोमल गीताले गरेको छ ।

'पर इन्द्रिय छन् भन्छन्
तीभन्दा मन हो पर,
त्योभन्दा पर हो बुद्धि,
त्योभन्दा ब्रह्म झन् पर ।
बुद्धिभन्दा परै, ब्रह्म
जानी, रोकी स्वयं मन,
कामरुपी, दुरासाध्य
बैरीको गर छेदन'

यस्तो बैरीको छेदन गरेपछि मात्र तत्त्वबोध गर्ने अधिकारीको श्रेणीमा ऊ पुग्छ। जब मनको चञ्चलता र तृष्णारुपी अनेक जंजालबाट मुक्त हुन्छ त्यसपछिको स्थिति भिन्न हुन्छ। यो भिन्न स्थितिमा पुगेकाहरुको अवस्थाको कोमल गीतामा यसरी उल्लेख गरिएको छ।

'हजारौं जनमा कोही
सिद्धिको यत्न गर्दछ।
हजारौं सिद्धमा यौटा
साँच्चै मकन जान्दछ।'

सनातन धर्मका तात्त्विक विशेषताहरु यस्तै छन्। हिन्दुधर्मको वर्णव्यवस्थाले यस्तै मोक्षको परिकल्पना गरेर व्यक्ति-व्यक्तिलाई त्यो मोक्ष प्राप्त गर्न प्रेरित गरेको छ।

विज्ञानको पराकाष्ठामा पुगेको पाश्चात्य संसारमै पनि मूलतत्त्व अविनाशी मानिन्छ। शक्ति संरक्षणको सिद्धान्तले पनि शक्ति क्षय भएर समाप्त हुँदैन भनेको छ। शक्ति रुपान्तरित मात्र हुन्छ। जो अति सूक्ष्म छ, निरवयव छ, उसको विनास हुँदैन। प्राच्य संसारका सनातनधर्मीहरु स्थूलमा हैन, सूक्ष्मतिर अभिमुख हुने कारण पनि यही हो। सनातनधर्मले त्यसै भएर सूक्ष्म तत्त्व केलाउँदै गएर यो संसारका यावत भौतिक पदार्थप्रति अनेक मान्यता स्थापित गर्दै आत्माको विषयमा व्यापक अनुसन्धान विश्लेषण गरेर मान्यताहरू स्थापित भएका छन्। त्यै स्थापित मान्यता नै हिन्दु सनातन धर्मको वर्णव्यवस्था पनि हो। यै वर्णव्यवस्थाभित्र ४ वर्ण ३६ जात छन्, चार आश्रम छन्, चार धाम छन्, चार वेद छन्। उपनिषद् र पुराण छन्। ब्रह्म छ। त्यसलाई बोध गर्न साधना पद्धति छन्। यी सबै हिन्दु सनातन धर्मकै विविध पक्षका साङ्गोपाङ्ग विशेषताको परिचय दिने परिचायात्मक विवरण हुन्। यति धेरै प्रमाणित सत्यले हिन्दु सनातन धर्मलाई जीवन्त राख्छ। ब्रह्म अंक जस्तै ब्रह्म अक्षरको पनि सनातनी हिन्दु धर्मावलम्बीहरुले प्रशस्तै चर्चा गरेका छन्। ॐ कारलाई ब्रह्म अक्षर भनिन्छ, **'ॐ कार मात्रम् सचरंचराचरजगत्'** यी सनातनी हिन्दुहरुका विशेष परिचयबोधक तात्त्विक विशेषतासंग यो प्राच्य धरतीको निवासी ॐ

कार परिवार कुनै न कुनै ढंगरंगले, कारण र कार्यले, संस्कार र संस्कृतिले सम्वन्धित हुन पुग्छ । आफ्नो जीवनशैली हिन्दुधर्मको अवधारणा अनुरुपको प्रभाववाट प्रवाहित भइरहेकोमा आनन्दित हुन्छ । ॐ कार परिवारभित्र बौद्ध, सीख, जैन, सबै सम्प्रदाय पर्छन् । यो बाहेक अरु कुनै स्रोतबाट ॐ कार परिवार उत्प्रेरित हुनै सक्दैन ।

सनातन हिन्दु धर्म सबैभन्दा पुरानो र शास्वत रुपमा चल्दैं आएको धर्म हो । यो धर्म र वैदिक संस्कृतिका विरुद्ध यो पछि जन्मेका सबै प्रकारका धर्महरुले यही धर्मलाई प्रहार गर्ने गर्छन् । तर यो धर्म अन्य कुनै धर्मप्रति असहिष्णु भएर घात-प्रतिघात, हिंसा र झूठ- बेइमानीको सहारा लिएर आफ्नो श्रेष्ठता थोपर्न उद्यत हुँदैन । सत्य सधैं आफ्नो ठाउँमै छ । असत्य नास भइहाल्छ । हृदयका वाणीहरु पनि वाहिर प्रकट हुँदा हार्दिक रुपमा उस्तै भावले प्रकट नभएर बनावटी भएमा असत्य हुन्छन् । धर्म पनि त्यस्तै हो । धर्मका लक्षणहरु शास्वत छन्, नैसर्गिक छन् । ती लक्षण नभएपछि त्यस्तो धर्म धर्म नभएर कृत्रिम प्रपञ्चमात्र हुन्छ । मानिसले निर्माण गर्ने पद्धतिहरु धर्म नभएर सिद्धान्त वा मत र विचार मात्र हुन् । वैदिक सनातन धर्म मानिसद्वारा प्रतिपादित यस्तो कुनै सिद्धान्त वा मत होइन । यो कुनै युगको, कुनै कालखण्डको, कसैद्वारा प्रतिपादित भएको धर्म नभएको हुँदा यसले मानव सृष्टिको क्रम जंगली अवस्थाबाट सुरु भएको पशिचमी व्याख्यालाई स्वीकार गर्दैन । सृष्टि र प्रलयका आफ्नै दृष्टिकोणहरु यसका छन् । अन्य सबै धर्म, मत वा सिद्धान्त समयमा उत्पत्ति हुन्छन् र कालक्रममा नासिन्छन् । तर वैदिक सनातन धर्म जतिखेर पनि आफ्नो ठाउँमा यथावत हुन्छ । यसको आदि र अन्त्य छैन । सृष्टिकर्ता ब्रह्मा नै पनि समयका प्रवाहमा समाप्त हुन्छन् । नयाँ ब्रह्माको उत्पत्ति र सृष्टिक्रमको चक्र यसरी नै व्यवस्थित हुन्छ । यसरी आदिकालदेखि अनन्तकालसम्म विश्व ब्रह्माण्डका बारेमा वेद, उपनिषद् र पुराणहरुको उद्घोष संकीर्ण दृष्टिकोणको नभएर विस्तृत र व्यापक छ । वितण्डा र पाखण्डको अभ्युदय हुन्छ, विनास पनि हुन्छ । सनातन धर्मावलम्बीहरुका निमित्त ॐकार नै धर्मको प्रतीक छ, जसमा ऋत र सत्य दुवैको समावेश छ । ऋत एवं सत्यशब्दको यति व्यापकता छ कि

योभन्दा बाहिर केही पनि रहँदैन, हुँदैन ।

सनातन धर्मावलम्बीका शास्त्रहरूले सर्वव्यापक अनन्त तत्त्वको विवेचना गर्दै त्यसैलाई ब्रह्म भनेका छन् । श्रुतिले भन्छ- **'ओमिति ब्रह्म'** ॐ नै ब्रह्म हो । ॐ ब्रह्मको पयार्य हो । अगाडि गएर श्रुतिले भन्छ- **'ओमितिदं सर्वम्'** यो सबैथोक जो ज्ञानको विषय छ, ॐ नै हो । वर्ण प्रतीकका रुपमा यसलाई **'ओमित्येकाक्षरं ब्रह्म'** भनेर यसको ब्रह्मत्त्वको प्रतिपादन श्रुतिले गरेको छ । यो एकाक्षर नै ब्रह्मको वाचक हो । **'तस्य वाचकः प्रणव'** श्रुतिको यही वचन छ । ॐकार नै प्रणव हो ।

सृष्टिकर्ता ब्रह्माका चारमुख नै चार वेद हुन् । चारैवेदका प्रकाट्यको पूर्वावस्थामा ॐ कार शब्द ब्रह्मको कण्ठबाट सुमधुर ध्वनि गर्दै निक्लेको थियो-

ॐ कार श्वाश शब्दश्च द्वावेतौ ब्रह्मणः पुरा ।
कण्ठमित्वा विनिर्यातौ तस्मा मांगलिकाबुभौ'

यसरी यो वेदको पनि पूर्ववर्ती छ । वेदाध्ययनभन्दा पहिले ॐकारको उच्चारण आवश्यक बताइएको छ । **'ॐकार पूर्व मुच्चार्य ततो वेद मधीयतेत् ।'** समस्त वर्ण राशिको उद्भव यसरी एकाक्षर ब्रह्मैबाट भएको छ । यही संक्षेपमा ॐ कारको समस्त रुपको आख्यान हो । **'आदौ भंगवान् शब्द राशिः'** सृष्टिको आदिमा भगवत सत्ता शब्दराशिका रुपमा थियो । यो सिद्धान्त पूर्वीय शास्त्रको बाहेक पश्चिमले पनि स्वीकार गर्छ । बाइबल नै पनि यसैलाई प्रतिपादित गर्छ । समग्र विश्व शब्दबाट उद्भूत छ, शब्दमै विधृत छ । प्रारम्भमा केवल शब्द थियो । शब्द, ईश्वरको साथ थियो । शब्द नै ईश्वर थियो । यै कुरा सनातनीहरुले लाखौं वर्षदेखि मान्दै आएका छन् ।

सम्पूर्ण विश्व शिवात्मक छ । यै कुरा आगममा प्रतिपादित छ । **'शब्दमयी किल ते तनुः'** भनेर जगज्जननीको शरीरलाई शब्दमय कहिएको छ । प्रकृति स्तोत्रमा पनि **'अक्षरं त्वं महेशी'** भन्दै भगवतीलाई **'ज्योतिर्मयी वाङमयी'** भनेर निर्देश गरिएको छ ।

ॐ कारका दुईवटा स्वरुप छन् । समस्त र व्यस्त । समस्तका

बारेमा संक्षिप्त रुपमा शास्त्र वचन अनुसार सम्झौं । शास्त्रमा ॐ कारको व्यस्त व्यष्टि रुपका बारेमा धेरै विस्तारमा गएर विवेचन विश्लेषण गरिएको छ । यसको विवेचना गन्धर्व राज पुष्पदन्त रचित 'शिव महिम्नस्तोत्र' को एउटा श्लोक उद्धृत गरेर हेरौं-

त्रयीं तिस्त्रो वृत्तीस्त्रिभुवनमथोत्रिनपि सुरा
नकाराद्यैवर्णैस्त्रिभिरभिदधत्तीर्ण विकृति
तुरीयं ते धाम ध्वनिभिरबरुन्धान मणुभिः
समस्तं व्यस्तं त्वां शरण गृणात्योमिति पदम्'


हे शरणागत पालक भगवान् शिव ! ॐ यो पद अकारादि (अकार, उकार, मकार) तीन वर्गमा विभक्त भयो । त्रयी (ऋक, यजु, साम) तीन अवस्थाहरु (जाग्रत, स्वप्न, सुषुप्ति) त्रिभुवन (स्वर्ग, भूमि, पाताल) तीन देवता (ब्रह्मा, विष्णु, महेश) का रुपमा र अनेक त्रिपुटीहरुका रुपमा (स्थूल, सूक्ष्म, कारण) तीन शरीर विश्व, तेजस र प्राज्ञ यी तीन शरीराभिमानी, विराट हिरण्य गर्भ ईश्वर यी तीन समष्टि अभिमानी देव, अधिभूत, अधिदैव, अध्यात्म इत्यादि सर्व त्रिपुटीहरुका रुपमा व्याच्यार्थ रुपले तिम्रै कथन गर्छन् । समस्त समष्ठि ॐ कार रुपमा विकाररहित निरंजन सर्वत्रिपुटीभन्दा पर तुरीय चौथो अवस्थामा तिम्रो सूक्ष्मस्वरुप ध्वनिहरुद्वारा लक्ष्यभेद गराउँदै अघि बढ्छ । आख्यान गराउँछ ।

त्रिपुटीहरुको सूची धेरै नै लामो छ । अ, उ, म् मा विभाजन त मोटो कुरा हो । साधनाको सूक्ष्मस्तरमा यो विभाजन बाह्र मात्रासम्म पुगेको छ । यी मात्राहरुका पनि आ-आफ्ना नाम गुण छन् । परन्तु जो मात्रातीत छन्, ती अनुच्चार्य छन् । त्यसैलाई ऋषिहरु, योगीहरु लक्ष्य गरेर साधनामा लीन हुन्छन् । **'ध्यानावस्थिततद्गतेन मनसाः पश्यन्ति यं योगिनो' वा मात्रातीतं तु जप्यते'** यसैको जप गरिन्छ । परन्तु यो कुरा बुद्धिगम्य नभएर साधनागम्य छ, जसको परमात्मामा पराभक्ति हुन्छ र त्यस्तै नै भक्ति गुरुमा पनि हुन्छ । यस्तै महात्माको अन्तः चक्षुहरुका समक्ष यस्ता कुराको अर्थ खुल्छ । प्रकाश पर्छ । मुख्य मुख्य त्रिपुटीहरु यसप्रकार वर्णित छन्-

त्रिपुटीहरुको सूचीमा वाणि रुपमा वैखरी, मध्यमा, पश्यंती गुणमा

रज, सत्त्व, तम, वर्णमा पहेंलो, सेतो, कालो, स्थानमा मुख, कण्ठ, हृदय, प्राणायाममा पूरक, कुम्भक, रेचक, भू, भूवः स्वः अग्नि, चन्द्र, सूर्य, ह्रस्व, दीर्घ, प्लुत, सत, चित, आनन्द, सृष्टि, स्थिति, संहार, इच्छा, ज्ञान, क्रिया, नाद, विंदु, कला, भूत, वर्तमान, भविष्यत आदिको गणना गरिएको छ।

✧ ✧ ✧









ॐकार

श्रीमद्भगवद्गीतामा श्रीकृष्णले आफ्नै मुखारविन्दबाट व्यक्त गरेका छन्- अन्तकालमा ॐकार यो एक अक्षर ब्रह्मको उच्चारणसहित मेरो स्मरण गर्दै जसले देहत्याग गर्छ, उसले परमगति प्राप्त गर्दछ ।

विन्दूयुक्त ॐकारको योगी जन नित्य ध्यान गर्दछन् । यही ॐकार कामनाहरुको पूर्ति गर्दै मोक्ष प्रदान गर्न सक्षम छ । यस्तो ॐकारलाई नमस्कार छ । यही ॐकारको ध्यान मन्त्रको भाव हो ।

ॐ कार गणेशको पनि प्रतीक छ । ब्रह्मवादीहरुका बारेमा गीतामा भनिएको छ- 'ब्रह्म वाचक ॐ को उच्चारण गरेर मात्रै यज्ञ, दान र तपस्या आदि कुनै पनि क्रियाहरु प्रारम्भ गर्नुपर्छ ।'

योगी याज्ञबल्कको भनाइमा चतुवर्ग (धर्म, अर्थ, काम मोक्ष) प्रदान गर्ने कुनै पनि मन्त्रको प्रारम्भमा प्रणव ॐकारको उच्चारण हुन्छ । ॐकारबाटै उत्पत्ति र ॐकारमै लय छ । ...यो ॐकार नै सबै मन्त्रको नायक हो । यसको जपबाट पापनाश, प्राणायामबाट मलनास, ध्यानबाट जन्म-मरणबाट छुटकारा र धारणाबाट मुक्ति लाभ हुन्छ । मन्त्र अनुष्ठानमा जुन कमी र त्रुटि रहेको छ, जो अतिरिक्त भएको छ, जो छिद्र रहेको छ र यज्ञविरुद्ध कुनै

विपरीत काम भएको छ, अथवा जुनसुकै अशुद्धि होस्, ॐकार युक्त मन्त्रका प्रभावले ती सबै ठीक हुन्छन् ।

सृष्टिको शक्ति त्रिपुटीमा 'अ' ईश्वरको 'उ' मूल प्रकृतिको र 'म' माया शक्तिको वाचक छ ।

ध्यानविन्दु उपनिषद्मा साधना क्रममा दर्शाइएको छ- प्रणव (ॐ) को धनुष, आत्माको वाण र ब्रह्मलाई लक्ष्य बनाएर अप्रमादी भएर पूरा तन्मयताले लक्ष्यको संधान गर्नुपर्छ ।

अग्नि मन्थनको रुपकद्वारा पनि फेरि यस्तै साधनाको कुरा बताइएको छ । आत्मालाई तल्लो अरणी (काठ) र ॐकारलाई उपल्लो अरणी बनाएर ध्यानरुपी मदनीद्वारा घर्षण गर्दै निर्वात दीप सरह आत्मालाई **सोऽहमस्मि** यस्तो वृत्तिले हेर्नु ।

अमृतविन्दु उपनिषद्मा उल्लेख भएको छ- शब्द ब्रह्म ॐ मा निष्णात साधक परब्रह्ममा प्राप्त हुन्छ ।

अमृतनादोपनिषद्ले अर्को एक रुपक प्रस्तुत गर्छ- ॐ कार रुपी रथ चढेर, विष्णुलाई सारथी बनाएर ब्रह्मलोक पदको खोजी गर्दै रुद्रको आराधनामा तत्पर होऊ ।

सोहम शब्द रुपले 'स' तथा 'ह' व्यञ्जनको लोप भएर ॐ शेष बचेको छ । यही शेष रहेको अनन्त हो । ब्रह्म हो, आत्मा हो, परमात्मा हो । सनातन धर्मको यही पर्याय हो । जहाँ-जहाँ ॐकार छ, त्यहाँ सनातन धर्म रहन्छ । कसैले त्यसैलाई हिन्दुधर्म भन्छन्, कसैले सनातन धर्म भन्छन् । सनातन धर्म कुनै विशेष पूजा पद्धति र कुनै साधना उपासनामा निश्चित रुपमा बाधिएर रहँदैन । यो सनातन धर्मको सगुण साकार या निर्गुण निराकारसंग कुनै वाद-विवाद पनि छैन । बुद्धधर्म र संघ, जैन शासन सन्त, नाथ, सिद्ध, सम्प्रदाय नानक पन्थ, सबैलाई यही मान्यता छ । शिरोधार्य छ । सबका उपास्य एउटै हुन् । साधकको सहायताको लागि मात्र ब्रह्मका विविध रुपको कल्पना गरिएको हो ।


तन्त्र शास्त्रका विद्वान्हरुले पनि प्रत्येक साधकका लागि उपासनाको एउटा निश्चित काल निर्धारित गरेका छन्, जसलाई पाँच भागमा यसरी

विभाजन गरिएको छः- (१) सृष्टि (२) स्थिति, (३) संहार, (४) अनाख्या र (५) भासा यिनै पाँचैकालको स्थिति (१) प्रातः, (२) मध्यान्ह, (३) सायं (४) तुरीय एवं (५) मध्यरात्रीको पछाडि मानिएको छ । काम्य कर्मको साधनाको लागि यसै दृष्टिले तत्तत कालमा गरिने नियम बाांधिएका छन् । ॐकारको आकृतिमा या यसको अनुसार सामान्य अन्तर देखिने प्राचीनतम पद्धति रहेको पाइन्छ । यी आकृतिहरु फरक फरक पाराका छन् ।

यी आकृतिहरुका अतिरिक्त पनि प्रणवका १०८ अरु आकृतिहरु भेटिएका छन् जसमा लिपि भेदका कारण तथा सम्प्रदायगत भेदका साथ केही रहस्यहरुका संकेत पनि सन्निहित छन् । यस्ता भेद हुंदाहुँदै पनि सबै धर्मावलम्वी ॐकारको उपासना कुनै न कुनै रुपमा गर्दैछन् । संसारका अन्य भाषाहरुमा ॐकारको भिन्न भिन्न रुपमा भिन्न भिन्न ढंगले सम्बोधित गरिएको पाइन्छ । जस्तै- ग्रीकमा 'ओमेरा' फारसी र अरवीमा 'आमीन' हिब्रु र खिस्तानहरुको प्रार्थनामा 'एमेन' इत्यादि ।

कृष्ण यजुर्वेदीय 'अमृतनादोपनिषद्' का अनुसार 'प्राणान सर्वान परमात्मनि प्रणाम यतीत्वस्मात प्रणवः' यस्तो भनिएको छ । वस्तुतः यही नै सत्य हो । यस्तो महत्वपूर्ण तत्त्वलाई केवल लिपिको आधारमा महत्व दिएर केवल ॐ अथवा ओ ३ म लेख्दैमा कुनै कार्य पूर्ण हुंदैन । केवल पाण्डित्य छाट्नका लागि मात्र ॐ कार सीमित छैन । तान्त्रिक आयाममा यसको आकृतिमा धेरै अन्तर आए किनभने तन्त्रमा ध्यानले ठूलो महत्व राख्दछ । यसै कारणले 'अ', 'उ' का अतिरिक्त चन्द्रकला र उसमा नाद-विंदुको समावेश आवश्यक मानिएको छ ।

उर्ध्वशुण्ड मधः शुण्ड द्विधा व्यावृत्त शुण्डकम् !
विसर्ग-सर्ग सन्धीशं नौम्योकार विनायकम् !

यो स्तुति पद्यका अनुसार प्रणवलाई गणेशको स्वरुप मानिएको छ । माथि, तल र मध्यका यस्ता तीन सूंड तथा सर्ग 'चन्द्रकला' र विसर्ग बराबर 'नाद' ॐकारका आकृति निम्नप्रकारले बन्छन्- 

ॐ यो आकृतिमा जब ध्यान गरिन्छ तब विनायक गणपतिको स्वरुप नै उपासकको लागि ध्येय बन्दछ । 'गज' (हात्ती) को सूँड नै प्रधान हुन्छ । मुदगल पुराणमा भनिएको छ- **'समाधिना योगिनो गच्छन्ति यत्रेति**

गः यस्माद विम्ब प्रतिविम्ब- तया प्रणवात्मकं जगज्जायत इति जः' अर्थात् योगीजन समाधिका द्वारा जहाँ पुग्छन् त्यो स्थान हो ग यस्तै जसको विम्ब प्रतिविम्ब भावले प्रणवात्मक जगत्को उत्पत्ति हुन्छ त्यो हो 'ज' अतः प्रणवलाई 'गज' र 'गजानन' भन्नु मान्नु उपयुक्त नै छ। यौटा अर्को आकृति विश्वतो मुख-प्रणवको यसप्रकार छ। 

यो आकृतिलाई जताबाट हेरे पनि त्यो ॐ कार रुपमै देखिन्छ। यसैलाई सरल रुपले ध्यानमा उतारेर स्वस्तिकको रचना गरिएको हो।

वैदिक संस्कृति र हिन्दु जीवनशैलीको प्रतीक यो स्वस्तिक चिन्हको विविध वर्णन छन्। यो आकृतिको यौटा अर्को विशेषता छ- यो गणपतिको बीज मन्त्र 'ग' को स्वरुप पनि हो। 'चतुर्मुख अथवा 'विश्वतो मुख' रुपमा यो प्रस्तुत हुन्छ। गणपतिको यो बीज मन्त्र 'ग' सृष्टि, स्थिति, संहार, अनाख्या र भासाका पाँच प्रकारका हुन्छन्। विसर्ग र विन्दुको प्रयोगमा भिन्नता छ। अतः यो स्वस्तिक पाँच प्रकारले लेखिने प्रचलन चलेको छ।

जैन धर्मावलम्बीहरू 'अरिहंत' सिद्ध आचार्य, उपाध्याय तथा साधु यी पाँच सतत स्मरणीय परमेंस्ठिहरूका आद्याक्षरका संयोग अ+अ+आ+उ+म् को संयोग नै ॐ को सिद्धि मान्छन्। यसमा सिद्धिको पर्याय 'अशरीरी' तथा साधुको पयार्य 'मुनि' मानेर द्वितीय ऊ तथा अन्तिम म् को उपलब्धि गरिएको छ। जैन परम्पराका अनुसार ॐ को आकृति यस्तो हुन्छ- 

बौद्धहरूको 'ॐ मणिपद्मे हुम्' मन्त्रका अनुसार ॐ कारलाई नै मणिपुरस्थ मान्ने संकेत गरिन्छ जसले षटचक्रान्तर्गत मणिपुरस्थ दशपत्रको पद्मदलमा ॐ को स्थापना गर्ने मान्यता छ। **'ॐकार विन्दु संयुक्तं नित्यं ध्यायन्ति योगिनः। कामदं मोक्षद चैव, ॐकाराय नमो नमः'** यो प्राचीनाचार्य विरचित ॐ नम शिवायः यो षड अक्षर मन्त्रको आद्याक्षरपूर्तिका लागि त्यसैका रुपमा निर्मित पद्य हो।

यसरी सनातन हिन्दु धर्मावलम्बी जैन, बौद्ध लगायत ॐकार परिवारको 'ओमित्येकाक्षरं ब्रह्म' संग आखिरमा तादाम्य छ।

त्यसैले हिन्दु सनातन धर्मको विशालवृक्षका हाँगाहरुमा सबै

अटाउँछन् । हिन्दु वर्णाश्रम धर्मका अन्य मुख्य धाराहरु पनि चारवटा छन् । ती हुन्- १) स्मार्त २) शैव ३) बैष्णव र ४) शाक्त ।

स्मार्तहरुको जीवनशैली र व्यवहारको दैनन्दिनी आधार कर्मकाण्डमा टिकेको छ । बहुदेवतावादी विश्वासमा दृढ हुने स्मार्तहरुका कर्मकाण्ड र विधान पनि त्यस्तै छन् । यस्तै शाक्तहरुको विश्वास मातृशक्ति खासगरी देवीहरुमा छ । तान्त्रिक विधि-विधान र बलिदानको प्रचलन शाक्तहरुको मुख्य उपासना वा जीवनशैलीभित्र पर्छ । शैव र वैष्णव दुवै धारा वैदिक तथा औपनिवेशिक ईश्वरवादी चिन्तनधारामा विश्वस्त छ । यै चिन्तन, मनन निष्कर्षको विकसित रुपको जीवनशैली र विधि, विधान स्वीकारेर शैव र वैष्णवमत हिन्दु धर्मको आधार स्तम्भका रुपमा रहेको छ । वेदमा छरिएका ईश्वरवादी प्रवृत्ति र उपनिषद् लगायत खासगरी श्वेताश्वर जस्ता उपनिषद्मा रुद्र-शिवको धारणामा व्यवस्थित रुपले स्पष्ट आकार ग्रहण गर्छ । रुद्रको भयावह रौद्ररुप नै अर्कातिर स्रष्टा, पालक, रक्षक, एवं विश्व शासकको रुपमा एकमात्र ईश्वरीय सत्ता हो भन्ने अनुभूति गराउँछ । विश्वातीत भएर पनि शिवको सम्बन्ध आत्माको साथ अत्यन्त घनिष्ठ छ । शैवहरु यसैलाई आधार मान्छन् र यसै भन्छन् । यसरी नै ऋगवैदिक विष्णु, जो ऋग्वेदमा सर्वव्यापक, सर्वसम्पन्न र यदाकदा भयकारक अवतार लिएर पनि अवतरित हुन्छन्, सबै पुराण र महाभारतमा समेत एकमात्र करुणामय परन्तु सर्वोच्च ईश्वरका रुपमा प्रतिष्ठापित गरिएका छन् । शिव र विष्णुको विभेद मेटियोस् र द्वन्द्व हुन नजाओस्, हिन्दु सनातनी धर्मावलम्बीहरु भ्रममा नपरुन् भन्ने स्पष्ट गर्दै हरिहरको अवधारणालाई अघि सारिएको पाइन्छ । हरिहर मन्दिरहरु हिन्दुधर्म संस्कृतिको यै पक्षको विशेषता वर्णन गर्ने हेतुले व्यवस्थित गरिएका छन् । विराट स्वरुपमा चराचर जगतकै यावत पक्ष प्रदर्शित हुन्छ । शिव र शक्तिको अर्को स्वरुप अर्धनारीश्वरमा देखापर्छ । हिन्दुहरुका बीच शिव र विष्णुलाई लिएर चल्ने द्वन्द्वको परिहार यद्यपि हुन सकेको छैन । विश्वातीतता, अन्तर्व्याप्तता र प्रेमका साथ धर्म स्थापनाको खातिर र धर्मको प्रतिरक्षाका निमित्त राम, कृष्ण बुद्ध आदि रुपमा युग युगान्तरमा अवतरित भएर विधर्मीहरुको उग्र प्रताडनाबाट जोगाउने विशेषता र विशेष लक्षण विष्णुमा रहेको विश्वासले

गर्दा विष्णुलाई नै जीव र जगतको साथ अधिक घनिष्ठ सम्वन्ध राखेर पालना गर्ने ईश्वरीय शक्तिका रुपमा यो धर्मले स्वीकार गरेको छ भने शिवको कल्याणकारी स्वरुपको जयगान गर्दै **'मे: मन: शिव संकल्पमस्तु'** को उद्घोष गरेर मानसिक रुपले नै **शिवोऽ हम शिवोऽहम**को श्वास प्रश्वास नै प्रतिक्षण लिइरहेको अनुभूति नै सनातनी हिन्दुहरुको रहिआएको छ ।

चाहे शैव हुन् वा वैष्णव, शाक्त हुन् कि स्मार्त घुमिफिरी हिन्दु सनातन धर्मका यिनै परिधिभित्र विचरण गर्छन् । ईश्वरवादी विचारको सारांश पनि यही हो । जसरी पनि समर्पण हुनु नै पूजा हो । हिन्दुधर्मको पूजापद्धतिमा समर्पणको महत्व अधिक छ । त्यहाँ द्रव्यको होइन, भक्तिको महिमा छ । पूजा भनेकै हिन्दु सनातन धर्ममा समर्पण र त्यो पनि खण्डित होइन, समग्र समर्पणमा आधारित हुन्छ । **'पत्रम् पुष्पं फलं, तोयं'** पत्र पुष्प फल र पानी जे चढाए पनि भक्ति भावनापूर्वक समर्पित भावनाले चढाउने विषयमा हिन्दु पूजापद्धतिको विशेषताको वर्णन गर्न सकिन्छ । अन्य द्रव्यबाट ईश्वरलाई पूजा गर्नुको अधिक महत्व छैन । आत्मसमर्पण वा निर्हेतुक भक्तिबाटै ईश्वरलाई प्राप्त गर्न सकिन्छ । आत्मा र ईश्वरको बीच मधुर सम्बन्ध छ । ईश्वर निर्गुण ब्रह्म भन्दा पनि श्रेष्ठ छ । ईश्वर आफ्नो भक्तको विनास हुन दिँदैन । ईश्वरमा साँच्चिकै आस्था छ, साँच्चिकै भक्ति छ, साँच्चिकै समर्पण छ भने मोक्ष अवश्य पाइन्छ । यै नै हिन्दु धर्म संस्कृति र मान्यता तथा विश्वासको तात्त्विक विशेषता हो ।

यसरी हिन्दु धर्म अनेक सम्प्रदाय, मत-मतान्तर र चिन्तन मननका धारामा विभाजित भएको स्थूलरुपमा देखिए पनि सूक्ष्मरुपमा हिन्दु विचार केवल एकवादी अद्वैत रुपमा प्रतिस्थापित हुनपुग्छ । 'एकम् सत विप्रा: बहुधा वदन्ति' 'एकम् सत्' वैयक्तिक नभै निर्वैयक्तिक सत्ता हो । उपनिषद्मा 'एकम् सत्' 'आत्मन्' भनिएको छ । जो जीवनको मात्र नभई ब्रह्म विश्वको पनि मूल तत्त्व मानिएको छ । आत्मा र ब्रह्मको तादाम्य नै उपनिषद्को मुख्य शिक्षा हो । शंकराचार्यका अनुसार 'सत् त्रिकाल अवाधित शुद्ध चेतनामय छ । साधारण अवस्थामा मानिसको चेतना वस्तुहरुमा सीमित हुन्छ या बाधित हुन्छ ।

शंकराचार्यले हिन्दु सनातन धर्ममा वैदिक कालदेखिका यी नै

मान्यतालाई स्थापना गरेका छन्, जसअनुसार-

जाग्रतावस्थामा त चेतना वस्तुहरुमा सीमित हुन्छ नै, निद्रावस्थामा स्मृति र स्वप्नको प्रत्यय यसलाई बाधित गर्छन् । शुद्ध चेतनाको झलक स्वप्नरहित निद्रावस्थामा पाउन सकिन्छ । तर, निद्राको पछि पुनः चेतना वस्तुहरुबाट घेरिन जान्छ । स्वप्नरहित निद्रावस्थामा पनि आत्मा कर्म र अज्ञानको शक्तिबाट स्वतन्त्र हुँदैन । तुरीयावस्था चेतनाको शुद्ध र मुक्त अवस्था हो । यहाँ चेतना वस्तु विशेषण कुनै अन्य प्रत्येयले बाधित हुँदैन । जसरी जाग्रत अवस्थामा स्वप्नको अनुभवको असत्यता थाहा पाइन्छ, ठीक उसै प्रकार तुरीयावस्थामा जागृत अवस्थाको असत्यता स्पष्ट हुन्छ । जबसम्म तुरीयावस्था प्राप्त हुँदैन, तबसम्म मात्र यो संसार सत्य देखिन्छ ।

तुरीयावस्था नै मोक्षको स्थिति हो । यो ज्ञाता र ज्ञानको विभेद तथा परिवर्तनको प्रभावभन्दा टाढा एकमात्र चेतन सत् छ । चेतना यस अर्थमा छ- जागृत अवस्थाको जुन चेतना हो, त्यही निद्रावस्थामा पनि रहन्छ । निद्रामा चेतना नाश हुँदैन । त्यही चेतना स्वप्नरहित निद्रा र तुरीयावस्थामा विद्यमान रहन्छ । चेतनाको विषय मात्र बदलिइरहन्छन् । तर चेतना एकै रहन्छ । यसैकारण चेतना सत्य छ । यो स्वयं प्रभा हो । स्वप्नरहित निद्राको स्मृतिमा अवाधित चेतना शान्त र आनन्दमय स्वरुपमा पूर्वाभास दिन्छ। यसप्रकारले ब्रह्म वर्णनात्मकरुपमा सत र आनन्द स्वरुप छ । तर, यो निर्गुण अपरिवर्तनीय अधिष्ठान मात्र हो । वस्तुतः यही शुद्ध सत् चित् आनन्द स्वरुप अधिष्ठानको स्थितिको ज्ञान नै मोक्ष हो । हिन्दु सनातन धर्मका तात्त्विक विशेषता र आधार यिनै हुन् । अब प्राच्य धरतीमा निवास गर्नेहरु यो विशेषता र आधारबाट अलग्गिएर सनातन हिन्दु धर्मका विरुद्ध विषबमन गरेर कसको अकल्याण चिताइँदैछ, सोचनीय छैन त ?

✧ ✧ ✧



कहिल्यै नास नहुनु नै सनातन हो

शास्वत जीवनको आधार नै धर्म हो । जो सदा रहन्छ, त्यसको अर्को पयार्य सनातन हो । सनातनको अर्थ परम्परागत भन्ने अर्थमा मात्र सीमित छैन । कहिल्यै नास नहुनु नै सनातन हो । नैतिकताका मानदण्ड बदलिन्छन् । सम्प्रदायका चिन्तन र जीवनशैली परिवर्तित हुन्छन् । मानव निर्मित संसारमा परिवर्तन हुन्छ । मानिसले प्रतिपादित गरेका मत वा सिद्धान्त र धर्म पनि कालक्रममा समाप्त हुन्छन् । तर सनातन धर्म अपरिवर्तनीय छ । समय परिवर्तनशील छ। प्रत्येक सासमा मानिसको जीवनचक्र र शरीरको अवस्थामा परिवर्तन भइरहेको हुन्छ। बालक, किशोर, युवक, बृद्ध हुने एउटै शरीर हो । यसरी शरीरकै अवस्थामा परिवर्तन देखिन्छ । तर सनातन धर्म सदा एकनासले दृढ रहन्छ। त्यो अपरिवर्तनीय छ। सृष्टि स्थिति वा प्रलय यसैमा घुमिरहन्छ। शरीरको बालापन, किशोर, युवा र वृद्धावस्था हुन्छ ।

यस्तो शरीरको परिवर्तनमा कोही आश्चर्यचकित हुँदैन । यसलाई स्वाभाविक रुपमा नै लिइन्छ। यस्तै युगान्तरका जीवनचक्रका मूल्य, मान्यता र विचारमा हुने परिवर्तनलाई भने आश्चर्यका रुपमा नै लिनुपर्छ । बालपनका विचारलाई किशोरपनकाले जसरी हल्कारुपमा लिन्छ, त्यसरी

नै किशोरपनका विचारलाई युवाहरुले लिन्छन् । युवावस्थाका अधुरा सपनामा प्रौढहरूको सोचाइ र प्रौढावस्थाका विचार र अशक्त वृद्धअवस्थाका बीचमा एउटै व्यक्तिको विविध गति देखिन्छ । तर यो सबको घटमा अवस्थित जीवनको रहस्य एउटै तत्त्वभित्र अडेको छ । त्यो अपरिवर्तनीय शास्वत जीवनको वरपर नै सनातन धर्म सदा विद्यमान हुन्छ ।

यस्तो सनातन धर्म कहिल्यै परिवर्तित हुँदैन । वायु, पृथ्वी, अग्नि, जल र आकाश, यही पञ्चतत्त्वलाई सनातन धर्मले शरीर निर्माणको आधार मानेको छ । आत्मा योभन्दा फरक छ । त्यो आत्मा नै सनातन हो । पहिले पहिले अर्थात् वैज्ञानिक कालगणनामा १३ अर्ब वर्ष पहिलेका प्राणीले पनि सास फेर्ने वायु नै हो । आज पनि वायुमै प्राणीले सास फेर्छ । यो सबैको शरीर पहिले पनि माटोमा मिल्थ्यो, अहिले पनि मृत्युपछि माटै हुन्छ । आगो १३ अर्ब वर्ष पहिले अर्थात् वैज्ञानिक परिभाषा वा खोजमा सृष्टि सुरु हुँदा जस्तो थियो, अहिले पनि उस्तै छ । उसले धर्म छाडेको छैन । यस्तै जलको धर्म पनि यथावत छ । अर्थात् यी अपरिवर्तनीय तत्त्व नै सनातन धर्मका साक्षी हुन् । अरु सबैले धर्मका नाम लिएका मात्र हुन् । ती न तत्त्वमा पर्छन्, न त धर्ममै । त्यसैले सनातन धर्म पनि यस्तै मानिन्छ । जो सदा रहन्छ, त्यो सनातन हो । त्यही हिन्दु धर्म हो ।

यो अपरिवर्तनीय तत्त्वबाहेक अरु सबै क्षण क्षणमा बदलिन्छन् । त्यसैलाई अनित्य भनिएको छ । सभ्यता, संस्कृति, रीति-स्थिति र चालचलन वा मानिसका चिन्तन-मनन सबै परिवर्तनशील छन् । सनातन धर्म र तत्त्वमात्रै अपरिवर्तनीय हुन् ।

आत्मा र परमात्माका विषयमा अनेक खोज भएका छन् । अनात्मवादीहरूले आत्मा छैन भनेर जति कुर्ले पनि सनातनधर्मी भन्ने आत्मविश्वाससाथ सदा विद्यमान रहने तत्त्वलाई नै आत्मतत्त्व मानेर चिन्तन गर्छन् । **'आत्मै व ह्यात्मेन बन्धु, रात्मैव रिपुरात्मन'** भन्छन् । आत्मविश्वास भनेकै शरीर पोस्नलाई आत्म दबाउनु हुँदैन भन्ने हो । सनातन धर्मको सार पनि यही हो ।

सनातन धर्मले आत्मालाई कहिल्यै नमर्ने अमर सत्यका रुपमा स्वीकारेको छ । **नैनंछिन्दन्ति शास्त्राणी, नैनंदहति पावक । न चैनं क्लेदयन्तोपि**

न शोषयति मारुतः' गीतामा यही उद्घोष कृष्णले गरेका छन् । सनातनको अर्थ सधैं विद्यमान रहेको अर्थमा प्रयोग हुँदै आएको छ। हिन्दु सनातन वर्णव्यवस्थाले यसैलाई स्वीकारेको छ । यसका चार आश्रम यसैका निमित्त व्यवस्थित गरिएका हुन् । जीवनचक्रमा आइरहेका परिवर्तनलाई भोग्दै आत्मचिन्तनगर्ने यी आश्रमहरूको अहिले दुरावस्था छ। यसलाई पनि सनातनधर्मले समयको परिवर्तनको प्रभावका रुपमा लिएको छ। तर वैदिक धर्म जो ज्ञानसंग आवद्ध छ। उसले ज्ञानको अथाह वटवृक्षमा असंख्य शाखाहरू त्यस्तै पातहरू पनि असंख्य रहेको वर्णन गर्दै ती सबै पातलाई ज्ञानका प्रतीक मानेको छ । सनातन धर्मका तात्त्विक विशेषतामा आत्माको अपरिवर्तनीय र सर्वव्यापकताको महिमाको यसरी गुणगान गरिएको छ ।

जीवनपथका दुईटा पक्ष छन् । एउटा पक्ष आकर्षणको मानिन्छ । अर्को पक्ष समर्पणको । आकर्षण पक्षतिरबाट यात्रा गर्नेहरूको भन्दा समर्पणको पक्षतिरबाट यात्रागर्नेको यात्रा सुगम मात्र हुँदैन, उच्च आदर्श र नैतिक तथा धार्मिक जीवन हुन्छ । आकर्षणको पक्षबाट यात्रागर्नेहरु भ्रमित हुन्छन् र गलित, थकित, पतीत बनेर अनेक प्रकारका झन्झट र जटिलतामा जेलिन्छन् । समर्पणको पक्षबाट यात्रा गर्ने यात्रीहरूको गन्तव्य पनि स्पष्ट हुन्छ । यिनै मोक्षका अधिकारी पनि हुन्छन् ।

समर्पणको यात्रामा संलग्न यात्रीद्वारा साधना हुँदै जाँदा उसको अन्तःकरण शुद्ध हुन्छ। शुद्ध अन्तःकरणको कारण आत्मा र परमात्मासंग साक्षात्कार हुन्छ । यसबाट समदर्शी बनेको यस्तो सनातन धर्मीले सदा विद्यमान सनातन धर्मको तत्त्वबोध गरेर सर्वत्र सदैव विद्यमान रहेको सत्यसंग साक्षात्कार गर्छ। सत्य एउटै हुन्छ। धर्म त्यसैको अर्को नाम हो। यही सनातन हो। यही नै सर्वत्र व्याप्त आत्मा हो। आत्मापूर्णताको शान्ति, सद्भाव र सत्य सन्देश हिन्दु सनातन धर्मको तात्त्विक विशेषतामा पर्छ। आत्मअनुशासन यसको पनि महत्वपूर्ण पक्ष हो। आफैंले आफैंलाई नियन्त्रण गरेर आत्मअनुशासनको जीवनशैली अपनाउन वर्णाश्रम व्यवस्थाको जीवनशैली हिन्दु सनातन धर्मावलम्बीहरूले व्यवस्थित गरेका हुन्। यी आश्रमहरूको व्यवस्था पनि प्रकृतिको नियम अनुसार मानिसको शारीरिक स्थिति, ऊर्जाको

अवस्था र परिवर्तित परिस्थिति अनुरुप ढालिएको छ । १२० वर्षको परमायुको किटान गरेर ६० वर्षलाई पूर्वार्द्ध र त्यसपछिको जीवनचक्रलाई उत्तरार्द्धमा विभाजित गरेर १०० वर्षसम्म क्रियाशील हुँदाको चारवटा कालखण्डको फरक फरक जीवनशैलीको विभाजन हिन्दु धर्मावलम्वीहरूले गरेका छन् । राजादेखि रंकसम्मले यो कालखण्डको विभाजन अनुसार वर्णाश्रम धर्मको समुचित पालना गर्ने परम्परा यता टुटेको छ । तर, प्राच्य संसारमा कुनै कालखण्डमा यो व्यवस्थाको समुचित पालना भएको थियो । गृहस्थलाई भन्दा वानप्रस्थ आश्रमका लागि जंगलको विशेष महत्व हुने यो वर्णाश्रम व्यवस्था अहिले छिन्नभिन्न अवस्थामा छ । ब्रह्मचर्य आश्रमको अब खासै महत्व रहेन । गृहस्थाश्रम लड्खडाएर चलेको छ । वानप्रस्थ आश्रमको पालना गर्ने वातावरण पनि छैन । जंगल मासिए । मूर्तिहरु चोरिंदैछन् । मन्दिरहरु भत्काइँदैछन् । अन्य प्रतीकहरु पनि मासिंदैछन् । कुनै पनि आश्रम व्यवस्थित छैन । सन्यास आश्रमहरु समेत भौतिक उपभोक्तावादका अतिक्रमणमा जर्जरित हुँदैछन् । हिन्दु सनातन वर्णव्यवस्थाले परिकल्पना गरेको स्वतन्त्र रहने जीवनशैली विधर्मीहरुका वितण्डावादमा धराशायी भएर परतन्त्रको मृगमरिचिकालाई स्वतन्त्रताको नाममा अपनाएर आफैं विस्मृतिमा पुगेको छ । हिन्दु सनातन धर्मको तात्त्विक विशेषता आत्म अनुशासनको महत्त्वलाई गिज्याएर भौतिक उपभोक्तावादको जति गुणगान गाए पनि हिन्दु सनातन धर्मले जुन परमानन्द दिएर जीवनशैलीलाई शान्त र सुखमय बनाउँछ त्यो भौतिक उपभोक्तावादी जीवनशैलीमा प्राप्त हुन सक्दैन । हिन्दु सनातन वर्णव्यवस्थाले मानसिक रुपमा नै वैचारिक प्रदूषण हुन नदिएर स्वच्छ, स्वस्थ र शान्त स्थितिको प्रादुर्भाव गर्छ भने उपभोक्तावादी भौतिक भोगवादी जीवनशैलीले विश्व ब्रह्माण्डलाई नै प्रदूषित गरेर मानिसको यावत क्रियाकलाप र जीवनशैली नै विषाक्त बनाइरहेछ । तनाव बढाइरहेको छ । आत्मअनुशासनबाट वञ्चित हुँदै गएको मानव सभ्यता अहिले बारुदको उरुंगोमा टुक्रुक्क बसेको छ । जल, थल, नभ र अन्तरिक्ष जताततै प्रदूषण फैलिंएको छ । मानिस तनावग्रस्त छ । शास्त्रलाई तिरस्कार गर्छ । शस्त्रमा भर पर्छ । भौतिक जीवनशैलीले भोगमय संस्कृति हुर्काउँदै लगेर जताततै विघटन र विखण्डनको स्थिति सिर्जना गरेको छ । हिन्दु सनातन

धर्मावलम्बीहरुले शस्त्रमा होइन, शास्त्रमा विश्वास गर भन्ने जुन सन्देश दिएका छन्, त्यो सन्देशको झन्-झन् महत्व भने बढ्दैछ। अहिले पनि विश्वभर निरस्त्रीकरणका नारा लागेका छन्। त्यागका प्रसंग उठेका छन्। भोगमय संस्कृतिले बढाएको तनाव र त्यसबाट उत्पन्न भयको बारेमा चर्चा चलेकै छन्। पानी, वनस्पति, वन-उपवनको महिमा गाइएकै छन्। अन्धाधुन्द औद्योगिकरण र शस्त्रीकरणको होड हानिकारक भएको ठहर भइसकेको छ। हिन्दु सनातन धर्मको वर्णव्यवस्थाले पनि यिनै कुराबाट त यो विश्व ब्रह्माण्डलाई जोगाउनुपर्छ भनेको छ। आत्मअनुशासन कायम गरेर ईश्वरीय सत्तामा रमाएर स्वतन्त्र चिन्तन गर्न र ब्रह्मानन्दमा लीन हुन कुनै पनि विषयमा वा भोगमा लिप्त भएर आफैंलाई विस्मृतिमा नपुऱ्याउन सचेत गराएको छ। परलाई आफ्नो मान्नु नै पराधीनताको मूल हो। शरीरलाई समेत देहाभिमानी भएर आफ्नो मान्न थाल्यो भने पराधीनताले नै शासन गर्छ। हिन्दु सनातनी धर्मावलम्बीहरु भन्छन्- शरीर छुटे पनि पराधीनता छुट्दैन। शरीर त बदलिन्छ। तर, पराधिनताले पछ्याउँछ। शरीर सधैं टिक्दैन। पराधीनता छुट्दैन। मुक्तिका लागि शरीरको सहायता जरुरी हुन्छ भन्ने कुरासम्म पनि हिन्दु धर्म संस्कृति वा वर्णव्यवस्थाले स्वीकार्दैन। त्यसैले सच्चा हिन्दु सनातन धर्मावलम्बीहरु त्यागको विशेष रुपले वर्णन गर्छन्। त्यागको अर्थ हो शरीरसम्बन्धी अहंपन, ममता र यससंग सम्बन्धित गुण देहाभिमान। यो सबैको त्याग नै हिन्दु सनातन धर्मको तात्त्विक विशेषताभित्र पर्छ। शरीरको त्याग (सम्बन्ध बिच्छेद) सहायक हुनसक्छ। त्यस्तो सम्बन्धको विच्छेद गर्ने विधि नै वर्णव्यवस्थामा हिन्दुहरुले व्यवस्थित गरेका छन्। ब्रह्मचर्यको जीवनशैली एउटा कालखण्डमा पालना गरेर अर्को कालखण्डमा गृहस्थ र अर्को कालखण्डमा वानप्रस्थ तथा अन्त्यमा सन्यासीको जीवनशैली अपनाउने तात्त्विक विशेषताको जीवनसंग गहिरो सम्बन्ध छ। पराधीन भएर स्वाधीनता प्राप्त गर्न खोज्नु मूर्खता हो। स्वाधीन भएर जीवनलाई यथार्थमा भोग्नुपर्छ। हिन्दु सनातन धर्मावलम्बीहरुका यिनै यस्तै मान्यता छन्। राजनीतिक स्वतन्त्रताको नारा लगाएर, उच्छृंखल र अस्वस्थ प्रतिस्पर्धा गरेर जीवन र जगतलाई स्वस्थ, स्वच्छ र शान्त बनाउन सकिदैन। **'धर्मो रक्षति रक्षितः'**, हिन्दु सनातन धर्मावलम्बीहरुले धर्मले मात्र सबैको रक्षा हुन्छ भनेका छन्।

जहाँ धर्मको नास हुन्छ, त्यहाँ सबै कुराको नास हुन्छ। यो ज्ञान नै हिन्दु धर्म संस्कृति तथा जीवनशैलीको तात्त्विक विशेषता हो। **'वेदोऽखिलो धर्म मूलम'** सनातन धर्मावलम्बीहरुको यही विश्वास छ। आत्मअनुशासनको यसै भएर विशेष महत्त्व छ। हिन्दु सनातन धर्मावलम्बीका जीवनशैली भोग्ने यस्तै सूत्रहरु छन्। उठ, जाग, मनलाई नियन्त्रण गर। हीनताभावलाई समाप्त गर, सुन्दर, सरल, सच्चा र असल तत्त्वहरुलाई कृत्रिम आवरणमा ढाकेर कुरुप, जटिल, झूठो र कमसल बनाउने चेष्टा नगर। शोक, भय र चिन्ता उत्पन्न हुने कुनै पनि कार्यमा नलाग। मृगमरिचिकामा लठ्ठिएर अहंकारी भएर घमण्डलाई बल पुऱ्याउने कुनै कर्म नगर। शरीर बूढो हुन पनि समय लाग्छ। असमयमै बूढो हुने प्रकारको भोगमा आशक्त नबन। रोगव्याधीहरुलाई जानी जानी निम्ता गर्ने, खान-पान, रहन-सहन, आचार-विचार त्याग। पृथ्वी, जल, वन, वनस्पति, अन्तरिक्ष वायु जतातते शान्ति कायम गर, जीवन जगत स्वच्छ, स्वस्थ हुने कर्म गर। वर्णाश्रम व्यवस्थाका तात्त्विक विशेषता यिनै हुन्। अहिले विश्वमा यो जीवनशैली लोप हुने स्थितिमा पुऱ्याइएकाले विश्वकै यावत वातावरणीय पक्षदेखि लिएर मानवीय जीवनशैली भयावह पीडामा छटपटिदैछ। हजारौं, लाखौं, करोडौं वर्षको यात्रा गरेर आएको यो धर्तीमा सनातन धर्मका यी तात्त्विक विशेषताहरु यतिखेर लुप्तप्रायः छन्। यस्ता तत्त्वलाई स्मृतिमा ल्याउने सबै प्रतीकहरु उपेक्षित छन्। तर जति जति समय बित्दै जान्छ, प्रकृति कुपित भएर बबण्डर मच्चाउन थाल्छ, मानवीय विकृतिले उग्ररुप धारण गरेर संहारको बाटो रोज्छ तब तब सनातन धर्म, संस्कृति र हिन्दु धर्मका तात्त्विक यिनै विशेषताहरुको महत्त्व र महिमा आफैं प्रकट हुन्छ। यही नै यसको विशेषता हो।

यो सनातन हिन्दु धर्म मानिस मात्रको कल्याण अथवा भलो हुने कर्ममा मात्र सीमित हुँदैन, प्राणीमात्रको, चराचर जगतको, विश्वब्रह्माण्डको सबै परिधिमा यसैका तात्त्विक विशेषताहरू छन्। यो धर्मको अर्को तात्त्विक विशेषता हरेक स-साना कुरामा पनि ईश्वरकै प्रतिविम्ब र अंश देख्ने आध्यात्मिक चेतना जागृत गर्नु हो। यसका सबै पक्षहरुको पालना गर्नैपर्छ भन्ने कुनै अकाट्य नियम छैन। जीवनलाई आध्यात्मिकरण गर्ने जुनसुकै मार्गको अवलम्बन गरोस् यहाँ छुट छ। सच्चा हिन्दुको विचारमा मानिसको जीवनमुक्ति र विदेहमुक्तिको चर्चा छ। शरीर प्रारब्ध कर्मकै फल हो। जब तक प्रारब्धकर्म

रहन्छ, प्रारब्ध कर्म शेष हुँदैन, तबसम्म अनेक बन्धन, दुःख, कष्ट र सुखभोगका अवसरहरु उत्पन्न हुन्छन् । प्रारब्धको निर्माण हुन नदिने चेष्टा गर्नु नै यो धर्मावलम्बीको अर्को विशेषता हो । मोक्ष प्राप्त गर्न प्रारब्धले रोक्ने हुँदा व्यक्तिले आफ्ना कर्म अनासक्त भएर लोकोपकारी भावनाले कुनै फलको आशा नराखी गरोस् भन्ने यसको मूल आदेश छ । मोक्ष प्राप्त हुनासाथ संचित र संचयीमान कर्महरुको शक्ति समाप्त हुन्छ । त्यसपछि न त संसारिक कुनै कष्टले सताउँछ । न त मृत्युको भय नै रहन्छ । **'अभयम्, अजरम, अमृत्युपदम्'** । मोक्षलाई **'अप्राप्तस्यप्राप्ति'** भनौं वा **'प्राप्तस्यप्राप्ति'** । यहाँ सवै कुरा ईश्वरमय वा आत्ममय भइहाल्छन् । यही नै आत्मपूर्ण अवस्था हो । यही एकात्म जीवनको अनुभूति हिन्दु सनातन धर्मको लक्ष्य र सन्देश हो । यही सन्देश दिँदै हिन्दु सनातन वर्णाश्रम धर्म युगौंदेखि युग-युगसम्म जीवन्त रहँदै आएको छ । **'हिरण्यमयेनपात्रेण सत्यस्यापिहितं मुखमं'** सत्यको मुख सुनको भाँडोले छोपिएको छ । त्यसलाई नहटाइकन सत्यसंग साक्षात्कार गर्न सकिँदैन । सनातनी हिन्दु धर्मावलम्बीहरुको यो तात्त्विक विशेषता हो । त्यसैले हिन्दु वर्णव्यवस्था सत्यको अन्वेषण गर्दा सत्यको मुखै छोपेर बस्ने सुवर्णमय पात्र हटाउन 'सूर्य भगवान्संग' प्रार्थना गर्दछ ।

वर्णाश्रम धर्मका हिन्दु सामाजिक परिपाटी र योजना तथा यसको कलेवरमा अहिले पूर्ववत् व्यवस्था भएका सबै पक्ष यथावत् छैनन् । जुन जुन आदर्शहरु प्राप्ति गर्नका लागि योजनाको नियमन र प्रयोग भएको थियो, ती ती आदर्शहरुतिर अहिलेको सामाजिक ढाँचा आकर्षित हुन छाडेको छ । समाजको अंग-प्रत्यंग हिन्दुधर्मलाई कट्टरता, अन्धविश्वास र अव्यावहारिक ठहऱ्याउने प्रवल चेष्टा गर्दै अर्को झन् जटिल, कुटिल जंजालतिर फस्दैछ । स्वतन्त्र हिन्दु धर्म र जीवनशैली त्यागेर कुनै न कुनै धर्म र जीवनशैली कट्टर सीमित परिधिभित्र संगठित भएर यो सनातन धर्मप्रति प्रहार गर्ने मनस्थितिमा भौतिकवादी भोगमय संस्कृतिले प्रेरित गर्दैछ । हिन्दु सनातन धर्मप्रति ईर्ष्याभावको बढोत्तरी हुनाका कारण अज्ञात छन् । वेद र ईश्वरमा अटुट आस्था राख्ने सनातनी हिन्दुहरूकै सन्तानमा शंकाको बादल मडारिन थालेको छ । यस्तो हुनुमा यसका तात्त्विक विशेषता र यसको महत्वलाई भौतिक विज्ञानको कसीमा दाँज्ने प्रयास पनि हो । तैपनि मनोविश्लेषणात्मक रुपमा

यो धर्म र संस्कृतिको पक्षमा परेको आघात त्यति प्रभावकारी हुन सकेको छैन । वस्तु किनबेच गरेजस्तो कमजोरीको फाइदा उठाएर हिन्दुहरुको तन बिक्री भएर किन्नेहरूले किने पनि आत्मा किन्नसक्ने कुनै भौतिक वस्तु भौतिकवादीहरूले आविष्कार गर्न सकेका छैनन् । अहिले हिन्दु सनातन धर्मका प्रतीकहरु जीर्ण भएका छन् । प्रतीकहरूका इतिहास पनि मेटिँदैछन् । वर्णाश्रम नै लथालिङ्ग भएको छ । यसरी यो जीवनशैली मात्र छिन्नभिन्न भयो । तर आत्मपूर्णताको धर्म र सनातन धर्मको रुपमा हिन्दुधर्म अझै जिउँदैछ । त्यसैले आत्मपूर्णताको शान्ति, सद्भाव र सत्य सन्देश यो धर्मले अतीतमा पनि दियो, भविष्यमा पनि दिने छ ।

✧ ✧ ✧





ACC NO
15034

294·509
प 952 हि

वैदिक सनातन धर्मावलम्वी आफन्तहरू, पूर्वीय जगतका दार्शनिक गुरुहरू, ऋषि, महर्षि, व्रह्मर्षि र देवर्षिहरूवाट प्रभावित साथी भाइ र मित्रहरू, अध्यात्मवादको समर्थक वैदिककालीन राजतन्त्र र राजाप्रति पूर्णतया समर्पित विविध गुण भएका र कर्ममा लागेका व्यक्तित्वले यो ग्रन्थलाई यो रुपमा प्रस्तुत गर्न प्रेरित गुर्नभयो । यस्तो प्रेरणा र सल्लाह दिनेमा श्री ५ महाराजाधिराज सरकारका निजी सचिव मोहनवहादुर पाण्डेप्रति विशेष कृतज्ञ छु ।

वितेको एक दशकमा धर्म संस्कृतिसंग सम्वन्धी ३०० जति लेख यो पंक्तिकारको कलमवाट लेखियो । गोरक्षमठाधीश महान योगी नरहरिनाथ तथा हरिहर आश्रमका संस्थापक अर्का पीठाधीश स्वामी परमानन्द सरस्वतीका प्रेरणाले शंकाराचार्यद्वारा वैदिक सनातन हिन्दु धर्मलाई उत्थान गर्नमा खेलिएको भूमिकाबारे र विवेकान्नदले अमेरिकाको सिकागोमा भएको धर्म सभामा खेल्नुभएको भूमिकावारे पनि कलम चलाउन उहाँहरूले प्रेरित गर्नुभएको हो । सोही अनुरुप पनि केही लेख लेखिएका थिए । यस्ता लेखहरूमा राष्ट्र निर्माता श्री ५ वडमाहाराजाधिराज पृथ्वीनारायण शाहको वैदिक सनातन हिन्दु राजतन्त्रको विषेशता सम्वन्धी लेखको अर्को ग्रन्थ एक हो । अर्को पाटोमा लेखिएका लेखहरूमध्ये वैदिक सनातन हिन्दु धर्म र पर्यावरण, पूर्वीय दर्शनमा जल र वातावरण प्रमुख छन् । विगत एक दशकका युगसम्वाद साप्ताहिकमा यस्ता लेख अत्याधिक छापिएका छन् । यो पुस्तकलाई यस्तो आकार दिन र लेखहरू छनौट गर्ने, सम्पादनमा सल्लाह दिने वरिष्ठ पत्रकार, प्राध्यापक सोमनाथ घिमिरेको सहयोगप्रति कृतज्ञ छु । खवरकागज साप्ताहिकमा पनि यस्ता धेरै लेख छापिएका छन् । गोरखापत्रमा पनि यदाकदा छापिएको छ । नेपाल समाचारपत्र, स्पेसटाइममा पनि केही यस्तै लेख छापिएका छन् । समय समयमा लेख दिन आग्रह गर्ने र यथासमय छपाइदिने तत्तत् समाचारपत्र-पत्रिकाका सम्पादकहरूप्रति पनि कृतज्ञ छु ।

सनातन धर्मावलम्वी ॐकार परिवारको एउटा सदस्य सेवकको हैसियतले आफ्नो कर्तव्य र उत्तरदायित्व पालना गर्ने यस्तो प्रयासमा केहि त्रुटी भएको हुनसक्छ । यो अज्ञानतावश भएको त्रुटी वा भूल र प्रमादवश अन्य कुनै त्रुटी भएको भए त्यसमा क्षमायाचना गर्दछु । प्रस्तुत ग्रन्थका अन्य सबै प्रसंग वैदिककालीन ऋषि, महर्षि, देवर्षि र व्रह्मर्षिका चिन्तन मनन, साधनाका निष्कर्ष हुन् र विभिन्न धर्मग्रन्थ तथा उपनिषद् र विद्वानजनले लेखेका लेखहरूवाट उद्धृत टिपोटहरू हुन् । जगतगुरु शंकाराचार्य र स्वामी विवेकानन्दले आफ्नो संमयमा खेलेको धर्म सम्बन्धी भूमिकावारेको आलेखहरूको संग्रह अलग छ । त्यस्ता लेखहरूमध्ये वैदिक सनातन धर्म र पर्यावरण, पूर्वीय दर्शनमा जल र वातावरण प्रमुख छन् ।

यस ग्रन्थमा कुनै नयाँ मौलिक कुरा वा लेखकको वैयक्तिक अवधारणा छैन । समुद्रको पानी अञ्जुलिमा उभाउँदा जति आउँछ, त्यतिनै वैदिक सनातन धर्म संस्कृतिको अथाह वारिधिको गहिराइबाट अञ्जुलिमा उभाइएको यो सानो प्रयास हो । भगवतकृपा भएमा अन्य ग्रन्थ पनि यसरी नै प्रस्तुत हुनेछन् ।